# पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन

राधिका ढकाल
परीक्षा क्रमाङ्क २८०६७०/०७३
त्रि.वि. दर्ता नं. ६-१-३१०-४०-२००४

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग
अन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपाली शिक्षा
पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

२०७३/२०१७

शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर, काठमाडौं

# प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदन भित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शाोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७३/१२/१० ......................

March 23, 2017

राधिका ढकाल

शोधार्थी

# निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विषयको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत 'पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र शोधार्थी राधिका ढकालले मेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रको अध्ययन र प्रस्तुतीकरणबाट म पूर्णतः सन्तुष्ट छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

......................

श्री गणेशबहादुर बोहरा

(शोध निर्देशक)

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि. कीर्तिपुर

मिति : २०७३/१२/११

March 24, 2017

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**नेपाली भाषा शिक्षा विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ राधिका ढकालले 'पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन' शीर्षकमा तयार पार्नु भएको प्रस्तुत शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| क्र.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ...................... |
| २. | प्रा.डा. रामचन्द्र लम्साल (शोध विशेषज्ञ) | ...................... |
| ३. | श्री गणेशबहादुर बोहरा (शोध निर्देशक) | ...................... |

मिति : २०७३/१२/२२

April 03, 2017

# कृतज्ञताज्ञापन

"पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन" शीर्षकमा यो शोधकार्य मैले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनको लागि श्रद्धेय गुरु गणेशबहादुर बोहराज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । उहाँले शीर्षक चयनदेखि प्रस्तुत शोधकार्य सम्पन्न गरी शोधपत्र तयार पारुन्जेल मलाई अमूल्य समय समुचित सुझाव सल्लाह र मार्गनिर्देशन दिनुभई उपयुक्त निर्देशक दिँदै लेखन कार्यलाई सफल बनाउन प्रेरणा दिनु भएकोमा उहाँ प्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध लेखनका क्रममा सल्लाह, सुझाव दिनुहुने विभागीय प्रमुख श्रद्धेय गुरु प्रा.डा. रामप्रसाद भट्टराईप्रति विशेष आभारी छु ।

प्रस्तुत शोधकार्य मेरो सफलताको उच्च सिँढी हो । मलाई यस शोधपत्र लेखनको यस अवस्थासम्म अध्ययनको निम्ति आधार बसाइदिने र सदा सर्वदा प्रेरित गर्नुहुने पिता रामभक्त ढकाल र माता भगवती ढकालप्रति आजीवन ऋणी छु । अध्ययनलाई सार्थक बनाउन सदैव भूमिका खेल्नु हुने श्रीमान् टंकप्रसाद गैह्रे तथा परिवारजनलाई आभारसहित स्मरण गर्न चाहन्छु । साथै मेरो जीवनलाई शिक्षित एवम् सार्थक बनाउन स्नेह, सहानुभूति एवम् विभिन्न किसिमबाट सहयोग गर्नुहुने विद्यालय र क्याम्पस तहका गुरुहरू, अभिभावक तथा शुभचिन्तकहरूप्रति आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा मेरो अध्ययनप्रति शुभेच्छुक सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार प्रकट गर्दै प्रस्तुत शोधपत्रको उच्च मूल्याङ्कनका लागि त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग समक्ष पेश गरेकी छु ।

शोधार्थी
राधिका ढकाल
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

# शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभाग अन्तर्गत ने.पा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । 'पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन' मा आधारित रहेको छ । प्रस्तुत अध्ययनका उद्देश्यका रूपमा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु, विद्यालयको प्रकृति र लैङ्गिकताको आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु, विद्यार्थीहरूको सस्वरपठन क्षमतामा देखिएका समस्या पत्ता लगाई सुझावहरू प्रस्तुत गरिएको छ ।

जुनसुकै कार्य गर्दा पनि पूर्व योजना गर्नु आवश्यक हुन्छ । योजनावद्ध गरिएको कार्य व्यवस्थित हुन जान्छ । त्यसैले यस अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म विभिन्न प्रक्रिया पार गर्दै यो शोधपत्र तयार पारिएको छ । प्रस्तुत अध्ययन मूलतः सर्वेक्षण पद्धतिमा आधारित रहेको छ । कुनै पनि विषयमा अध्ययन विश्लेषण गर्दा त्यसका लागि जनसंख्याको आवश्यकता पर्दछ । प्रस्तुत अध्ययनमा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययनका लागि पाल्पा जिल्लाका रामपुर नगरपालिका अन्तर्गतका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई जनसंख्याको रूपमा लिइएको छ । तथ्याङ्क सङ्कलनका क्रममा १० वटा विद्यालय छनोट गरी यिनै विद्यालयमा अध्ययनरत ५ जना छात्रा, ५ जना छात्रका दरले १०० जना विद्यार्थीलाई नमुना छनोटको रूपमा लिइएको छ । यो अध्ययन गर्ने क्रममा सस्वरपठनका ६ वटा आधारलाई लिई दृष्टांश र अदृष्टांश सामग्रीको प्रयोग गरी सस्वरपठन गर्न लगाइएको छ । भाषिक मूल्याङ्कनका लागि तिनवटा आधार लिइएको छ । जसमा ४०-५० अङ्कसम्म ल्याउने उत्तम, ३०-४० ल्याउने मध्यम र ३० भन्दा मुनि ल्याउनेलाई निम्न स्तर गरी विभाजन गरिएको छ । विद्यार्थीहरूको सस्वरपठनलाई रेकर्ड गरी तालिकीकरण गरिएको छ । क्षेत्रीय अध्ययन विधिको अवलम्बनबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

गति-यति सम्बन्धी गरिएको विश्लेषणका लागि १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालय तर्फ उत्तममा ३६ प्रतिशत, मध्यमा ४८ प्रतिशत, निम्नमा १६ प्रतिशत र संस्थागत विद्यालयतर्फ उत्तममा ४२ प्रतिशत, मध्यममा ४० प्रतिशत र निम्नमा १८ प्रतिशत रहेका छन् । लिङ्गका आधारमा गरिएको अध्ययनमा

मध्यममा छात्र ५४ प्रतिशत र छात्रा ३४ प्रतिशत रहेका छन् । यस अवस्थामा बढी रहेको छ । प्रकृतिको आधारमा पनि मध्यम अवस्थामा सामुदायिक विद्यालय तर्फ ग्रामीण क्षेत्रमा ५० प्रतिशत सहरी क्षेत्रमा ४६.६६ प्रतिशत र संस्थागत तर्फ ग्रामीणामा ४५ प्रतिशत र सहरीमा ३६.६६ प्रतिशत रहेको छ । सस्वरपठनका क्रममा पढ्दा विद्यार्थीहरूको हाउभाउसम्बन्धी अवस्था सामान्य अवस्थामा नै रहेको छ । सामुदायिक विद्यालय तर्फ उत्तममा ३८ प्रतिशत, मध्यममा ४६ प्रतिशत र निम्नमा १७ प्रतिशत र संस्थागत तर्फ उत्तममा ४४ प्रतिशत, मध्यममा ३८ प्रतिशत र निम्नमा १८ प्रतिशत रहेका छन् । चिह्न प्रयोगको ख्याल गरी पढ्ने विद्यार्थीहरूलाई पनि तिन स्तरमा विभाजन गरिएको छ । सामुदायिक विद्यालय तर्फ उत्तम अवस्थामा ३० प्रतिशत, मध्यममा ४८ प्रतिशत र निम्नमा २२ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालय तर्फ उत्तममा ३६ प्रतिशत, मध्यममा ४२ प्रतिशत र निम्नमा २२ प्रतिशत रहेका छन् ।

सस्वरपठनमा स्वर प्रसारण सम्बन्धीको अवस्थालाई अध्ययन गर्दा सामुदायिक विद्यालयमा उत्तम अवस्थामा ३२ प्रतिशत, मध्यममा ५२ प्रतिशत र निम्नमा १६ प्रतिशत रहेका छन् भने संस्थागत तर्फ उत्तम अवस्थामा ४० प्रतिशत, मध्यममा ३८ प्रतिशत र निम्नमा २२ प्रतिशत रहेका छन् । सस्वरपठनका क्रममा स्पष्ट उच्चारण सम्बन्धी अवस्थाको अध्ययन गर्दा सामुदायिक विद्यालयतर्फ उत्तम अवस्थामा ३४ प्रतिशत, मध्यम ४८ प्रतिशत। निम्नमा १८ प्रतिशत र संस्थागत तर्फ उत्तममा ४२ प्रतिशत, मध्यममा ४२ प्रतिशत र निम्नमा १६ प्रतिशत रहेको पाइयो । अध्ययनको क्रममा सस्वरपठन सम्बन्धी देखिएका समस्याहरू तथा सुझावहरूलाई समेट्दै अध्ययनको तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्दै प्रकृति र लैङ्गिकताका आधारमा गरिएका सस्वरपठन क्षमताको अध्ययनको व्याख्या विश्लेषण गरियो ।

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| **सिफारिस-पत्र** | | |
| **स्वीकृति-पत्र** | | |
| **कृतज्ञता ज्ञापन** | | |
| **विषय सूची** | | |
| **तालिका सूची** | | |
| **चित्र सूची** | | |
| **अध्याय एक : परिचय** | | **१-५** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याकथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | अध्ययनको सान्दर्भिकता र उपादेयता | ३ |
| १.५ | अध्ययनको सीमाङ्कन | ४ |
| १.६ | अध्ययनको रूपरेखा | ५ |
| **अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय** | | **६-२२** |
| २.१ | पूर्वकार्यको समीक्षा | ६ |
| | २.२.१ पुस्तकको समीक्षा | ६ |
| | २.२.२ शोध समीक्षा | ८ |
| २.२ | पूर्वकार्यको समीक्षाको महत्त्व | ११ |
| २.३ | सैद्धान्तिक परिचय | १३ |
| | २.३.१ सस्वरपठनको परिचय | १३ |
| | २.३.२ सस्वरपठनको महत्त्व | १४ |
| | २.३.३ सस्वरपठन क्षमता अध्ययनका प्रमुख आधारहरू | १५ |
| | २.३.४ सस्वरपठनमा प्रभाव पार्ने प्रमुख तत्त्वहरू | १८ |
| | २.३.५ सस्वरपठनका क्रियाकलाप | २० |
| | २.३.६ सस्वरपठनको आवश्यकता | २१ |
| | २.३.७ सस्वरपठनको प्रयोजन | २२ |

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया** **२३-२५**
३.१ अध्ययन विधि २३
३.२ अध्ययन २३
३.२.१ जनसङ्ख्याको पहिचान २३
३.२.२ नमुना छनोट २३
३.३ सामग्री सङ्कलन २४
३.३.१ प्राथमिक स्रोत २४
३.३.२ द्वितीयक स्रोत २४
३.४ तथ्याङ्क विश्लेषण प्रक्रिया २५

**अध्याय चार : समग्र विद्यार्थीको सस्वरपठन क्षमताको विश्लेषण** **२६-३८**
४.१ सस्वरपठन क्षमता गति-यतिसम्बन्धी विश्लेषण २७
४.१.१ गति-यतिसम्बन्धी उत्तम, मध्यम र निम्न अवस्था २८
४.२ सस्वरपठन क्षमतामा चिह्न प्रयोगसम्बन्धी विश्लेषण २९
४.२.१ चिह्न प्रयोगमा उत्तम, मध्यम र निम्न अवस्था ३०
४.३ सस्वरपठन क्षमतामा हाउभाउसम्बन्धी विश्लेषण ३१
४.३.१ हाउभाउ सम्बन्धी उत्तम, मध्यम र निम्न अवस्था ३२
४.४ सस्वरपठन क्षमतामा सुरस्वर प्रसारणसम्बन्धी विश्लेषण ३३
४.४.१ सुरस्वर प्रसारणसम्बन्धी उत्तम, मध्यम र निम्न अवस्था ३४
४.५ सस्वरपठन क्षमतामा भावसम्बन्धी विश्लेषण ३५
४.५.१ भावसम्बन्धी उत्तम, मध्यम र निम्न अवस्था ३६
४.६ सस्वरपठन क्षमतामा स्पष्ट उच्चारणसम्बन्धी विश्लेषण ३७
४.६.१ स्पष्ट उच्चारणसम्बन्धी उत्तम, मध्यम र निम्न अवस्था ३८

**अध्याय पाँच : विद्यालयको प्रकृति र लैङ्गिकताको आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको स्थिति** **३९-५८**
५.१ प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूका सस्वरपठन क्षमता ३९
५.१.१ गति, यतिको अवस्था ४०

५.१.२ प्रकृतिको आधारमा चिह्न प्रयोगको अवस्था ४१
५.१.३ प्रकृतिका आधारमा हाउभाउसम्बन्धी अध्ययन ४२
५.१.४ प्रकृतिका आधारमा सुरस्वर प्रसारणको अवस्थासम्बन्धी अध्ययन ४४
५.१.५ प्रकृतिका आधारमा भावाभिव्यक्तिको अवस्थासम्बन्धी अध्ययन ४६
५.१.६ प्रकृतिका आधारमा स्पष्ट उच्चारणसम्बन्धी अध्ययन ४७
५.२ लैङ्गिकताका आधारमा सस्वरपठन क्षमताको अध्ययन ४८
५.२.१ गति, यतिको अवस्था ४९
५.२.२ हाउभाउको अवस्था ५०
५.२.३ चिह्न प्रयोगको अवस्था ५२
५.२.४ सुरस्वर प्रसारणको अवस्थासम्बन्धी अध्ययन ५४
५.२.५ भाव भिव्यक्तिको अवस्था ५५
५.२.६ स्पष्ट उच्चारणको अवस्था ५७
**अध्याय छ : सस्वरपठनसम्बन्धी समस्या तथा सुझावहरू ५९-६५**
६.१ सस्वरपठन क्षमताको अध्ययनमा देखिएका समस्याहरू ५९
६.१.१ गति-यतिसम्बन्धी समस्या ५९
६.१.२ चिह्नसम्बन्धी समस्या ६०
६.१.३ हाउभाउसम्बन्धी समस्या ६०
६.१.४ स्वर प्रसारणसम्बन्धी समस्या ६१
६.१.५ विधाअनुसारको भावभिव्यक्तिको समस्या ६१
६.१.६ स्पष्ट उच्चारणसम्बन्धी समस्या ६१
६.२ सुझावहरू ६३
**अध्याय सात : सारांश र निष्कर्ष ६६-७२**
७.१ सारांश ६६
७.२ निष्कर्ष ६७
७.३ उपयोगिता ७०
७.३.१ नीतिगत तह ७०
७.३.२ प्रयोगगत तह ७१
**सन्दर्भ सामग्रीहरू**
**परिशिष्टहरू**

# तालिका सूची


| | | पृष्ठ |
|---|---|---|
| तालिका नं. १ | गति-यतिसम्बन्धी विश्लेषण | २७ |
| तालिका नं. २ | चिह्न प्रयोगसम्बन्धी अध्ययन | २९ |
| तालिका नं. ३ | हाउभाउसम्बन्धी अध्ययन | ३१ |
| तालिका नं. ४ | सुरस्वर प्रसारणसम्बन्धी अध्ययन | ३३ |
| तालिका नं. ५ | भावसम्बन्धी अध्ययन | ३५ |
| तालिका नं. ६ | सस्वरपठन क्षमतामा स्पष्ट उच्चारणसम्बन्धी विश्लेषण | ३७ |
| तालिका नं. ७ | प्रकृतिको गति यतिको अवस्था | ४० |
| तालिका नं. ८ | प्रकृतिको आधारमा चिह्न प्रयोगको अध्ययन | ४१ |
| तालिका नं. ९ | हाउभाउसम्बन्धी स्थिति | ४३ |
| तालिका नं. १० | स्वर प्रसारणसम्बन्धी स्थिति | ४४ |
| तालिका नं. ११ | भावाभिव्यक्तिसम्बन्धी स्थिति | ४६ |
| तालिका नं. १२ | उच्चारणसम्बन्धी स्थिति | ४८ |
| तालिका नं. १३ | छात्रा र छात्रको गति, यति अवस्थाको अध्ययन | ४९ |
| तालिका नं. १४ | हाउभाउको अध्ययन | ५१ |
| तालिका नं. १५ | चिह्न प्रयोगको अवस्था | ५२ |
| तालिका नं. १६ | सुरस्वर प्रसारणको स्थिति | ५४ |
| तालिका नं. १७ | भावाभिव्यक्तिको स्थिति | ५६ |
| तालिका नं. १८ | स्पष्ट उच्चारणको अवस्था | ५७ |

# चित्र सूची


| | | पृष्ठ |
|---|---|---|
| चित्र नं. १ | गति-यतिको स्थिति | २७ |
| चित्र नं. २ | गति-यतिको स्थिति | ३० |
| चित्र नं. ३ | हाउभाउसम्बन्धी अध्ययन | ३२ |
| चित्र नं. ४ | सुरस्वर प्रसारणसम्बन्धी अध्ययन | ३४ |
| चित्र नं. ५ | भावको स्थितिसम्बन्धी अध्ययन | ३६ |
| चित्र नं. ६ | सस्वरपठन क्षमतामा स्पष्ट उच्चारणसम्बन्धी विश्लेषण | ३७ |
| चित्र नं. ७ | प्रकृतिको गति यतिको अवस्था | ४० |
| चित्र नं. ८ | प्रकृतिको आधारमा चिह्न प्रयोगको अध्ययन | ४२ |
| चित्र नं. ९ | हाउभाउसम्बन्धी स्थिति | ४३ |
| चित्र नं. १० | स्वर प्रसारणसम्बन्धी स्थिति | ४५ |
| चित्र नं. ११ | भावाभिव्यक्तिसम्बन्धी स्थिति | ४६ |
| चित्र नं. १२ | उच्चारणसम्बन्धी स्थिति | ४८ |
| चित्र नं. १३ | छात्रा र छात्रको गति, यति अवस्थाको अध्ययन | ४९ |
| चित्र नं. १४ | हाउभाउको स्थिति | ५१ |
| चित्र नं. १५ | चिह्न प्रयोगको स्थिति | ५३ |
| चित्र नं. १६ | सुरस्वर प्रसारणको स्थिति | ५४ |
| चित्र नं. १७ | भावाभिव्यक्तिको स्थिति | ५६ |
| चित्र नं. १८ | स्पष्ट उच्चारणको अवस्था | ५८ |

अध्याय एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

भाषा मानिसको परस्पर विचार विनिमयलाई आदान प्रदान गर्ने सर्वोत्तम साधन हो । भाषालाई मानिसका भाव र विचार प्रकट गर्ने सशक्त र भरपर्दो माध्यम मानिन्छ । भाषाका माध्यमबाट हरेक मान्छेहरूले एक अर्काका भाव वा विचारहरूलाई सरल र सहज किसिमले बुझ्दछन् । भाषा यादृच्छिक वाक्-प्रतीकहरूको त्यो व्यवस्था हो जसका सहायताले समाजका व्यक्तिले भाषा सञ्चार गर्दछन् । मानवीय उच्चारण आवश्यकद्वारा उच्चारित सार्थक एकाइ नै भाषा हो (गैरे, २०६९, पृ. १७) ।

भाषामा सुनाइ, बोलाइ, पढाइ, लेखाइ गरी चार प्रकारका सिपहरू रहेका हुन्छन् । भाषाको माध्यमबाट भाषिक सिपहरू सिक्ने र सिकाउने कार्य नै भाषा शिक्षण हो । भाषिक सिपको विकासमा साहित्यका विभिन्न विधाहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ मध्ये सस्वरपठनलाई पढाइ सिप अन्तर्गत लिइन्छ । लिपिबद्ध भाषामा प्रस्तुत भएका ज्ञान एवम् विचारलाई ग्रहण गर्ने वा बुझ्ने काम 'पढाइ' भनिन्छ । पढाइमा आँखा र मस्तिष्कको संलग्नता रहन्छ । पढाइ आदानात्मक भाषिक सिप हो । भाषिक सिप अन्तर्गत पढाइ सिप अन्तर्गत सस्वरपठन र मौन पठन रहेको हुन्छ । सस्वरपठन पनि एक महत्त्वपूर्ण पक्ष हो । लिखित सामग्रीलाई अर्कालै सुन्ने गरी कथ्य भाषाको ढङ्ग र ढाँचा अनुसार आवाज निकालेर गति, यति, लय, सुर आघात हाउभाउ समेत शृङ्खला मिलाएर पढ्नु पनि सस्वरपठन हो (पौडेल, २०७०, पृ. ६१) ।

सस्वरपठनले विद्यार्थीमा शुद्ध उच्चारण गर्ने क्षमता विकास गर्न गति, यति र लय मिलाएर पठन गर्ने क्षमता विकास गर्न, भावानुसार पाठ गर्ने क्षमताको विकास गर्न पठन सम्बन्धी दोषहरू निराकरण गर्न, स्थानीय भाषा तथा भाषिकाको प्रभाव हटाउन र बोध क्षमता विकास गर्न सहयोग पुग्दछ । सस्वरपठन मौन पठनको पूर्वाधार हो । अक्षर उल्टोपाल्टो गरी पढेर अर्कै अर्थ वा अभिप्राय व्यक्त हुने जस्ता त्रुटिहरूलाई सस्वरपठनका सहयोगले निदान गर्न सकिन्छ । उल्लेखित कुराहरूलाई मध्यनजर गर्दै लैङ्गिकता,

विद्यालयको प्रकृति र आधारलाई ध्यान दिएर पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गरिएको छ ।

मानवीय विचारको माध्यम भाषाका चार सिपमध्ये पढाइ सिपलाई एक महत्त्वपूर्ण सिपको रूपमा लिइन्छ । पठनकलाको विकासले व्यक्तिलाई आर्दश वाचक एवम् कुशल वक्ता बन्न सघाउँछ । व्यक्तिको उच्चारण क्षमता बढाउनका साथै आत्म विश्वास जगाउँछ । पढाइले दृश्यात्मक तथा लिखित सामग्रीमा भएका ज्ञान एवम् सुचनालाई बोध मात्र नभई त्यसप्रति विभिन्न प्रतिक्रियात्मक मूल्याङ्कन गर्न समेत महत्त्वपूर्ण भूमिका खेल्छ । लिपिबद्ध गरिएका विचारलाई शुद्ध, स्पष्ट र उच्चतम प्रभावकारिता प्रदान गर्दै आखार गर्नु नै सस्वरपठन हो । लिपिबद्ध चिह्नहरूलाई आवाज निकालेर स्रोताले सुन्ने गरी अर्थपूर्ण बनाउनु नै सस्वरपठन हो (ओझा, २०७३, पृ. ७८) । मौखिक वा कथ्य भाषाको वक्ता आफ्नो कुरा भन्न र बुझाउन ध्वनिको प्रयोग गर्दछ भने स्रोता ती ध्वनिका माध्यमबाट वक्ताले भनेका कुरा बुझ्ने गर्दछन् । यसरी कुनै पनि लिखित सामग्रीलाई ध्वनिका सहायताले आवाजमा परिवर्तन गरी बुझ्न र बुझाउन सक्ने गरी अर्थपूर्ण रूपमा पढ्नु नै सस्वरपठन हो ।

## १.२ समस्याकथन

मानव सामाजिक प्राणी भएकाले समाज सञ्चालन गर्न तथा अरूले भनेका कुराहरू बुझ्न, ग्रहण गर्न अनि आफ्ना कुराहरू अरूलाई बुझाउन एक आपसमा विचार विनिमय गर्दछ । भाषा मानव समुदायका अनुभव र अनुभूतिहरूको सम्प्रेषण गर्ने सशक्त, सरल र अनिवार्य माध्यम हो । भाषा शिक्षण गर्नु भाषाको शिक्षण नभई भाषिक सिपको शिक्षण हो । भाषाका सिपहरू मध्ये पढाइ एक महत्त्वपूर्ण सिप हो । लिखित सामग्रीलाई आवाज निकालेर पढ्नु नै सस्वरपठन हो । सस्वरपठनमा आवाजका साथै गति, यति, लय, सुर, आघात, हाउभाउको समेत शृङ्खला मिलेको हुनु पर्दछ । सस्वरपठनले लिखित सामग्रीलाई मौखिक रूपमा बदल्नका साथै लिपि चिह्नहरूको उच्चारणमा हुने गल्तीहरूको परिष्कार एवम् परिमार्जन गरी अन्य सिपहरूको विकास गर्नमा समेत मद्दत मिल्दछ । विद्यालयमा प्रारम्भिक तहदेखि उच्च तहसम्म नै सस्वरपठनको महत्त्व रहेको पाइन्छ ।

नेपाली पहिलो भाषाका रूपमा सिक्ने विद्यार्थीहरूमा पनि मानक नेपाली सिक्दा प्रशस्त समस्या परेका हुन्छन् । हाम्रो देश नेपालमा बहुभाषिक र बहुजातीय समाजमा त आ-आफ्नो भाषा परिवार भित्र आफ्नै किसिमका समस्या र आफ्नै किसिमका व्यक्तिगत

विभिन्नता रहन्छन् । नेपालमा एकातिर नेपाली राष्ट्रभाषाको रूपमा अनिवार्य हुनु पर्ने र अर्कोतिर भाषा शिक्षणका क्रममा दोस्रो भाषा नेपाली भएका विभिन्न भाषिक समुदायको बोलचालको भाषाको प्रभाव लेख्य सामग्रीको रूपमा सस्वरपठनमा त्रुटि देखिएकाले सस्वरपठन सम्बन्धी त्रुटिलाई पहिल्याउन आवश्यक छ । कक्षा सातमा अध्ययनरत पाल्पा जिल्लाका विद्यार्थीहरूमा केन्द्रित रहेर अध्ययन गर्ने उद्देश्यले पाल्पा जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको प्रस्तुत अध्ययनसँग सम्बन्धित समस्याहरू निम्न बमोजिम रहेका छन् ।

क) पाल्पा जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन सम्बन्धी स्थिति के कस्तो छ ?

ख) विद्यालयको प्रकृति र लैङ्गिकताको आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता के कस्तो छ ?

ग) पाल्पा जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन सम्बन्धी समस्याहरू कस्ता छन् ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका सम्बन्धमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको पहिचान एवम् सो को विश्लेषणसँग सम्बन्धित शोध उद्देश्य निम्न लिखित रहेका छन् ।

क) पाल्पा जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु,

ख) विद्यालयको प्रकृति र लैङ्गिकताको आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु,

ग) पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमतामा देखिएका समस्या पत्ता लगाई सुझावहरू प्रस्तुत गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

भाषा विचार विनिमयको माध्यम हो । भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइका विभिन्न क्रियाकलापहरूबाट विद्यार्थीहरूले भाषिक क्षमता हासिल गर्दछन् । भाषाका चारवटै सिपका आ-आफ्नै क्रियाकलाप र अभ्यास हुने हुँदा साहित्यका विविध

विधाहरूमार्फत् विद्यार्थीहरू विभिन्न भाषिक सिपहरू सिक्न अग्रसर रहेको पाइन्छ । जुन भाषामा विद्यार्थीहरू बढी मात्रामा केन्द्रित हुन्छन् त्यस भाषामा बढी नै सक्षम हुने गर्दछन् । पढाइ सिप अन्तर्गत पर्ने सस्वर सिप विकास पछि अरू सिप प्राप्त गर्ने हुँदा सस्वर पठन उपयुक्त  ढङ्गले विद्यार्थीमा विकास गर्नु अपरिहार्य देखिन्छ । शुद्ध र स्पष्ट उच्चारण गर्नु सस्वर पठनको आधारशीला हो । जसरी उच्चारण अवयवबाट उच्चारित सबै ध्वनिहरू आफैमा सार्थक र अर्थयुक्त हुँदैन । त्यसरी भाषामा प्रयोग हुने लेख्य चिह्नको मात्र कुनै अर्थ हुँदैन । लेख्य चिह्नको उपयुक्त ढङ्गले प्रयोग गरी त्यसबाट निस्कने अर्थ वा अभिप्रायःलाई पाठक समक्ष पुऱ्याउन र पढाइमा आरोह, अवरोह, गति, यति, लय, सुर, अभिनय, आदिको ख्याल गरी प्रभावपूर्ण तरिकाले हाउभाउ सहित प्रस्तुत हुन सस्वर पठनले सहयोग पुऱ्याउने देखिन्छ । सस्वर पठन क्षमता कमजोर भएमा बालबालिकाहरू भाषाका अन्य सिपहरूमा पनि कमजोर हुन जान्छन् ।

भाषाका चार वटा सिप विकासका लागि सस्वर पठनको विकास अपरिहार्य उच्चारण सम्बन्धी गल्ती र वर्ण विन्याससम्बन्धी गल्तीलाई निराकरण गर्ने धेरै मिल्ने हुनाले सस्वर पठन पढाइ सिपको मात्र अङ्ग नभई भाषा शिक्षणकै एउटा महत्त्वपूर्ण पक्ष हो । सस्वर पठनले विद्यार्थीहरूमा पढाइ सम्बन्धी त्रुटिहरूको पहिचान गरी तिनीहरूलाई क्रमशः सुधार गरी समाधानतर्फ अग्रसर गराउँदछ । विद्यार्थीको स्तर, उमेर र तह अनुरूप विभिन्न पाठहरूमा सस्वर वाचन गराउनाले मौखिक अभिव्यक्तिमा उच्चारण दोष निराकरण गर्न आत्मविश्वासको बृद्धि गर्न, मनोरञ्जन तथा आनन्द लिने गरी पढ्ने जस्ता क्षमताको विकास गराउन टेवा पुऱ्याउँदछ । सस्वरपठनलाई अर्थयुक्त बनाउनका लागि पढाइमा सुर, लय, गति, यति, भाव आदिले महत्त्वपूर्ण भूमिका खेल्छन् । यी कुराहरूको ख्याल गरी हाउभाउका साथै लिखित सामग्रीलाई प्रस्तुत गर्ने हुनाले यस सम्बन्धी अध्ययन महत्त्वपूर्ण भएको छ । सस्वरपठन गर्दा हाउभाउ, चिह्न प्रयोग, लय, शुद्धाशुद्धी आदि कार्यमा सुधार गर्ने मौका प्रदान गर्ने हुनाले पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन शीर्षक सान्दर्भिक नै देखिन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

जुनसुकै अध्ययनको पनि क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । त्यसैले अध्ययनको सम्पूर्ण पक्षलाई

समेट्न कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमा नतोकिए अध्ययनले सही मार्ग पहिल्याउन सक्दैन । यस कुरालाई हृदयङ्गम गरी प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

क) उक्त विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थी छनोट गरी अध्ययन गरिएको छ ।

ख) प्रस्तुत अध्ययन पाल्पा जिल्लाका रामपुर नगरपालिका क्षेत्रका कक्षा सातमा अध्ययनरत ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी १० वटा विद्यालयका विद्यार्थीहरूमा सीमित रहेको छ ।

ग) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको जाँच परीक्षणमा सीमित रहेको छ ।

घ) प्रकृति र लैङ्गिकताका आधारमा सस्वरपठन क्षमताको अध्ययनमा सीमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको अध्ययन र सैद्धान्तिक अवधारणा

अध्याय तिन : शोध विधि र प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको विश्लेषण

अध्याय पाँच : विद्यालयको प्रकृति र लैङ्गिकताको आधारमा सस्वरपठन क्षमताको विवरण

अध्याय छ : सस्वरपठन सम्बन्धी समस्या तथा  सुझावहरू

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तिवृत्त

## अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धानका विषयमा अध्ययन गर्नुभन्दा अगाडि त्यस विषयसँग सम्बन्धित अध्ययन अनुसन्धान के कति भएका छन् भन्ने कुराको सिँहावलोकन गर्नु नै पूर्वकार्यको समीक्षा हो । अनुसन्धान गर्नु भन्दा पहिले सम्बन्धित विषयमा लेखिएको ग्रन्थ अनुसन्धान पत्रपत्रिका तथा अन्य श्रव्यदृश्य सामग्री पढेर, सुनेर, अध्ययन मनन गरेर तिनको संक्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (भट्टराई, २०६८, पृ. १२६) । शोधार्थीले शोधकार्यको आरम्भ गर्दा वा त्यसका निमित्त शोध प्रस्ताव तयार गर्दा आफुले शोध गर्न चाहेको विषयमा त्यस पूर्व के कति अध्ययन, खोज, अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नु पर्ने हुन्छ जसलाई पूर्वकार्यको खोज भनिन्छ (ओझा र गिरी, २०५८, पृ. ५३-५४) ।

अनुसन्धानले गर्दा शोधकर्ताले शोधकार्य गर्नु अगाडि सम्बन्धित विषयमा त्यस अघि गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोध प्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षाले त्यस विषयमा भएका सबै कृति तथा अनुसन्धानहरूको जानकारी दिन्छ । पूर्वकार्यको समीक्षाले विशिष्टीकरण गर्न सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न नयाँ प्रविधिलाई अपनाउन सहयोग गर्दछ ।

सस्वरपठन अध्ययनलाई क्रमबद्ध, उपयोगी र व्यवस्थित बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले आवश्यक पुस्तकको समीक्षा र शोधपत्रको समीक्षा निम्नअनुसार गरिनेछ :

### २.२.१ पुस्तकको समीक्षा

अधिकारी र शर्मा (२०५०) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा भाषा शिक्षणको विभिन्न चर्चा गर्ने क्रममा सस्वरपठन शिक्षण नामक एक अध्यायमा सस्वरपठनको परिचय, आवश्यकता र महत्वका बारेमा चर्चा गरिएको छ, यसमा सस्वरपठनको स्तर सस्वरपठनका सन्दर्भमा आवश्यक पर्ने कुराहरूको गति, यति, आघात

स्वर प्रसारण सस्वरपठनको अभ्यासका बारेमा परिचय परिभाषा र आधारभूत कुराहरूको उल्लेख गरिएको छ । उक्त पुस्तक शिक्षणका सन्दर्भमा लेखिएको भए तापनि प्रस्तुत शोध अध्ययनका लागि यसले सैद्धान्तिक आधार प्रदान गरेको छ ।

अधिकारी र शर्मा (२०५४) द्वारा लिखित 'प्रारम्भिक नेपाली शिक्षण' विषयक पुस्तक प्रकाशन गरिएको छ । भाषा शिक्षणका विभिन्न पक्षहरूको सस्वरपठन शिक्षण' नामक एक अध्ययनमा सस्वरको परिचय आवश्यकता, महत्त्व, चर्चा गरेको पाइन्छ । यसमा सस्वरपठनको स्तर, सस्वरपठनको सन्दर्भमा आवश्यक पर्ने कुराहरू गति, यति, लय, आघात, स्वर प्रसारण, सस्वरपठनको अभ्यासका बारेमा परिचय, आदि आधारभूत कुराहरूको उल्लेख गरिएको छ । यो पुस्तकमा उल्लेखित उक्त तथ्यहरू नै यस अध्ययनका लागि आवश्यक सामग्री सङ्कलन तथा व्याख्या विश्लेषणका लागि महत्त्वपूर्ण आधार हुने देखिन्छ । यो पुस्तक शोध वा अन्यको लागि समेत प्रशस्त उपयोगी ठहर्छ । किनभने यसमा पठनअनुसार गति, यति, लय,  स्वर प्रसारण आदि कुन रूपमा हुनु पर्दछ, तथ्यहरूको सङ्कलन कुन कुरालाई हेर्न सकिन्छ भन्ने कुराको स्पष्ट जानकारी पाउन सकिन्छ । प्रस्तुत अध्ययन विद्यार्थीहरूका लागि जानकारीमूलक नै छ  त्यसैले शोध अध्ययनमा राखेर हेर्दा यो अत्यन्तै महत्त्वपूर्ण र उपयोगी हुने देखिन्छ ।

शर्मा र पौडेल (२०६८) द्वारा लिखित 'नेपाली भाषा र साहित्य शिक्षण' नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा विविध भाषिक सिप शिक्षण प्रविधि अन्तर्गत भाषा शिक्षण सिप तथा कलाका रूपमा पठन कला, लेखन, वक्तृत्व कला त्रुटिबोध आदि शीर्षक रहेका छन् । पठनकला भित्र पठनबोध, सस्वरपठन, मौन पठन, वाचन शिक्षणका साथै सम्पूर्ण पठन शिक्षणका क्रियाकलापहरू रहेका छन् । यसमा वाचन कलाका आवश्यक तत्त्व सीमा, दोष, कमजोरी र कमजोरी सुधारका उपायहरू स्पष्ट पारिएको पाइनुका साथै भाषाका प्रत्येक सिपहरू एक आपसमा अन्तर्सम्बन्धित भएकाले सस्वरपठनलाई पनि पठन कलाभित्रकै एक महत्त्वपूर्ण भाषाका रूपमा लिइएको पाइन्छ । सस्वरपठनका निम्ति महत्त्वपूर्ण सहयोग पुऱ्याउने भएकाले प्रस्तुत पुस्तकलाई उपयोगी सामग्रीको रूपमा लिइएको छ ।

ओझा (२०७३) द्वारा लिखित 'माध्यमिक शिक्षक दिग्दर्शन' नेपाली पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तकमा नेपाली विषयको विषयवस्तु र तिनको शिक्षण अन्तर्गत भाषिक

सिप शिक्षण उपशीर्षक राखिएको छ । यसमा भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप शिक्षण शीर्षक रहेका छन् । पढाइ सिप शिक्षण अन्तर्गत पढाइ सिपको परिचय, सस्वर पढाइको परिचय र त्यसको आवश्यकता, सस्वर पढाइका क्रियाकलापहरू, मौन पढाइ र आवश्यकता, मौन पढाइका क्रियाकलापहरू र सस्वर र मौन पढाइमा फरक जस्ता उपशीर्षकबाट पढाइ सिप सम्बन्धी जानकारी प्रष्ट्याइएको पाइन्छ । यसरी सस्वर र मौन पढाइ एक आपसमा अन्तर्सम्बन्धित भएकाले सस्वरपठनलाई एक महत्त्वपूर्ण पढाइ सिप शिक्षणका रूपमा लिइएको छ । सस्वर पढाइमा सहयोग पुऱ्याउने भएकाले प्रस्तुत पुस्तकलाई उपयोगी सामग्रीका रूपमा लिइएको छ ।

भुसाल र भट्ट (२०७३) द्वारा लिखित 'निम्न माध्यमिक शिक्षक नेपाली मार्गदर्शिका' नेपाली विषय पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा निम्न माध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्दा अपनाउनु पर्ने विधि, तरिका, कार्यकलापका बारेमा विशेष जानकारी प्रस्तुत गरिएको पाइन्छ । यस पुस्तकमा सस्वरपठन शिक्षण उपशीर्षक राखी त्यसमा सस्वरपठनको आवश्यकता, सस्वरपठनमा ध्यान दिनु पर्ने कुरा अन्तर्गत गति, यति, लय, सुर, हाउभाउ, भाव कसरी गर्ने भन्ने कुरामा स्पष्ट जानकारी प्रस्तुत गरिएको छ । शिक्षणका रूपमा तयार पारिएको भए पनि अध्ययनको  सामग्री सङ्कलन र व्याख्या विश्लेषणमा प्रस्तुत पुस्तक निकै उपयोगी मानिन्छ ।

### २.२.२ शोध समीक्षा

फागो (२०६६) द्वारा 'कक्षा तिनमा अध्ययनरत वान्तवा मातृभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन' शीर्षकमा सस्वरपठन सम्बन्धी शोधकार्य गरिएको छ । यसमा वान्तवा मातृभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको पहिचान गर्नु, सस्वरपठनका प्रभाव पार्ने तत्व पहिल्याउनु र सस्वरपठन क्षमता सम्बन्धी  कठिनाइका क्षेत्र पत्ता लगाई समाधानका निम्ति आवश्यक सुझाव दिनु उद्देश्य रहेको छ । उक्त अध्ययनमा  भोजपुर जिल्लाका संस्थागत र सामुदायिक गरी १० ओटा विद्यालयबाट ५० जना विद्यार्थीलाई नमुनाका रूपमा लिइएको छ । यस अध्ययनमा सर्वेक्षण विधि तथा क्षेत्रीय अध्ययन विधिद्वारा नमुना छनोट, सामग्री सङ्कलन र विश्लेषण गरिएको छ । उक्त अध्ययनमा तुलनात्मक रूपमा निजी विद्यालयभन्दा केही मात्रामा सरकारी विद्यालयमा राम्रो नतिजा देखाइएको छ ।

चिह्न प्रयोग, हाउभाउको सन्तुलन, आरोह अवरोह आदिमा कमजोर स्थिति देखाइनुका साथै भावाभिव्यक्ति र बोधगम्यतामा समेत प्रशस्त कमी कमजोरीहरू देखाइएका छन् ।

के.सी. (२०६७) द्वारा 'प्युठान जिल्लाका कक्षा सातमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । प्रस्तुत शोधपत्रमा कक्षा सातमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको पहिचान गर्नु, विद्यार्थीमा सस्वरपठन सम्बन्धी समस्या पत्ता लगाउने र कारणहरू के के हुन् पहिचान गर्ने उद्देश्य रहेकको पाइन्छ । यस अध्ययनमा क्षेत्र प्युठान जिल्लाका सहरी र ग्रामीण गरी पाँच विद्यालयमा सीमित गरिएको छ । यस शोधकार्यमा ग्रामीण र सहरी नेपाली मातृभाषा हुने र मगर मातृभाषा हुने विद्यार्थीको तालिका बनाई उनीहरूको स्तरको विभाजन अथवा अत्युत्तम, उत्तम, मध्यम र निम्नतम स्थानमा राखी देखाइएको छ । जसमा नेपाली मातृभाषी भन्दा मगर मातृभाषी विद्यार्थीको बढी अध्ययन गरिएको देखिन्छ ।

भट्टराई (२०६८) द्वारा 'प्युठान जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । यस अध्ययनमा विद्यार्थीहरूको सस्वरपठन क्षमता पहिल्याउनु, सरकारी र निजी विद्यालयको क्षमताको तुलनात्मक विश्लेषण गर्नु, छात्र र छात्रा बिचको सस्वरपठन क्षमताको तुलना गर्नु, सस्वरपठन क्षमता र समस्याका कारण पत्ता लगाई समाधानका लागि सुझाव प्रस्तुत गर्नु उद्देश्य राखिएको छ । उक्त अध्ययनमा प्युठान जिल्लाका तिन वटा सरकारी र तिन वटा निजी गरी छ वटा विद्यालयबाट ६० जना विद्यार्थीहरूमा अनुसन्धान गरिएकोमा व्याख्या तथा विश्लेषणका लागि वर्णनात्मक विश्लेषणात्मक विधि तथा पुस्तकालीय अध्ययनको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययन विभिन्न आधार मध्ये मध्यम स्तरमा सबैभन्दा बढी तथा अति राम्रो र निम्न स्तरमा सबैभन्दा कम विद्यार्थीहरू रहेको र सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको स्तर राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

सुवेदी (२०६९) द्वारा रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु, नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गर्नु, सरकारी तथा निज विद्यालयका विद्यार्थीहरूबीच सस्वरपठन क्षमताको तुलना गर्नु सस्वरपठन क्षमता सम्बन्धी

कठिनाईका क्षेत्र पत्तालगाई समाधानका निम्ति आवश्यक सुझाव दिनु उद्देश्य रहेका छन् । उक्त अध्ययनमा रामेछाप जिल्ला अन्तर्गतको तिनवटा निजी र तिनवटा सरकारी विद्यालयमा ६० जना विद्यार्थीहरूलाई मुख्य आधार बनाइएको छ । यसमा वर्णनात्मक विश्लेषणात्मक र क्षेत्रीयविधि प्रयोग गरी व्याख्या तथा विश्लेषण गरिएको छ । नेपाली मातृभाषी र दोस्रो मातृभाषी विद्यार्थीहरूको सस्वरपठन सम्बन्धी तुलानात्मक अध्ययन गरिएको छ । यसरी दुबै विद्यालयमा अध्ययनरत दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरूभन्दा पहिलो भाषा नेपाली हुने विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

कँडेल (२०६९) द्वारा 'बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । यसमा विद्यार्थीहरूको सस्वरपठन क्षमता र समस्याका कारण पत्ता लगाउन, भाषिक पृष्ठभूमि मातृभाषी र दोस्रो मातृभाषी छात्र र छात्रा विद्यालयको प्रकृतिको तुलनात्मक विश्लेषण गर्नु यसको उद्देश्य रहेको छ । यसमा बाँके जिल्लाका तिनवटा सामुदायिक र तिनवटा संस्थागत विद्यालयमा ९० जना विद्यार्थीहरूको नमुना छनोटका रूपमा क्षेत्रीय अध्ययन विधि अन्तर्गत रहेर अध्ययन गरिएको छ । यसमा हाउभाउको रूपमा संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयमा राम्रो स्तर भएको पाइनुका साथै सामुदायिक र संस्थागत दुबै विद्यालयमा सस्वरपठन सम्बन्धी उच्चारणको नतिजालाई हेर्दा सकारात्मक नै पाइएको निष्कर्ष निकालिएको छ ।

ढकाल (२०७०) द्वारा 'बाग्लुङ जिल्लाका कक्षा छ' मा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस शोधपत्रमा बाग्लुङ जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीको सस्वरपठन क्षमताको अध्ययन लैङ्गिक, विद्यालयको प्रकृति भौगोलिक र भाषिक आधारमा तुलना गर्नु र कमजारीका कारण र समाधानका सुझाव दिने उद्देश्य राखिएको छ । उक्त अध्ययनमा पाँचवटा सार्वजनिक र पाँचवटा संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूको आधारमा नमुना छनोट गरिएको छ । यस अध्ययनमा क्षेत्रीय विधिद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ । छात्रको तुलनामा छात्राको सस्वरपठन राम्रो रहेको, पहिलो भाषाका रूपमा नेपाली भाषा हुनेभन्दा दोस्रो भाषाको विद्यार्थीमा कमजोर रहेको देखाइएको छ ।

अधिकारी (२०७१) द्वारा 'पूर्वी पाँचथरमा कक्षा पाँचमा अध्ययनरत लिम्बू मातृभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस शोधपत्रमा पाँचथर जिल्ला कक्षा पाँचमा अध्ययनरत लिम्बू मातृभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको पहिचान गर्नु, विद्यार्थीहरूमा सस्वरपठन समस्या र कारण पत्ता लगाई सुझाव दिने उद्देश्य रहेको छ । उक्त अध्ययनमा चारवटा सामुदायिक र चारवटा संस्थागत गरी ८० जना लिम्बू मातृभाषी विद्यार्थीहरूबीच नमुना छनोट गरिएकोमा क्षेत्रीय सर्वेक्षण अन्तर्वार्ता, प्रश्नावली विधि अपनाइएको छ । गति, यति सम्बन्धी अध्ययनमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको स्तर राम्रो भएको र छात्र र छात्राबिचको तुलनात्मक अध्ययन अति राम्रो र राम्रो स्तरमा छात्राको तुलनामा छात्रको स्तर राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

ढकाल (२०७२) द्वारा 'बाग्लुङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस शोधपत्रमा बाग्लुङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको सस्वरपठन क्षमताको अध्ययन, लैङ्गिक विद्यालयको प्रकृति भौगोलिक र भाषिक आधारमा तुलना गर्नु र कमजोरीका कारण र समाधानका सुझाव दिने उद्देश्य राखिएको छ । उक्त अध्ययनमा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूको आधारमा नमुना छनोट गरिएको छ । यस अध्ययनमा क्षेत्रीय विधिद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ । छात्रको तुलनामा छात्राको सस्वरपठन राम्रो रहेको छ । दुवै विद्यालयमा सस्वरपठन सम्बन्धी उच्चारणको नतिजालाई हेर्दा सकारात्मक नै पाइएको निष्कर्ष निकालिएको छ ।

सस्वरपठन सम्बन्धी उपयुक्त शोधकार्यहरूको समीक्षा गर्दा हालसम्म सस्वरपठनमा विभिन्न समयमा विभिन्न अनुसन्धानकर्ताबाट अनुसन्धान भए पनि निम्न माध्यमिक तहका विद्यार्थीहरूका लागि सस्वरपठन क्षमताको अध्ययन र विश्लेषण गर्नु उपयुक्त वा सान्दर्भिक देखिन्छ ।

## २.२ पूर्वकार्यको समीक्षाको महत्त्व

कुनै पनि अनुसन्धान गर्नुभन्दा अगाडि त्यस विषयसँग सम्बन्धित अगाडि भइसकेका अनुसन्धानहरूको अध्ययन गर्नु आवश्यक हुन्छ । वर्तमानलाई विगतको अध्ययनले गतिशिल बनाउने भएकाले आफूले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा

हिडाउन प्रत्यक्ष रूपमा सम्बन्धित पूर्व अध्ययनको विशेष महत्त्व हुन्छ । अनुसन्धान कार्य औपचारिक रूपमा वस्तुगत र वैज्ञानिक विधि अपनाएर ज्ञानको पूर्व अध्ययनको आधारशिलामा टेकेर त्यसैको पुर्नपुष्टि वा नवीन ज्ञान प्राप्तिका लागि गरिने खोज कार्य नै अनुसन्धान हो । अनुसन्धान कार्य गर्दा सम्बन्धित विषयमा के कति शोधकार्यहरू भएर ती अनुसन्धानात्मक कार्यले समस्या समाधान गर्न सके वा सकेनन् भनी पत्ता लगाउने महत्त्वपूर्ण आधार नै पूर्वकार्यको अध्ययन हो । अनुसन्धानकर्ताले गर्न लागेको अनुसन्धान कार्य नयाँ वा पुरानो, महत्त्वपूर्ण र सान्दर्भिक छ वा छैन भन्ने कुराहरूको जानकारी पूर्व अध्ययनबाट थाहा पाउन सकिन्छ । अनुसन्धातकर्ताले कुनै पनि विषयमा अनुसन्धान कार्य गर्दा के कस्ता विधि र प्रक्रियाहरू अपनाउने तथ्याङ्कहरू सङ्कलन कसरी गर्ने, सङ्कलन गरिएका तथ्याङ्कहरूलाई कसरी व्यवस्थित गर्ने तथा सम्पूर्ण शोधकार्य गर्दा आउन सक्ने समस्याहरूको समाधान गर्नमा पूर्व अध्ययनले सहयोग गर्दछ ।

विद्यार्थीहरूलाई राम्रो अग्रगामी शिक्षा प्रदान गर्नका लागि पठन सिप विकासलाई फरक फरक व्यक्तिले फरक फरक उद्देश्य पूर्तिका लागि विभिन्न स्थिति अनुसार प्रयोग गरिरहेका हुन्छन् । यसको सबैभन्दा महत्त्वपूर्ण उद्देश्य भनेको लिखित सामग्रीबाट लेखकले दिन खोजेको अभिप्राय पाठकले बुझ्नसक्ने बनाउनु हो । जसबाट जति धेरै पठन सिपमा अग्रता कायम गर्न सकिन्छ, त्यति नै ज्ञान आर्जन हुन्छ । अनुसन्धानकर्ताले आफूले गर्न लागेको मौलिक र नवीन एवम् औचित्य सावित गर्नमा पूर्वकार्यको अध्ययन आवश्यक हुन्छ । विभिन्न आधारहरूबाट हेर्दा महत्त्वपूर्ण अर्थ तत्त्वको साथै स्पष्ट बुझाइ र पूर्णताका बिचको सम्बन्धलाई पहिल्याउन सक्नु नै पठन सिप हो । विद्यार्थीहरूलाई कुनै विषयवस्तुमा केन्द्रित भएर त्यसमा रहेका हरेक तत्त्वहरूको सूक्ष्म चिनारी गर्न पढाइको आवश्यकता पर्दछ । अनुसन्धानकर्ताले गर्न लागेको अनुसन्धान कार्य नयाँ वा पुरानो महत्त्वपूर्ण र सान्दर्भिक छ वा छैन भन्ने कुराहरूको जानकारी पूर्व अध्ययनबाट थाहा पाउन सकिन्छ । अनुसन्धानकर्ताले कुनै पनि विषयमा अनुसन्धान कार्य गर्दा के कस्ता विधि र प्रक्रियाहरू अपनाउने तथ्याङ्कहरू सङ्कलन कसरी गर्ने, सङ्कलन गरिएका तथ्याङ्कहरूलाई कसरी व्यवस्थित गर्ने तथा सम्पूर्ण शोधकार्य गर्दा आउन सक्ने समस्याहरूको समाधान गर्नमा पूर्व अध्ययनले सहयोग गर्दछ ।

## २.३ सैद्धान्तिक परिचय

### २.३.१ सस्वरपठनको परिचय

"भाषा विचार विनिमयको सर्वाधिक सरल र सुगम माध्यम हो" (शर्मा र पौडेल, २०६०: १) । यसको माध्यमले नै मानिस एक आपसमा आत्मीयता र सहृदयताको आदान प्रदान गर्दछ । संसारमा रहेका विभिन्न जीव तथा प्राणीहरूले परस्परका अनुभूति विनिमय गर्दछन् तर यिनीहरूको अवलम्बन गर्ने माध्यमलाई भाषाको संज्ञा दिन सकिदैन किनभने तिनीहरूमा सार्थकता हुँदैन । भाषा हुनका लागि सार्थकता अनि उत्पादनशीलता जस्ता पक्षहर हुनुपर्छ । यी अभिलक्षणहरू केवल मानव उच्चारित भाषिक अभिव्यक्तिमा मात्र सम्भव छन् । भाषालाई लिपिवद्ध गरी आवश्यकतानुसार हस्तान्तरण अनि सुरक्षित पनि गर्न सकिन्छ ।

भाषाका चारवटा सिपहरूमा सुनाइ, पढाइ र लेखाइ पर्दछन् । यी चारवटा आधारभूत सिपहरू मध्ये सुनाइ र बोलाइ मौखिक सिप हुन् भने पढाइ र लेखाइ लिप्यात्मक सिप हुन् । राम्रोसँग सुन्नु, सुनेअनुसारको ध्वनि उच्चारण गरेर बोल्नु, ध्वन्यात्मक उच्चारण अनुसार पढ्नु र उच्चारण सङ्केत अनुसारका लिपि प्रयोग गरेर लेख्नु भाषा शिक्षणको मूल अभिष्ट हो । त्यसैगरी कुनै पनि लेख्य सामग्रीलाई दुई किसिमले पढिन्छ : सस्वर र मौन । "अर्काले सुन्ने गरी कथ्य भाषाको ढङ्ग र ढाँचाअनुसार आवाज निकालेर पढ्नुलाई सस्वरपठन भनिन्छ" (शर्मा र पौडेल, २०६०: १११) । भाषाका सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ मध्ये सस्वरपठन मूलतः पढाइको एक महत्त्वपूर्ण पक्ष हो ।

सस्वरपठन व्यक्तिगत र सामूहिक दुवै किसिमको हुन सक्छ । अरूले बुझ्ने गरी हाउभाउपूर्ण र शुद्ध एवम् स्पष्टसँग पढ्ने बानीको विकास गर्न सस्वरपठनको अभ्यास गराउनु पर्ने हुन्छ । सस्वरपठनमा भावअनुसार उच्चारणको आरोह-अवरोह एवम् गतियति मिलाउनु पर्ने अङ्ग परिचालन गर्नुपर्ने, अभिनयात्मक प्रक्रिया अँगाल्नु पर्ने आदि कारणले शारीरिक थकावट हुनसक्ने स्थिति रहने हुनाले एकैपटक धेरै पाठ्यसामग्री पढ्नका लागि उपयोग गर्नुहुँदैन र वातावरणलाई सन्तुलित बनाउनु पर्ने कुरालाई समेत ध्यान दिनुपर्दछ (शर्मा र पौडेल, २०६०: ११२) ।

पढाइसिप विकासको प्रारम्भिक चरण नै सस्वरपठन हो । पढाइको प्रारम्भमा ध्वनि प्रतीक वा लिपिवद्ध अक्षर वा वर्णलाई उच्चारण गर्ने अभ्यास हुन्छ । त्यसपछि वर्णोच्चारण र शब्दोच्चारण गर्दै वाक्य, अनुच्छेद र समग्र पाठकै उच्चारण गरेर पढ्ने काम हुन्छ । विद्यार्थीहरू विस्तारै लिपिवद्ध सामग्रीमा व्यक्त विषयवस्तु वा कथ्यसँग परिचित भइसकेपछि मात्र उनीहरूलाई मौनपठनतर्फ अग्रसर गराउनु उपयुक्त मानिन्छ ।

### २.३.२ सस्वरपठनको महत्त्व

सस्वरपठन पढाइसिप विकासको प्रारम्भिक चरण हो । पठन क्षमता विकासका लागि सस्वरपठनलाई महत्त्वपूर्ण तत्त्वका रूपमा लिन सकिन्छ । प्रारम्भमा लिपिवद्ध सामग्रीबाट अर्थग्रहण क्षमताको विकासका लागि उच्चार्थ ध्वनिका प्रतीक लिपिहरूलाई अक्षर, शब्द एवम् वाक्यका स्तरमा उच्चारण गर्न लगाई ती लिपिलाई ध्वनि प्रतीकका रूपमा स्थिर गराउने पहिचानात्मक कार्यकलाप गराउनु पर्ने हुन्छ । त्यसैले प्राथमिक तथा निम्न माध्यमिक तहका कक्षाहरूमा मौन पठनभन्दा सस्वरपठनलाई ज्यादा महत्त्व दिनुपर्ने हुन्छ । यसबाट विद्यार्थीहरूमा लिखित सामग्रीलाई सस्वरता गरी पढ्ने विशेष अभिरूचि जागरण हुन पुग्दछ । श्रोताको ध्यान आकर्षित गर्दै पाठकले आफुलाई लिखित सामग्रीमा केन्द्रित गर्नु सस्वरपठन हो । लिखित सामग्रीलाई बुझेर पढ्नुका साथै कथ्यभाषाको स्वभाविक्तानुसार श्रोताको ध्यान केन्द्रित गरी पढ्नु पर्ने भएकोले सस्वरपठनलाई एक जटिल प्रक्रियाका रूपमा लिने गरिन्छ ।

सस्वरपठनले मौखिक र लिखित भाषालाई नजिक बनाउन मद्दत गर्ने हुनाले पनि तल्ला कक्षाहरूमा यसतर्फ विशेष ध्यान दिँदै पाठका विभिन्न अनुच्छेद र सिङ्गो पाठको पनि सस्वरपठन अभ्यास गराउँदै लैजानु पर्दछ । प्राथमिक तहका प्रारम्भिक कक्षाहरूमा विद्यार्थीहरूको पठनसिप विकास गराउँदै लैजान शिक्षकले सस्वरपठनको माध्यमलाई महत्त्वपूर्ण आधार बनाए त्यस सम्बन्धी अभ्यासमा जोडदिनु उपयुक्त हुन्छ । सस्वरपठन अभ्यास प्रारम्भिक कक्षामा वैयक्तिक र सामुहिक दुवै भएपनि माथिल्ला कक्षाहरूमा वैयक्तिक खालका हुनु राम्रो मानिन्छ । यसले गर्दा सस्वर पढाइमा सजीवता कायम गर्न सकिन्छ जसका माध्यमबाट लिखित सामग्रीलाई गति, यति, लय, आरोह, अवरोह, हाउभाउ आदिलाई ख्याल गरी स्पष्टसँग पठन गर्न सक्नुका साथै वर्ण, अक्षर, शब्द एवम् वाक्यको उच्चारणमा हुने कमी कमजोरीहरूलाई निराकरण गर्न ठूलो मद्दत पुग्दछ ।

सस्वरपठनमा विद्यार्थीको स्तर अनुसार सामग्रीको छनोट गरिनु पर्दछ । उनीहरूको स्तरका कारण पठनमा फरक पर्ने हुनाले प्राथमिक तहमा र माध्यमिक तहमा हुने सस्वरपठनको स्तरमा पनि भिन्नता पाइन्छ । सस्वर वाचनबाट व्यक्तिको आत्मविश्वासमा अभिवृद्धि हुनुको साथै उनीहरूको सङ्कुचित स्वभावलाई अन्त्य गर्दछ । समुहमा भाव व्यक्त गर्न सङ्कोच मान्ने विद्यार्थीहरूमा पनि यस्तो सङ्कोच विस्तारै हट्दै जान्छ र उनीहरू प्रभावोत्पादक रूपमा वाचनगर्न सक्दछन् । त्यसैले विद्यार्थीहरू लिखित सामग्रीमा सस्वरपठन सिपमा अभ्यास भईसकेपछि उनीहरू लिपिबद्ध सामग्रीलाई गति, यति, आरोह आदिको ख्याल गरी चिन्हको उचित प्रयोग गर्दै, शुद्ध र स्पष्ट तरिकाले सस्वरपठन गर्न सक्षम हुन्छन् अनि त्यसपछि मात्र उनीहरूलाई मौन पठनतर्फ अग्रसर गराउन उपयुक्त हुन्छ । सस्वरपठन सामूहिक र व्यक्तिगत दुवै किसिमबाट गराउन सकिन्छ । भाषा शिक्षणका सिकाइका सन्दर्भमा बालबालिकालाई प्रारम्भिक तहमा सस्वरपठनमा क्रियाशील गराई भविष्यमा एक कुशल वक्ताको रूपमा परिचित गराउन उक्त कार्यले सहयोग पुऱ्याउँछ । त्यसैले पठन भाषिक सिपमात्र नभएर भाषा शिक्षणकै एक महत्त्वपूर्ण पक्ष पनि हो भन्न सकिन्छ ।

### २.३.३ सस्वरपठन क्षमता अध्ययनका प्रमुख आधारहरू

अर्काले सुन्ने गरी कथ्य भाषाको ढङ्ग र ढाँचाअनुसार आवाज निकालेर पढ्नुलाई सस्वरपठन भनिन्छ । यसका विभिन्न आधारहरूमध्ये सस्वरपठनलाई एक महत्त्वपूर्ण आधारका रूपमा लिइन्छ । पाठकले लेख्य सामग्रीलाई पढ्नु मात्र ठूलो कुरा होइन उसले पढे अनुसार अरूलाई सुझाउन पनि सक्नु पर्दछ । पाठकले हाउभाउ, सुर, लय, आदि हेरेर अभिव्यक्ति ग्रहण गर्न सक्नु नै सस्वरपठन हो । त्यसकारण माथिल्ला कक्षाका तुलनामा प्राथमिक तथा निम्नमाध्यमिक तहका कक्षाहरूमा ख्याल गरी पढ्ने बानी बसाल्नु पर्दछ । पठनसिपलाई जीवित तुल्याई राख्ने महत्त्वपूर्ण तत्त्वका रूपमा सस्वरपठन अध्ययका केही उपयोगी आधारहरूलाई लिन सकिन्छ जुन निम्नानुसार छ :

#### क) गति र यति

गति मिलाउनु भनेको पढाइमा तीव्रता मिलाउनु हो र यति मिलाउनु भनेको शब्द पदावली, उपवाक्य, वाक्यका बीचमा आवश्यक मात्रा विश्राम दिएर पढ्नु हो । सस्वरपठनमा गति र यति दुवै आधारहरू परिपुरक देखिने हुनाले सस्वरपठन कार्य गर्दा दुवैलाई सन्तुलन

गरी अगाडि बढाउँदै लैजानु पर्दछ । गति यतिको ख्याल गरी विद्यार्थीलाई पढाउन सकेमा गल्ती कमजोरीहरू पत्ता लगाउन सकिन्छ ।

**ख) चिह्नको प्रयोग**

लिखित चिह्नहरूले खासगरी पूर्ण विराम, अल्प विराम, अर्ध विराम, निर्देशन चिह्न, प्रश्न चिह्न, उद्धरण चिह्न आदि जनाउँछन् । सस्वरपठन गर्दा यस्ता चिह्नहरूको ख्याल नगरी पढ्दा पाठको भाव बुझ्न कठिनाइ भई अर्थ अर्को पनि लाग्न सक्छ । विद्यार्थीहरूको लागि चिह्नको प्रयोग गर्नु आवश्यक छ । तसर्थ तल्लो तहदेखि नै चिह्नहरूको प्रयोग अनुसार पठन कार्य गर्नु अत्यावश्यक हुन जान्छ । कथ्य भाषाको आवश्यकता र स्वभाविकता अनुसार चिह्नहरूको प्रयोगमा ध्यान दिनु पर्दछ ।

**ग) हाउभाउ प्रदर्शन**

सस्वरपठनमा कुनै पनि लिखित सामग्रीलाई उच्चारण गर्नु मात्र नभई त्यसलाई उपयुक्त किसिमको मुखमुद्रा, चेष्टा, अङ्ग परिचालन आदि मिलाएर पढ्नुलाई हाउभाउ प्रदर्शन गर्नु भनिन्छ । यस्तै विधाअनुसार हाउभाउपूर्ण अभिव्यक्ति, भावानुकूल मुखमुद्रा मिलाएर पठनकार्य गर्दा उपयोगी र चिरस्थायी पनि हुन्छ । त्यसैले सस्वरपठनमा पाठकको हाउभाउ तथा अभिनयको विशेष महत्त्व रहन्छ ।

**घ) भाव अनुसारको पठन**

सस्वरको उत्कृष्ट रूप भनेको पाठको ख्याल गरी रसभाव अनुसार उपयुक्त भाषिक एवम् भाषेत्तर पक्षहरूको सन्तुलन मिलाई प्रभावकारी ढङ्गले पढ्नु हो । सस्वरपठन गर्दा उपलब्ध सामग्री के कस्तो छ सो अनुसार भाव स्पष्ट गरी पढ्नु पर्दछ । भाषिक अभिव्यक्ति खचपच हुनुबाट जोगाई भाव अनुसार पठन गर्नु सस्वरपठनको आदर्श पक्ष हो ।

**ङ) स्वर प्रसारण**

लिखित सामग्रीलाई सस्वरपठन गर्दा वक्ताको बोलीमा पाइने आरोह अवरोह प्रसारले गर्दा हुने अर्थगत विभेदलाई स्वर प्रसारण भनिन्छ । यसमा पठन गर्दा कहाँ बढी आवाज निकालि जोड दिने, कहाँ कम आवाज निकाल्ने र कहाँ लय मिलाउने भन्ने कुरामा ध्यान

दिनु पर्दछ । सामग्री गद्य वा पद्य जुन सामग्री भएपनि त्यसलाई भाव अनुसार लय मिलाएर वाचन गर्न सकेमा अभिव्यक्ति छरितो र श्रुतिपूर्ण हुन जान्छ ।

**च) स्पष्ट उच्चारण**

सस्वरपठन गर्दा शुद्ध र स्पष्ट उच्चारण अति महत्त्वपूर्ण मानिन्छ । वक्ताले शुद्ध र स्पष्ट उच्चारण गरी पढेको अरू श्रोताले बुझ्ने खालको हुनु पर्दछ । पठन गर्दा गति यति, हाउभाउ र चिह्नको ख्याल गरी पढ्नु स्वर प्रसारण, भाव उच्चारण आदिको सन्तुलन कायम हुनु जरुरी हुन्छ ।

भाषाका आधारभूत सिपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ मध्ये सस्वरपठन पनि पढाइ सिप अन्तर्गत भाषिक सिप विकासको महत्त्वपूर्ण आधार मानिन्छ । लिखित सामग्रीलाई हाउभाउ, लिपि चिह्न, अङ्ग सञ्चालन, गति, यति, लय, आरोह र अवरोह आदिको ख्याल गरी उत्कृष्ट रूपमा आवाज निकालेर पढ्नु सस्वरपठन हो । विद्यार्थीहरूलाई प्रारम्भिक तहदेखि नै सस्वरपठन सिप विकासमा जोड दिनुपर्छ । पढाइले ज्ञान आर्जन, मनोरञ्जन प्रदान गर्नुका साथै व्यक्तिलाई स्पष्ट वक्ताका रूपमा परिचित गराउने प्रमुख तत्त्व भएकाले पनि विद्यार्थीहरूमा जबसम्म पठन सिप विकास हुन सक्दैन तबसम्म अन्य आभारभूत सिपको विकास हुन असम्भव छ । सस्वरपठनका क्रममा वक्ताले लिखित सामग्रीलाई उच्चारण गर्ने मात्र नभई त्यसमा व्यक्त भावलाई अरूमा पनि हस्तान्तरण गर्नु पर्दछ । शुद्ध र स्पष्टसँग सस्वरपठन गर्नका लागि धेरै अभ्यास आवश्यकता पर्ने भएकाले गति, यति र लय मिलाएर वाचन गर्नु पर्ने यसको आवश्यकता देखिन्छ । शुद्ध र स्पष्ट उच्चारण गर्ने गति, यति, लय मिलाएर वाचन गर्ने, भाव अनुसार सस्वर वाचन गर्ने, विराम चिह्नमा ध्यान दिने, हाउभाउ मिलाएर पढ्ने जस्ता पनि सस्वरपठनका कार्यकलाप अन्तर्गत समावेश गर्न सकिन्छ ।

सस्वरपठनका माध्यमबाट लिपिबद्ध सामग्रीमा व्यक्त विचार भाव वा अर्थलाई आवश्यकता अनुकूल प्रभावपूर्ण बनाई राख्न उक्त आधारहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् । सस्वरपठनमा देखिएका कमजोरीहरूलाई आवश्यक मात्रामा पृष्ठपोषण गर्दै लैजानु पर्दछ ।

### २.३.४ सस्वरपठनमा प्रभाव पार्ने प्रमुख तत्त्वहरू

सस्वरपठन अध्ययन विकासमा विभिन्न तत्त्वहरूले प्रभाव पारिरहेका हुन्छन् । जसले गर्दा बालबालिकाहरूको सस्वरपठन अध्ययन कहीँ अत्यन्त कठिन हुन पुग्दछ भने कहीँ अध्ययन सरल हुन्छ । सस्वरपठनमा प्रभाव पार्ने तत्त्वहरू विभिन्न हुन्छन् । ती मध्ये केही प्रमुख तत्त्वहरू निम्नानुसार छन् :

**क) वातावरण**

सस्वरपठनको विकासमा प्रभाव पार्ने महत्त्वपुर्ण तत्त्वका रूपमा वातावरणलाई लिइन्छ । सस्वरपठनको अभ्यास गराउँदा वातावरणलाई ख्याल गरिनु पर्दछ । बालक जन्मेदेखि नै कुनै न कुनै प्रकारको वातावरणमा समायोजन भएको हुन्छ । उसको भाषिक सिप विकासको अभ्यास ऊ समायोजन भएको वातावरणबाट सुरु हुन्छ । नेपाल एक बहुभाषिक र बहुजातीय मुलुक भएकाले विभिन्न जातजातिका मानिसहरूले फरक फरक भाषाको प्रयोग गरिरहेका हुन्छन् जसले गर्दा नेपाली भाषामा पनि प्रत्येक भाषाको प्रभावले गर्दा भाषिक विविधता उत्पन्न हुन्छ । तर परिवार, गाउँ समाज र समुदायका विभिन्न क्षेत्रमा बोलिन अलग-अलग भाषाको प्रभाव व्यक्तिमा पर्ने हुँदा बालक जस्तो प्रकारको वातावरणमा हुर्कदै जान्छ, त्यस्तै प्रकारको व्यवहार उसमा विकसित हुँदै जान्छ । बालबालिकाको सस्वरपठन विकासमा उनीहरू निकट सामाजिक, सांस्कृतिक तथा विद्यालय वातवारणसँग सम्बन्धित विषयवस्तुमा बढी जोडदिनु पर्दछ । खासगरी प्रारम्भिक कक्षाहरूमा उनीहरूको पर्यावरण निकट कुराहरूबाट नै भाषिक सिपविकास चाँडो हुने भएकोले सस्वरपठनमा पनि यी कुराहरूमा विशेष ख्याल गरिनु पर्दछ । त्यसैले वातावरणलाई प्रभाव पार्ने प्रमुख तत्त्व मानिन्छ ।

**ख) शारीरिक तथा मानसिक अवस्था**

शारीरिक तथा मानसिक अवस्थाले बालबालिका शुद्ध र स्पष्ट पढ्न नसक्ने जथाभावी पढ्ने, पढाइको भाव प्रकट गर्न नसक्ने हुन्छन् जसले गर्दा सस्वरपठन शारीरिक तथा मानसिक अवस्थाले विभिन्न रूपबाट प्रभाव पार्दछ । लिखित सामग्रीमा व्यक्त विचार एवम् भावलाई स्पष्टसँग बुझेर पढ्नु सस्वरपठनमा आवश्यक हुन्छ । जसले गर्दा पठन सिप विकासका साथसाथै अन्य भाषिक सिप विकासमा नराम्रो असर पुग्दछ । उच्चारण अवयवमा

देखिने विभिन्न कमीकमजोरीका कारणले गर्दा बालबालिकाहरू लिपिवद्ध सामग्रीलाई गति, यति, लय, सुर, आलात आदि मिलाई उपयुक्त चेष्टा एवम् हाउभाउपूर्ण तरिकाले पढ्न असक्षम हुन्छन् त्यसैले पठनसिप विकासमा शारीरिक तथा मानसिक अवस्थाले ठूलो प्रभाव पार्दछ ।

### ग) भाषिक भेद

देशको सामाजिक, सांस्कृतिक, राजनैतिक, भौगोलिक विभिन्नताले गर्दा एउटै भाषा बोल्ने व्यक्तिहरूमा विभिन्न भाषिक भेदको विकास हुन्छ । एकै भाषाभित्र पनि धेरै विविधता हुन्छन् । एकभाषी र बहुभाषी हुन्छ । जस्तै भिन्न घर, परिवार, समाज र समुदायबाट आएका विद्यार्थीले नेपाली भाषाभाषीका बीच बसेर अध्ययन गर्नुपर्दा उसलाई आफ्नो भाषिकाले प्रभावित गरिरहेको हुन्छ । एक भाषामा बानी बसेका विद्यार्थीहरू अर्को भाषामा बानी बसाउन ज्यादै कठिन हुन्छ । उनीहरूको भाषिक पृष्ठभूमि सामाजिक संरचना, वैयक्तिक भिन्नता आदिले सस्वरपठनमा ठूलो प्रभाव पार्दछ । यस्तो अवस्थामा समभाषिक वातावरणले सकारात्मक प्रभाव पार्दछ भने विष्मभाषिक वातावरणले नकारात्मक प्रभाव पार्दछ ।

### घ) संवेगात्मक अवस्था

सस्वरपठनमा प्रभाव पार्ने अर्को महत्त्वपूर्ण तत्त्वका रूपमा संवेगलाई लिन सकिन्छ । पढाइका सन्दर्भमा प्रत्येक व्यक्तिलाई रिस, डर, आक्रोश, लज्जा, उत्तेजना, आवेग आदि तत्त्वहरूको प्रभाव पारेको हुन्छन् । संवेगका कारणले गर्दा अधिकांश विद्यार्थीहरू डराउन, आतिने हुनाले सही ढङ्गले सस्वरपठन गर्न सकिरहेका हुँदैन । संवेगात्मक अवस्था सन्तुलित छ भने बालबालिकाहरूले लिपिबद्ध सामग्रीलाई उचित ढङ्गले गति, यति, लय, सुर, भाव आदि मिलाएर पढ्न सक्छन् तर यसको विपरित बालबालिकाहरू संवेगात्मक रूपले असन्तुलित अवस्थाका छन् भने प्रभावकारी र अर्थपूर्ण ढङ्गले सस्वरपठन गर्न सक्दैनन् ।

### ङ) अभिरूचि

सस्वरपठनलाई उपयुक्त तथा अनुपयुक्त बनाउन, अभिरूचिको महत्त्वपूर्ण हात रहन्छ । अभिरूचि बिनाको जुनसुकै अध्ययन उपलब्धिविहिन हुन्छ भन्ने अभिरूचि सहितको अध्ययनले पढाइ सम्बन्धी देखा पर्ने केही समस्याहरू स्वतः समाधान भएर जान्छन् । यदि

विद्यार्थी शारीरिक एवम् मानसिक रूपले तत्पर छ भने पढाइमा अभिरूचि जागृत भई पठन कार्य सरल, सबल सार्थक र प्रभावकारी हुन्छ । पढाइप्रति विद्यार्थीको अभिरूचि नभएमा सस्वरपठन मात्र नभएर सम्पूर्ण भाषिकसिप नै नराम्ररी प्रभावित हुन्छ । सस्वरपठनमा गति-यति, हाउभाउ, स्वरप्रसारण आदिको राम्ररी ख्याल गर्नुपर्छ । जसका लागि अभिरूचिपूर्ण ढङ्गले पठन गर्नुपर्छ । उक्त तत्त्वहरूमा ध्यान नपुऱ्याएसम्म पढाइमा नराम्रो असर पर्नुका साथै त्रुटिहरू पनि बारम्बार दोहोरिने सम्भावना हुन्छ । जवर्जस्ती पढ्नु र उत्सुक भावनाले पढ्नुमा धेरै अन्तर हुन्छ । जब विद्यार्थीको पढाइप्रति रूचि र चासो बढ्न सक्दैन । तब सस्वरपठन पनि प्रभावकारी बन्न सक्दैन । त्यसैले शिक्षकले विद्यार्थीहरूमा रूचि ल्याउन विशेष ध्यान दिनुपर्दछ । त्यतिमात्र नभएर उपयोग गर्ने सामग्री पनि विद्यार्थीको रूचि अनुकूल हुनु समेत जरूरी मानिन्छ ।

समग्रमा सस्वरपठनको समुचित विकासका लागि प्राप्त वातावरण, शारीरिक तथा मानसिक अवस्था, भाषिक भेद, संवेगात्मक अवस्था, अभिरूचि आदिले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । यस्ता तत्त्वहरूको प्रभावले विद्यार्थीको पठन कार्यमा सफलता वा जटिलता उत्पन्न गर्नेहुँदा पढाइसिप कस्तो होला भन्ने कुराको पूर्वानुमान गर्न पनि सकिन्छ । यदि विद्यार्थीको पढ्ने वातावरण अनुकूल छ भने पढाइ प्रभावकारी हुन्छ तर वातावरण प्रतिकूल छ भने उसको पढाइमा नकारात्मक असर पर्न सक्दछ । यस्तै शारीरिक तथा मानसिक अवस्थाबाट उत्पन्न सङ्कट हटाउन पढाइप्रति निरन्तर अभ्यास गराई पठनसिप विकासतर्फ अभिप्रेरित गराउनु पर्छ । पढाइप्रति विद्यार्थीले गर्ने सानो लापरवाहीले सस्वरपठनमा ठूलो असर पर्नेहुँदा व्यक्तिको संवेगात्मक अवस्था, अभिरूचि तथा भाषिक भेद आदिको सकारात्मक विकास गर्न उनीहरूलाई पढाइ सिपतर्फ उन्मुख गराउँदै लैजानु पर्छ ।

### २.३.५ सस्वरपठनका क्रियाकलाप

सस्वरपठनका लागि निम्नानुसार क्रियाकलाप गराउन सकिन्छ :

#### क) गति, यति मिलाएर वाचन गर्न लगाउने

विद्यार्थीलाई कुनै अनुच्छेदको सस्वरपठन गर्न लगाउने, उनीहरूले सही ढङ्गले गति, यति मिलाएर वाचन गरे नगरेको शिक्षकले ख्याल गर्ने । यदि विद्यार्थीहरूले गति, यति नमिलाई पढेको पाइएमा आवश्यक सुझाव सल्लाह दिई सहयोग गर्ने ।

**ख)	भावअनुसार सस्वर वाचन गर्न लगाउने**

प्रत्येक विधाका भाव फरक फरक हुनाले उपलब्ध सामग्री के कस्तो छ । सो अनुसार वाचन गर्न सकेका छन् कि छैनन् ख्याल गरी सकेका छैनन् भने विधाको भावसम्बन्धी जानकारी गराउँदै पुनः वाचन क्रियामा अभ्यस्त गराउँदै लाने हाउभाउ मिलाएर अभिनयात्मक ढङ्गले पढ्न लगाउने ।

**ग)	लिपि र चिह्नको ख्याल गर्दै पढ्न लगाउने**

विद्यार्थीहरूलाई लिपि चिह्नको प्रयोग भएका र सामग्री पढ्न लगाउने । उनीहरूले ठीकसँग ध्यानदिने यदि उनीहरूले ठीकसँग पढ्न सकेको छैनन् भने लिपि चिह्न सम्बन्धी जानकारी दिँदै आवश्यक सुझाव र सल्लाह दिई पढ्न लगाउने ।

**घ) हाउभाउ प्रदर्शन गर्दै पढ्न लगाउने**

विद्यार्थीहरूलाई हाउभाउको प्रयोगसँग सस्वरपठन गर्न लगाउने हाउभाउ प्रदर्शन गर्दा लिखित सामग्रीलाई उच्चारण गर्नु मात्र नभई त्यसलाई उपयुक्त किसिमको मुखमुद्रा, चेष्टा, अङ्ग परिचालन गरी विद्यार्थीहरूलाई हाउभाउ प्रदर्शन गर्न लगाउन सकिन्छ ।

ङ)	शुद्ध र स्पष्टसँग पढ्न सकेका छन् कि छैनन ख्यालगरी आवश्यक सुझाव र सल्लाह दिदै यस्ता क्रियाकलाप गराउनु पर्छ ।

**च)	विधाअनुसारको पठन गर्न लगाउने**

विद्यार्थीहरूलाई सस्वरपठनको अभ्यासका क्रियाकलापहरू मध्ये विभिन्न विधाहरूको स्वभाव अनुरूप सस्वरपठन अभ्यास गराउनु अत्यन्त आवश्यक हुन्छ । साहित्यिक र साहित्येत्तर सबै विधाहरूका तह र आवश्यकता अनुसार उपयोग गरेर विधा अनुसार लय, आघात, स्वर, भाव तथा अन्य भाषेत्तर पक्षहरूमा ध्यान दिएर पठन गर्न लगाउने ।

**२.३.६  सस्वरपठनको आवश्यकता**

भाषिक सिप विकासको एउटा महत्त्वपूर्ण खुड्किलोको रूपमा सस्वरपठनलाई लिन सकिन्छ । विद्यालयका प्रारम्भिक कक्षादेखि माथिल्ला कक्षासम्म नै यस सम्बन्धी क्रियाकलाप गर्न गराउनु आवश्यक देखिन्छ । दोस्रो भाषिक विद्यार्थीहरूका लागि यो झनै आवश्यक

विषय मानिन्छ । गति, यति, लय, हाउभाउ, आदि मिलाएर पढ्न, शुद्ध पढ्ने बानीको विकास गर्न, मनोरञ्जन र आनन्द लिन सस्वरपठनको आवश्यकता पर्दछ । सस्वरपठनले मौन पढाइको पूर्वाधार तयार गर्न, विद्यार्थीहरूमा अभिव्यक्ति कलाको विकास गर्न सहयोग गर्दछ । शारीरिक विकासमा बल पुऱ्याउनका लागि सस्वरपठन अपरिहार्य हुन्छ । शुद्ध पढ्ने बानी बसाली बोलाइ सिपको विकास गराउनका लागि आत्मविश्वासको विकास गर्नका लागि पनि सस्वरपठनको आवश्यकता पर्दछ । सस्वरपठन गर्नाले समूहमा आफ्ना विचार सजिलैसँग राख्न सक्ने बनाउँछ । मौखिक अभिव्यक्तिमा उच्चारण दोष निराकरण गर्नका लागि पनि सस्वरपठन आवश्यक ठानिन्छ ।

### २.३.७ सस्वरपठनको प्रयोजन

विभिन्न अध्ययन अनुसन्धान गर्नका आ-आफ्नै प्रयोजन हुन्छन् । यहाँ भाषिक सिप विकासका लागि आवश्यक मानिने सस्वरपठन क्षमता अध्ययनका थुप्रै प्रयोजनहरू रहेका छन् । जस अन्तर्गत विद्यार्थीहरूमा बोध क्षमताको विकास गराउन स्थानीय भाषिकाको प्रभाव हटाउन विद्यार्थीहरूमा बोलाइ सिपको विकास गर्न जस्ता कुराहरूमा यसको प्रयोजन हुने गर्दछ । यस्तै भाविष्यमा बालकलाई कुशल वाचन बनाउनका लागि सस्वरपठन उपयोगी हुन्छ । शुद्ध उच्चारण गराउन गति, यति, लय, मिलाई वाचन क्षमताको विकास गर्न मनोरञ्जन प्रदान गर्न, लेख्य चिह्नको ख्याल गरी पढ्न जस्ता कार्यमा यो उपयोगी मानिन्छ ।

# अध्याय तिन
# अध्ययन विधि र प्रक्रिया

कुनै पनि शोधकार्य व्यवस्थित र वस्तुनिष्ठ हुने भएकोले यसमा आफ्नै विधि रहेका हुन्छन् । शोधकार्यको विधिवत् रूपमा सम्पन्न गर्नका लागि उपयोग गरिने तारिका पद्धति वा प्रक्रियालाई नै शोधविधि भनिन्छ । कुनै पनि अनुसन्धानकर्ताले अनुसन्धानको वास्तविक मूल्याङ्कन शोध विधिबाट नै गरिएको छ । शोधविधि अनुसन्धान कार्यलाई अगाडि बढाउने उपयुक्त मार्ग हो (भट्टराई, २०६८) । यसरी अनुसन्धान कार्यलाई छिटो छरितो उद्देश्यमूलक र उपलब्धिमूलक तरिकाले सम्पन्न गर्नकालागि अध्ययनविधि आवश्यक हुन्छ ।

कुनै पनि विषयमा अनुसन्धान गर्नु पूर्व त्यस विषयमा के कस्ता कार्यहरू भएका छन् र के कति हुन बाँकी छन् भन्ने कुराको सैद्धान्तिक ज्ञान हुनु आवश्यक हुन्छ । सो ज्ञान हासिल गर्न पुस्तकालयीय अध्ययनको प्रयोग गरिन्छ । यसै गरी क्षेत्रीय अध्ययन विधिमा अनुसन्धानकर्ता सम्बन्धित क्षेत्रमै गएर वस्तुस्थितिका बारेमा अध्ययन गरिएको छ ।

## ३.१ अध्ययन विधि

अध्ययनको प्रकृतिको आधारमा विधि तथा प्रक्रियाको अवलम्बन गर्नु पर्ने हुन्छ । यस अध्ययनका लागि पुस्तकालयीय र क्षेत्रीय अध्ययन विधिको अवलम्बन गरिएको छ ।

## ३.२ अध्ययन प्रक्रिया

यसका लागि निम्नानुसार प्रक्रिया अपनाइको छ :

### ३.२.१ जनसङ्ख्याको पहिचान

प्रस्तुत अध्ययनमा २०७३ सालमा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरू जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.२.२ नमुना छनोट

अध्ययनलाई तथ्यपूर्ण, विश्वसनीय र प्रभावकारी बनाउन सम्पूर्ण जनसङ्ख्यालाई नमुनाको रूपमा लिनसकेमा अध्ययन औचित्यपूर्ण रहन्छ । भौगोलिक अवस्था समयको

अभाव आर्थिक कठिनाइका आदि विभिन्न कारणले गर्दा यस अध्ययनमा पाल्पा जिल्लाका पाँचवटा सामुदायिक विद्यालय र पाँचवटा संस्थागत विद्यालयमा अध्ययनरत १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको छ । प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले पाँचजना छात्र र पाँचजना छात्रालाई सहभागी गराइएको छ ।

## ३.३ सामग्री सङ्कलन

कुनै पनि अध्ययन कार्य गर्नका लागि प्रथमतः विषय अनुसार सामग्री जुटाउनु पर्ने हुन्छ । सामग्री प्राथमिक द्वितीयक गरी दुई किसिमका हुन्छन् । यो अध्ययन विद्यार्थीहरूको सस्वरपठन क्षमतासँग सम्बन्धित भएकाले विशेष गरी प्राथमिक स्रोतलाई आधार मानी सामग्री सङ्कलन गरी उपयोगमा ल्याइएको छ । सामग्री निर्माण गर्नेक्रममा छनोटमा परेका पाँच सामुदायिक र पाँच संस्थागत गरी जम्मा दशवटा विद्यालयका दश/दश जना विद्यार्थीहरूलाई सस्वरपठन गर्न परीक्षण गरिएको छ । प्रस्तुत अध्ययनको सिलसिलामा सामग्री निर्माण तथा सङ्कलन गर्ने क्रममा दृष्टांश र अदृष्टांश गरी दुई किसिमका गद्यांश सामग्री छनोट गरिएको छ । पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको परीक्षण गर्दा अवलम्बन गरिने विधि र प्रक्रिया तथा स्रोतको रूपरेखालाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

यस अध्ययनमा प्राथमिक सामग्री सङ्कलन गर्ने क्रममा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । जस अन्तर्गत पाल्पा जिल्लाको रामपुर नगरपालिकामा पाँच सामुदायिक र पाँच संस्थागत विद्यालय गरी प्रत्येक विद्यालयबाट पाँच छात्र र पाँच छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूमा प्रत्यक्ष सम्पर्क गरी प्रश्नावलीका आधारमा विद्यार्थीहरूलाई सस्वरपठन गराई प्राप्त उत्तरलाई रेकर्ड गरेर रुजुसूचीको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

द्वितीयक स्रोतअन्तर्गत शोधकार्य गर्नुभन्दा पहिले नै अन्य अनुसन्धानकर्ताले सङ्कलन गरेका सामग्रीहरू पर्दछन् । यस शोधकार्यलाई पूर्णता दिनका लागि विभिन्न व्यक्ति एवम् संस्थाले प्रकाशन गरेका सन्दर्भ पुस्तक, समाचारपत्र, यसभन्दा अगाडि अनुसन्धान

गरेर निकालिएका पूर्वकार्यका प्रतिवेदन वा सन्दर्भ पुस्तक शोधसमसयासँग सम्बन्धित विज्ञका राय सुझावका साथै सम्बन्धित विद्यालयको छात्र छात्राहरू र तिनीहरूको भाषिक पृष्ठभूमि पनि द्वितीयक स्रोतका रूपमा प्रयोगमा रहेको छ ।

## ३.४ तथ्याङ्क विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययनको शीर्षक पढाइसँग सम्बन्धित रहेको छ । यसमा तथ्याङ्क सङ्कलनका क्रममा १० वटा विद्यालय छनोटगरी यिनै विद्यालयमा अध्ययनरत ५ जना छात्र र ५ जना छात्राका दरले जम्मा १० वटा विद्यालयबाट १०० जना विद्यार्थीहरूलाई सहभागी गराई निर्देशित शीर्षकमा केन्द्रित गराइ पढाइसिप परीक्षण गराइएको छ । जसमा ५० पूर्णाङ्कलाई आधारमानी विद्यार्थीको भाषिक क्षमताको मूल्याङ्कनका लागि ४०-५० अङ्कसम्म ल्याउनेलाई उत्तम, ३०-४० सम्म ल्याउनेलाई मध्यम र ३० भन्दा मुनि ल्याउनेलाई निम्नस्तर गरी विभाजन गरिएको छ । विद्यार्थीहरूको सस्वरपठन गरेको आवाजलाई रेकर्ड गरी वर्णनात्मक तरिकाले तालिकीकरण गरी प्रतिशतमा पनि देखाइएको छ । क्षेत्रीय अध्ययन विधिको अवलम्बनबाट तथ्याङ्क सङ्कलन गरी ती आधारलाई स्पष्ट पार्न विभिन्न तालिका तथा स्तम्भ चित्रमा देखाइएको छ । उक्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गरी निष्कर्ष र सुझाव समेत प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# समग्र विद्यार्थीको सस्वरपठन क्षमताको विश्लेषण

भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ मध्ये सस्वरपठनलाई पढाइ सिप अन्तर्गत लिइन्छ । लिपिबद्ध भाषामा प्रस्तुत भएका ज्ञान एवम् विचारलाई ग्रहण गर्ने वा बुझ्ने काम 'पढाइ' भनिन्छ । लिखित सामग्रीलाई अर्काले सुन्ने गरी कथ्य भाषाको ढङ्ग र ढाँचा अनुसार आवाज निकालेर गति, यति, लय, सुर, आघात, हाउभाउ समेत शृङ्खला मिलाएर पढ्नु सस्वरपठन हो ।

अनुसन्धानका सन्दर्भमा शोध निर्देशकको सल्लाह अनुसार विद्यार्थीको सस्वरपठन क्षमता अध्ययन गर्न कक्षा सातको नेपाली किताबबाट दृष्टांशमा गीत, जीवनी र अदृष्टांशमा निबन्ध, टिप्पणी छनोट गरिएको छ । केही उपयुक्त अनुच्छेदहरू छुट्याएर विद्यार्थीहरूलाई सस्वरपठन गर्न लगाइएको छ । त्यस्तै सस्वरपठनका विभिन्न आधारसँग सम्बन्धित फाराम बनाइ उक्त फारम भरी उनीहरूबाट आएको नतिजालाई विस्तृत रूपमा देखाइएको छ । उल्लेखित आधारहरूबाट प्राप्त तथ्यहरूको प्रस्तुतीकरणका साथसाथै व्याख्या र विश्लेषण गरिएको छ ।

व्याख्या र विश्लेषणका क्रममा पाल्पा जिल्लाभित्रको रामपुर नगरपालिकाको ५ सामुदायिक र ५ संस्थागत गरी जम्मा १० वटा विद्यालयका विद्यार्थीहरू नमुनाका रूपमा छनोट गरी सम्पूर्ण विद्यार्थीहरूको सस्वरपठन अध्ययन गरिएको छ । उक्त अध्ययनका आधारहरूलाई छुट्टाछुट्टै तालिका निर्माण गरेर देखाइएको छ । त्यसैगरी विद्यार्थीहरूलाई उत्तम, मध्यम, निम्न गरी ३ तहमा छुट्याइ उनीहरूको सङ्ख्याका आधारमा तालिकीकरण सहित व्याख्या विश्लेषण गरिएको छ ।

सस्वरपठन गराउँदा परीक्षणका लागि नेपाली किताबको कक्षा सातबाट लिएका दृष्टांश र अदृष्टांश सामग्री निम्न छन् :

क) एउटै मुटु एउटै मर्म (गीत)

ख) साहित्यकार झमक (जीवनी)

ग) खेलकुद (निबन्ध)

घ) आत्मविश्वास (टिप्पणी)

## ४.१ सस्वरपठन क्षमता गति-यतिसम्बन्धी विश्लेषण

पढ्दा अरूले सुन्नेगरी पढ्नु मात्र नभएर गति, यतिको पनि ख्याल गर्नुपर्ने हुन्छ । गति यतिले पढाइमा आवश्यक पर्ने वेग र रोकावटलाई सङ्केत गर्ने हुनाले विद्यार्थीलाई प्रारम्भिक तहदेखि नै सस्वरपठनसम्बन्धी अध्ययन गराउनु प्रभावकारीपूर्ण ठहर्छ । शुद्ध र स्पष्टसँग पठनमा गति र यतिको महत्त्वपूर्ण भूमिका हुन्छ । यो कुरा पठनका साथसाथै भाषिकसिप विकासका लागि पनि अनिवार्य ठानिन्छ । यही सस्वरपठनमा विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको गति-यतिसम्बन्धी के कस्तो स्थिति छ भन्ने कुराको अध्ययन गरिएको छ ।


**तालिका नं. १**

**गति-यतिसम्बन्धी विश्लेषण**

| क्र.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | १८ | ३६ | २१ | ४२ |
| २. | मध्यम | २४ | ४८ | २० | ४० |
| ३. | निम्न | ८ | १६ | ९ | १८ |
| | जम्मा | ५० | १०० | ५० | १०० |

**चित्र नं. १**

**गति-यतिको स्थिति**



माथिको तालिका तथा स्तम्भ चित्रमा गति र यति सम्बन्धी अध्ययनलाई ३ स्तरमा विभाजन गरी सस्वरपठन अन्तर्गत गति-यतिसम्बन्धी अध्ययनलाई सङ्ख्यात्मक रूपमा विद्यार्थी सङ्ख्या र प्रतिशतका आधारमा छुट्टाछुट्टै देखाइएको छ । यस आधारमा गति-यतिसम्बन्धी अध्ययनमा सामुदायिक र संस्थागत विद्यालय ५०/५० जना विद्यार्थीहरू मध्ये सामुदायिक विद्यालय तर्फ उत्तम १८ जना अर्थात् ३६ प्रतिशत, मध्यम २४ जना अर्थात् ४८ प्रतिशत र निम्नमा ८ जना अर्थात् १६ प्रतिशत रहेको छ । सस्वर वाचनको यो परिणाम हेर्दा सामुदायिक विद्यालयमा सस्वर वाचनमा गति यति क्षमता मिलाइ पढ्न जान्नेको सङ्ख्या मध्यम स्तरमा बढी रहेको देखिन्छ ।

संस्थागत विद्यालयमा विद्यार्थी सङ्ख्या उत्तम २१ जना अर्थात् ४२ प्रतिशत, मध्यम २० जना अर्थात् ४० प्रतिशत र निम्न स्तरमा ९ जना अर्थात् १८ प्रतिशत रहेको छ । संस्थागत विद्यालयमा पनि सस्वर वाचनमा गति यति मिलाउने सङ्ख्या उत्तम नै रहेको छ ।

यसरी दुवै विद्यालयको अध्ययनमा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयको स्तर राम्रो देखियो दुवै विद्यालयको अध्ययनमा मध्यममा बराबर स्थिति देखिएको छ ।

### ४.१.१ गति-यतिसम्बन्धी उत्तम, मध्यम र निम्न अवस्था

गति-यतिसम्बन्धी अध्ययन गर्दा सामुदायिक विद्यालय तर्फ उत्तममा १८ जना अर्थात् ३६ प्रतिशत, मध्यममा २४ अर्थात् ४८ प्रतिशत र निम्नमा ८ जना अर्थात् १६ प्रतिशत र संस्थागत विद्यालय तर्फ उत्तममा २१ अर्थात् ४२ प्रतिशत, मध्यममा २० जना अर्थात् ४० प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेको छ । यिनीहरूलाई उत्तम, मध्यम र निम्न उपशीर्षकमा राखिएको हो । विद्यार्थीहरूले पढ्न लगाएका अनुच्छेदमा मध्यममा विद्यार्थीको संख्या धेरै रहेको छ । उक्त तहका विद्यार्थीहरू छनोट गरिएको अनुच्छेदमा गति यति मिलाएर शुद्ध, छिटो-छिटो पढेको पाइयो र आवश्यक ठाउँमा ढङ्ग ढाँचा अनुसार पढाइलाई उत्तम तरिकाले पढेको पाइयो ।

मध्यममा पनि विद्यार्थीको गति यतिमा आवश्यक अनुसार ठिक ठिकै रूपमा पढेका थिए । निम्न स्तरमा विद्यार्थीहरूले पढाइको स्वभाविक्तालाई खज्मज्याएर एउटा अर्थ दिने ठाउँमा अर्कै अर्थ आउने गरी पढेका र वर्ण, अक्षर र शब्द वाक्यको गलत उच्चारण गर्दै पढेकाले उनीहरूलाई यस तहमा राखिएको हो ।

## ४.२ सस्वरपठन क्षमतामा चिह्न प्रयोगसम्बन्धी विश्लेषण

सस्वरपठनमा गति यतिको ख्याल गदै पढ्ने सिप विकासका साथै त्यस पाठमा प्रयुक्त चिह्नहरूको समेत ख्याल गरी पढ्नु अनिवार्य ठानिन्छ । सामग्रीमा विभिन्न प्रकारका चिह्नहरूको प्रयोग गरिएका हुन्छ । खास-खास चिह्नहरूले अलग अलग भूमिका निर्वाह गर्ने हुनाले उपयुक्त ठाउँमा ठीक ठीक चिह्नका प्रयोग नभएमा अर्थमा समेत भिन्नता आउँछ । एउटै वाक्यलाई पनि फरक फरक चिह्नको प्रयोग गरी फरक अर्थमा प्रस्तुत गर्न सकिन्छ । त्यसैले विभिन्न विधा र त्यसको भावअनुसार चिह्नहरूको प्रयोग हुनु आवश्यक हुन्छ । मुख्य गरी पूर्णविराम (।), प्रश्न चिह्न (?), अल्पविराम (,), योजक चिह्नको प्रयोगको चर्चा गरिएको निशेषतः विद्यार्थीहरूको पढाइको क्रममा यिनै चिह्नहरूको प्रयोगलाई लेखिएको छ । जसलाई तलको तालिकामा देखाइएको छ :


**तालिका नं. २**

**चिह्न प्रयोगसम्बन्धी अध्ययन**

| क.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | १५ | ३० | १८ | ३६ |
| २. | मध्यम | २४ | ४८ | २१ | ४२ |
| ३. | निम्न | ११ | २२ | ११ | २२ |
| | जम्मा | ५० | १०० | ५० | १०० |

**चित्र नं. २**

**गति-यतिको स्थिति**




माथिको तालिका तथा स्तम्भ चित्रबाट के देखिन्छ भने चिह्न प्रयोग गरी सस्वर वाचन गर्ने विद्यार्थी सङ्ख्या सामुदायिकभन्दा संस्थागत विद्यालयमा उच्च रहेको छ । जसमा संस्थागत विद्यालयतर्फ उत्तम १८ जना अर्थात् ३६ प्रतिशत, मध्यममा २१ जना अर्थात् ४२ प्रतिशत र निम्नमा ११ जना अर्थात् २२ प्रतिशत र सामुदायिक विद्यालयतर्फ उत्तम १५ जना अर्थात् ३० प्रतिशत, मध्यममा २४ जना अर्थात् ४८ प्रतिशत र निम्नमा ११ जना अर्थात् २२ प्रतिशत रहेका छन् । सामुदायिक र संस्थागत विद्यालयमा मध्यम स्तरको पठन बढी भएको छ ।

### ४.२.१ चिह्न प्रयोगमा उत्तम, मध्यम र निम्न अवस्था

माथि उल्लेखित आँकडाका अनुसार चिह्न प्रयोगमा उत्तम अवस्थाका विद्यार्थीहरूमा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालय उच्च भएको पाइयो । सामुदायिक विद्यालयका ५० जना विद्यार्थीमध्ये उत्तममा १५ जना अर्थात् ३० प्रतिशत र मध्यममा २४ जना अर्थात् ४८ प्रतिशत र निम्नमा ११ जना अर्थात् २२ प्रतिशत र संस्थागत विद्यालयतर्फ उत्तममा १८ जना अर्थात् ३६ प्रतिशत र मध्यममा २१ जना अर्थात् ४२ प्रतिशत र निम्नमा ११ जना अर्थात् २२ प्रतिशत रहेको छ । उनीहरूले सस्वरपठन गर्दा वाक्यमा प्रयोग हुने पूर्णविराम, प्रश्नचिह्न, अल्पविराम, विश्मयादिबोधक चिह्नको प्रयोग गरेका विद्यार्थीहरू उत्तम अवस्थामा राखिएको छ । उत्तम अवस्थाका विद्यार्थी संख्या सामुदायिकमा १५ जना

अर्थात् २० प्रतिशत र संस्थागतमा १८ जना अर्थात् ३६ प्रतिशत रहेको छ । मध्यम अवस्थामा सस्वरपठन विद्यार्थीहरूको चिह्न प्रयोगसम्बन्धी मध्यम अवस्थालाई लिएको छ । छनोट गरिएको कुल १०० जना विद्यार्थीहरू मध्ये यस स्तरमा सामुदायिक विद्यालय तर्फ २४ जना अर्थात् ४८ प्रतिशत र संस्थागत विद्यालयतर्फ २१ जना अर्थात् ४२ प्रतिशत रहेका छन् । मध्यमस्तरमा सामुदायिक विद्यालयमा संस्थागत विद्यालयभन्दा बढी विद्यार्थीहरूले चिह्नको प्रयोग बढी गरेका छन् । निम्न अवस्थाका विद्यार्थीतर्फ सामुदायिक विद्यालय र संस्थागत विद्यालयतर्फ विद्यार्थीको अवस्था बराबर रहेको छ । यसमा दुवैतर्फ ११ जना अर्थात् २२ प्रतिशत रहेको छ । यस स्तरमा पढ्न लगाइएका विद्यार्थीहरूले चिह्नको राम्रो प्रयोग गर्न सकेनन् । उनीहरूले जथाभावी तरिकाले चिह्नहरूका प्रयोग गर्दै एउटा अर्थ आउने ठाउँमा अर्कै अर्थ खल्ने गरी सस्वरपठन गरेका थिए । साथै उनीहरूलाई विभिन्न चिह्नहरूको प्रयोग कस्तो सन्दर्भमा कसरी प्रयोग हुन्छ भन्ने कुराको समेत राम्रो ख्याल भएको पाइएन ।

## ४.३ सस्वरपठन क्षमतामा हाउभाउसम्बन्धी विश्लेषण

सस्वरपठनमा हाउभाउ एक महत्त्वपूर्ण आधार हो । सस्वरपठन गर्दा विधाको मर्मअनुसार उचित किसिमले हाउभाउ, मुख-मुद्रा अङ्ग संचालन आदिको ख्याल गर्नु आवश्यक छ । यहाँ पाल्पा जिल्लाका सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा सस्वरपठनमा अध्ययन गरिएको छ । पढिएको सामग्रीलाई उनीहरूको हाउभाउ हेरेर पत्ता लगाउन सक्ने भएकाले पठनमा यसको सन्तुलन कायम गर्न सक्नुपर्छ । जुन तथ्यलाई विभिन्न तहमा विभाजन गरेर यहाँ देखाइएको छ । सामुदायिक विद्यालय र संस्थागत विद्यालयको विद्यार्थीहरूले गरेको अध्ययनको परिणाम निम्नानुसार रहेको छ :


**तालिका नं. ३**

**हाउभाउसम्बन्धी अध्ययन**

| क्र.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | १९ | ३८ | २२ | ४४ |
| २. | मध्यम | २३ | ४६ | १९ | ३८ |
| ३. | निम्न | ४ | १७ | ९ | १८ |
| | जम्मा | ५० | १०० | ५० | १०० |

**चित्र नं. ३**

**हाउभाउसम्बन्धी अध्ययन**




माथिको तालिका तथा स्तम्भ चित्र अनुसार सामुदायिक विद्यालयका ५० जना विद्यार्थीमध्ये उत्तममा १९ जना अर्थात् ३८ प्रतिशत, मध्यममा २३ जना अर्थात् ४६ प्रतिशत र निम्नमा ८ जना अर्थात् १६ प्रतिशत रहेका छन् । सबैभन्दा बढी मध्यममा २३ जना रहेका छन् र कम निम्नमा ८ जना रहेका छन् । त्यस्तै संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरू मध्ये उत्तममा २२ जना अर्थात् ४४ प्रतिशत, मध्यम १९ जना अर्थात् ३८ प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् । सबैभन्दा बढी उत्तममा २२ जना र सबभन्दा कम निम्नमा ९ जना रहेका छन् ।

### ४.३.१ हाउभाउसम्बन्धी उत्तम, मध्यम र निम्न अवस्था

हाउभाउसम्बन्धी उत्तम अवस्थामा १०० जना विद्यार्थीहरू मध्ये सामुदायिक विद्यालयमा १९ जना अर्थात् ३८ प्रतिशत र संस्थागतमा २२ जना अर्थात् ४४ प्रतिशत रहेका छन् । यसमा विद्यार्थीहरूले भाव अनुसार हातको प्रयोग गर्ने, मुन्टो हल्लाउने, उपयुक्त रूपमा मुख मुद्राको ख्याल गर्दै पढ्ने विद्यार्थी यस अन्तर्गत रहेको पाइयो । हाउभाउसम्बन्धी मध्यम अवस्थामा विद्यार्थीहरूको अवस्था राम्रा रहेको पाइयो । सस्वरपठनमा हाउभाउसम्बन्धी आधारमा यस स्तरमा १०० जना मध्ये २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयका र १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयका रहेका छन् । यसरी हाउभाउको ख्याल गरी पढ्ने विद्यार्थीको संख्या मध्यम

स्तरमा बढी रहेका छन् । हाउभाउको निम्न अवस्थामा रहेका विद्यार्थीहरूले पढ्न क्रममा विधाको ख्यालनगरी, हाउभाउ मुखमुद्रा आदि नमिलाई जथाभावी रूपमा पढ्ने विद्यार्थीहरूलाई यसमा राखिएको छ । १०० जना विद्यार्थी मध्ये ८ जना अर्थात् १६ प्रतिशत सामुदायिक विद्यालयका र ९ जना अर्थात् १८ प्रतिशत संस्थागत विद्यालयका विद्यार्थीहरू रहेका छन् ।

## ४.४ सस्वरपठन क्षमतामा सुरस्वर प्रसारणसम्बन्धी विश्लेषण

सामान्यतया सस्वरपठन भनेको स्रोताले राम्ररी सुन्ने गरी पढ्नु भन्ने बुझिन्छ तर यहाँ त्यसैलाई सुरस्वर प्रसारण भित्र आरोह-अवरोह, अघात, लय, अनुतान, शुद्ध उच्चारण आदि पनि पर्दछन् । लिपिबद्ध सामग्रीको पठन गर्दा कसरी शुद्ध उच्चारण गर्ने, कहाँ लय हाल्ने, आदि कुरालाई राम्ररी ख्याल गर्नु पर्छ । सुरस्वर प्रसारण अन्तर्गत सुर, लय आदिले गर्दा पढाइ रूचिपूर्ण हुनुका साथै पठन प्रभावकारी बन्न पुग्छ । सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले कतिको ख्याल गरेका छन् भनी देखाइएको छ । साथै कुन विद्यालयका विद्यार्थीहरू यसमा बढी सचेत छन् भन्ने कुराको अध्ययन गरिएको छ । यहाँ सुरस्वर प्रसारण सम्बन्धी अवस्थालाई तालिका र स्तम्भ चित्रमा देखाइएको छ ।


**तालिका नं. ४**

**सुरस्वर प्रसारणसम्बन्धी अध्ययन**

| क.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | १६ | ३२ | २० | ४० |
| २. | मध्यम | २६ | ५२ | १९ | ३८ |
| ३. | निम्न | ८ | १६ | ११ | २२ |
| | जम्मा | ५० | १०० | ५० | १०० |

**चित्र नं. ४**

**सुरस्वर प्रसारणसम्बन्धी अध्ययन**




माथिको तालिका तथा स्तम्भचित्र अनुसार सामुदायिक विद्यालयतर्फ उत्तममा १६ जना अर्थात् ३२ प्रतिशत, मध्यमा २६ जना अर्थात् ५२ प्रतिशत र निम्नमा ८ जना अर्थात् १६ प्रतिशत रहेका छन् । त्यस्तै संस्थागत विद्यालय तर्फ उत्तममा २० जना अर्थात् ४० प्रतिशत, मध्यममा १९ जना अर्थात् ३८ प्रतिशत र निम्नमा ११ जना अर्थात् २२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । निम्नस्तरमा विद्यार्थीहरूको सुर, लय र आघात सम्बन्धी अवस्थालाई त्यति राम्रो मान्न सकिदैन । उत्तम, मध्यम र निम्न अवस्थाको विद्यार्थीलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

### ४.४.१ सुरस्वर प्रसारणसम्बन्धी उत्तम, मध्यम र निम्न अवस्था

सस्वरपठन गर्ने क्रममा सुर, लय र आघातसम्बन्धी उत्कृष्ट रूपमा प्रस्तुत हुने विद्यार्थीको अवस्थालाई सुरस्वर प्रसारणमा उत्तम अवस्था भनिएको छ । यस्ता विद्यार्थीहरूले कुन शब्दलाई बढी जोड दिने, कुन शब्दलाई कम जोड दिने, कहाँ लय, आघात मिलाउने, आरोह, अवरोह सबै मिलाउने आदिको सबै ख्याल गरेका थिए । यस्ता विद्यार्थीहरू सामुदायिक विद्यालयका १६ जना अर्थात् ३२ प्रतिशत र संस्थागत विद्यालयका २० जना अर्थात् ४० प्रतिशत रहेका छन् । त्यस्तै मध्यम अवस्थाका विद्यार्थीहरूले सस्वरपठनमा सुर, लय र आघात सम्बन्धी सन्तोषजनक स्थितिलाई यस अवस्थामा राखिएको छ । यस्ता विद्यार्थीहरूले सस्वरपठन गर्दा धेरै राम्रो र धेरै नराम्रो पनि नगरी मध्यम स्तरमा पढेका थिए

। नमुनाको रूपमा छनोट गरिएका १०० जना विद्यार्थीहरू मध्ये सामुदायिक विद्यालयतर्फ २६ जना अर्थात् ५२ प्रतिशत र संस्थागततर्फ १९ जना अर्थात् ३८ प्रतिशत रहेका छन् । विद्यार्थीहरूको यस्तो अवस्थालाई हेर्दा सुर, लय र आघात सम्बन्धी उनीहरको क्षमता मध्यम स्तरको देखिन्छ । त्यस्तै निम्न अवस्थाका विद्यार्थीहरूको सस्वरपठन गर्नेक्रममा सुर, लय र आघात सम्बन्धी आधारभूत ज्ञानसम्म नभएका विद्यार्थीहरूलाई यस शीर्षकभित्र राखिएको छ । यस्ता विद्यार्थीहरूले सस्वरपठन गर्ने क्रममा जथाभावी रूपले पढेको पाइन्छ । नमुनाको रूपमा लिइएका जम्मा १०० जना विद्यार्थीहरू मध्ये सामुदायिक विद्यालय तर्फ ८ जना अर्थात् १६ प्रतिशत र संस्थागत तर्फ ११ जना अर्थात् २२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । जसलाई सस्वरपठनमा स्वर प्रसारण सम्बन्धी राम्रोस्थिति मान्न सकिँदैन ।

## ४.५ सस्वरपठन क्षमतामा भावसम्बन्धी विश्लेषण

सस्वरपठनमा साहित्यका विधा अनुसारको भाव हुनु आवश्यक छ । साहित्यका कथा, कविता, संवाद, निबन्ध, प्रबन्ध, दैनिकी, चिठी आदि विधाअनुसार भाव अभिव्यक्तिगत शैली फरक फरक हुन्छ साथै आफ्नै प्रभावको आभास हुन्छ । वाचनको प्रभावपूर्णता अनुसार विधाको रूचि र सवाहनमा पृथकता भई छुट्टै मिठास उत्पन्न हुन्छ । यस आधारमा पाल्पा जिल्लाको कक्षा सातमा सामदायिक र संस्थागत विद्यालयका ५०/५० जना विद्यार्थीहरू माथि गरेको अध्ययनको परिणाम निम्नानुसारको पाइयो ।


**तालिका नं. ५**

**भावसम्बन्धी अध्ययन**

| क्र.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | १८ | ३६ | २१ | ४२ |
| २. | मध्यम | २५ | ५० | २० | ४० |
| ३. | निम्न | ७ | १४ | ९ | १८ |
| | जम्मा | ५० | १०० | ५० | १०० |

**चित्र नं. ५**

**भावको स्थितिसम्बन्धी अध्ययन**




माथिको तालिका तथा स्तम्भ चित्रबाट के देखिन्छ भने सामुदायिक विद्यालयमा ५० जना विद्यार्थीहरू मध्ये १८ जना अर्थात् ३६ प्रतिशत उत्तममा, २५ जना अर्थात् ५० प्रतिशत मध्यममा र ७ जना अर्थात् १४ प्रतिशत निम्नमा रहेका छन् । त्यसैगरी संस्थागत विद्यालय तर्फ २१ जना अर्थात् ४२ प्रतिशत उत्तममा, २० जना अर्थात् ४० प्रतिशत मध्यममा र ९जना अर्थात् १८ प्रतिशत निम्नअवस्थामा देखिएका छन् ।

## ४.५.१ भावसम्बन्धी उत्तम, मध्यम र निम्न अवस्था

पठनका क्रममा भावको ख्याल गर्दै पढ्नु पर्ने हुन्छ । अध्ययनका क्रममा छनोट गरिएका १०० जना विद्यार्थीहरू मध्ये भाव अनुसार राम्ररी पढ्ने अर्थात उत्तम अवस्थामा रहेका विद्यार्थीहरू १८ जना अर्थात् ३६ प्रतिशत सामुदायिक विद्यालयमा र २१ जना अर्थात् ४२ प्रतिशत संस्थागत विद्यालय तर्फ रहेका छन् । त्यसरी नै अवस्थाका विद्यार्थीहरूले पढ्दा भावका आधारमा पढेका थिए । उनीहरूले कस्तो कस्तो अवस्थामा भाव व्यक्त गर्ने भन्ने कुराको ख्याल गरेका थिए । यसरी नै मध्यम अवस्थाका विद्यार्थीहरू मध्ये सामुदायिक विद्यालयका २५ जना अर्थात् ५० प्रतिशत र संस्थागत विद्यालयका २० जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू भाव अनुसार पढेकोले मध्यम स्तरमा छन् । भावको अलिकति पनि जानकारी नभएका विद्यार्थीहरूलाई निम्न अवस्थामा राखिएको छ । सामुदायिक विद्यालय तर्फ ७ जना अर्थात् १४ प्रतिशत र संस्थागत विद्यालय तर्फ ९जना अर्थात् १८ प्रतिशत निम्नअवस्थाका विद्यार्थीहरू रहेका छन् ।

## ४.६ सस्वरपठन क्षमतामा स्पष्ट उच्चारण सम्बन्धी विश्लेषण

पढाइमा होस् वा बोलाइमा अभिव्यक्त वर्ण र शब्दको स्पष्ट उच्चारण गर्नु आवश्यक हुन्छ । उच्चारणको अस्पष्टताका कारण अभिव्यक्त कुराहरूको अर्थको अनर्थ हुने अभिव्यक्ति दुर्बल र अप्रभावकारी हुने हास्यास्पद र अशोभनीय समेत हुने कुरा लेखक, विद्वान् र शोधार्थीहरूले उल्लेख गरेको छन् । यस आधारमा पाल्पा जिल्ला कक्षा सातमा संस्थागत र सामुदायिक विद्यालयका ५०/५० जना विद्यार्थीहरू माथि गरेको अध्ययनका परिणाम निम्नानुसार भएको पाइयो ।


**तालिका नं. ६**

**सस्वरपठन क्षमतामा स्पष्ट उच्चारणसम्बन्धी विश्लेषण**

| क.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | १७ | ३४ | २१ | ४२ |
| २. | मध्यम | २४ | ४८ | २१ | ४२ |
| ३. | निम्न | ९ | १८ | ८ | १६ |
| | जम्मा | ५० | १०० | ५० | १०० |

**चित्र नं. ६**

**सस्वरपठन क्षमतामा स्पष्ट उच्चारणसम्बन्धी विश्लेषण**



माथिको तालिका तथा स्तम्भ चित्रबाट के देखिन्छ भने सामुदायिक विद्यालय तर्फ उत्तम १७ जना अर्थात् ३४ प्रतिशत, मध्यममा २४ जना अर्थात् ४८ प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत र संस्थागत विद्यालय तर्फ उत्तममा २१ जना अर्थात् ४२ प्रतिशत, मध्यममा २१ जना अर्थात् ४२ प्रतिशत र निम्नमा ८ जना अर्थात् १६ प्रतिशत रहेका छन् ।

### ४.६.१ स्पष्ट उच्चारणसम्बन्धी उत्तम, मध्यम र निम्न अवस्था

माथिको तालिका तथा स्तम्भ चित्रबाट पठनका क्रममा स्पष्ट उच्चारण गर्नुपर्ने हुन्छ । अध्ययनका क्रममा छनोट गरिएका ५०/५० जना विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालयतर्फ उत्तममा १७ जना अर्थात् ३४ प्रतिशत र संस्थागत विद्यालय तर्फ २१ जना अर्थात् ४२ प्रतिशत उत्तम अवस्थाका रहेका छन् । यसस्तरमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयतर्फको स्थिति राम्रो रहेको छ । यस्ता विद्यार्थीहरूले शुद्ध रूपले उच्चारण गरी पठनकार्य गरेको पाइयो । उत्तम अवस्थामा विद्यार्थीले शुद्ध र स्पष्ट रूपमा उच्चारण गरेका थिए । त्यस्तैगरी मध्यम अवस्था तर्फ सामुदायिक विद्यालय तर्फ २४ जना अर्थात् ४८ प्रतिशत र संस्थागत विद्यालयतर्फ २१ जना अर्थात् ४२ प्रतिशत रहेका छन् । यस अवस्थामा पढाइका क्रममा विद्यार्थीहरूले लिखित सामग्रीलाई पढ्ने क्रममा ठीकठीकै रूपमा उच्चारण गरी पढेका थिए । त्यस्तैगरी निम्न अवस्थामा सस्वरपठन गर्ने क्रममा स्पष्ट उच्चारण सम्बन्धी राम्रोसँग ख्याल नगर्ने, नभएको शब्दहरू उच्चारण गर्ने विद्यार्थीहरूलाई प्राप्त नतिजा अनुसार नमुनाका रूपमा लिइएका १०० जना विद्यार्थीमध्ये सामुदायिक विद्यालय तर्फका ९ जना र्थात् १८ प्रतिशत र संस्थागत विद्यालय तर्फ ८ जना अर्थात् १६ प्रतिशत निम्नस्तरका विद्यार्थीहरूको स्पष्ट उच्चारण सम्बन्धी अवस्था राम्रो भन्न सकिदैन ।

# अध्याय पाँच

# विद्यालयको प्रकृति र लैङ्गिकताको आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको स्थिति

प्रस्तुत अध्ययन पाल्पा जिल्लाका १० वटा विद्यालयबाट छनोट गरिएका १०० जना विद्यार्थी मध्ये ५० जना छात्रा र ५० जना छात्रलाई सस्वरपठनमा सहभागी गराइएको छ । यस अध्ययनबाट सामुदायिक विद्यालय र संस्थागत विद्यालयको छात्र र छात्रा सस्वरपठन क्षमता कस्तो छ भनेर अध्ययन गरिएको छ । छात्रको स्तर राम्रो छ कि छात्राको भनेर संस्थागत र सामुदायिक विद्यालयको अध्ययन गरिएको छ । यसलाई गति, यतिको अवस्था, हाउभाउको अवस्था, चिह्न प्रयोगको अवस्था, सुरस्वर प्रसारणको अवस्था, भावभिव्यक्तिको अवस्था, स्पष्ट उच्चारणको अवस्थालाइ आधार मानेर विभाजन गरेर प्रकृति र लैङ्गिकताको र आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको व्याख्या तथा विश्लेषण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ५.१ प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूका सस्वरपठन क्षमता

पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्ने क्रममा पाल्पा जिल्लाका रामपुर नगरपालिका भित्रका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा १० वटा विद्यालयमा गरिएको अध्ययनलाई प्रस्तुत गरिएको छ । अध्ययनकै सन्दर्भमा १० वटै विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरी नेपाली किताब कक्षा सातबाट विभिन्न विधा (निबन्ध, जीवनी, गीत, टिप्पणी) छनोट गरेर केही अनुच्छेद पढ्न लगाएर उनीहरूको सस्वरपठन क्षमताको जाँच गरिएको छ । पठन क्षमता परीक्षण गर्ने क्रममा यसका विभिन्न आधारहरू उल्लेख गरी सस्वरपठनका रूपमा देखाइएको छ । प्रकृतिका आधारमा सस्वरपठन भन्नाले पाल्पा जिल्लामा रहेको सामुदायिक तथा संस्थागत विद्यालयका ग्रामीण र शहरी क्षेत्रका विद्यालयलाई जनाउँछ । पाल्पा जिल्लाको १० वटा विद्यालयलाई नमुनाका रूपमा लिएका विद्यालय सबै एउटै क्षेत्रमा रहेको छ । सामुदायिक र संस्थागत सबै विद्यालय सबैको क्षेत्र समान ठाउँमा रहेको छ ।

### ५.१.१ गति, यतिको अवस्था

प्रस्तुत अध्ययनमा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सामुदायिक र संस्थागत विद्यालयका आधारमा गति, यति सम्बन्धी प्रकृतिको आधारमा अध्ययन गरी सस्वरपठनलाई उत्तम, मध्यम र निम्न गरी तिन स्तरमा विभाजन गरी सङ्ख्या र प्रतिशतमा देखाइएको छ ।


**तालिका नं. ७**

**प्रकृतिको गति यतिको अवस्था**

| क.सं | स्तर | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | ६ | ३० | १२ | ४० | ७ | ३५ | १४ | ४६.६७ |
| २. | मध्यम | १० | ५० | १४ | ४६.६६ | ९ | ४५ | ११ | ३६.६७ |
| ३. | निम्न | ४ | २० | ४ | १३.३३ | ४ | २० | ५ | १६.६७ |
| | जम्मा | २० | १०० | ३० | १०० | २० | १०० | ३० | १०० |

**चित्र नं. ७**

**प्रकृतिको गति यतिको अवस्था**



माथिको तालिका अनुसार विद्यार्थीहरूको गति र यति सम्बन्धी अध्ययन गर्नको लागि सामुदायिक र संस्थागत विद्यालयका ५/५ वटा विद्यालयको ५०/५० जना विद्यार्थीलाई नमुनाको रूपमा लिइएको छ । सामुदायिक र संस्थागत विद्यालय अन्तर्गत ग्रामीण क्षेत्रको विद्यालय र सहरी क्षेत्रको विद्यालयको अध्ययन गर्दा सामुदायिक विद्यालयको ग्रामीण क्षेत्रको विद्यार्थी उत्तम अवस्थामा ६ जना अर्थात् ३० प्रतिशत, मध्यम अवस्थामा १० जना अर्थात् ५० प्रतिशत र निम्न अवस्थामा ४ जना अर्थात् २० प्रतिशत र सहरी क्षेत्रमा उत्तम अवस्थामा १० जना अर्थात् ४० प्रतिशत, मध्यम अवस्थामा १४ जना अर्थात् ४६.६७ प्रतिशत र निम्न अवस्थामा ४ जना अर्थात् १३.३३ प्रतिशत रहेको छ । त्यस्तै गरी संस्थागत विद्यालय तर्फ ग्रामीण क्षेत्रको विद्यार्थीहरू उत्तम अवस्थामा ७ जना अर्थात् ३५ प्रतिशत, मध्यममा ९जना अर्थात् ४५ प्रतिशत र निम्नमा ४ जना अर्थात् ४६.६७ प्रतिशत र मध्यममा ११ जना अर्थात् ३६.६७ प्रतिशत र निम्नमा ५ जना अर्थात् १६.६७ प्रतिशत विद्यार्थी रहेका छन् ।

### ५.१.२ प्रकृतिको आधारमा चिह्न प्रयोगको अवस्था

प्रस्तुत अध्ययनमा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सामुदायिक र संस्थागत विद्यालयका ग्रामीण र सहरी क्षेत्रको आधारमा चिह्न प्रयोगसम्बन्धी अवस्थाको अध्ययन गरी विद्यार्थीको सस्वरपठनलाई उत्तम, मध्यम र निम्न गरी तिन स्तरमा विभाजन गरी तालिकाबाट स्पष्ट पारिएको छ ।


**तालिका नं. ८**

**प्रकृतिको आधारमा चिह्न प्रयोगको अध्ययन**

| क्र.सं | स्तर | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | ६ | ३० | ९ | ३० | ७ | ३५ | ११ | ३६.६७ |
| २. | मध्यम | १० | ५० | १४ | ४६.६७ | ८ | ४० | १३ | ४३.३३ |
| ३. | निम्न | ४ | २० | ७ | २३.३३ | ५ | २५ | ७ | २० |
| | जम्मा | २० | १०० | ३० | १०० | २० | १० | ३० | १०० |

**चित्र नं. ८**

**प्रकृतिको आधारमा चिह्न प्रयोगको अध्ययन**




माथिको तालिका अनुसार ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयको ५०/५० जना विद्यार्थीलाई नमुनाको रूपमा लिएको छ । प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयलाई ग्रामीण र सहरी क्षेत्र गरी विभाजन गरी सामुदायिक विद्यालय तर्फ ग्रामीण क्षेत्रका उत्तम अवस्थामा ६ जना अर्थात् ३० प्रतिशत, मध्यममा १० जना अर्थात् ५० प्रतिशत र निम्नमा ४ जना अर्थात् २० प्रतिशत र सहरी क्षेत्रमा उत्तम अवस्थामा ९जना अर्थात् ३० प्रतिशत, मध्यम अवस्थामा १४ जना अर्थात् ४६.६७ प्रतिशत र निम्न अवस्थामा ७ जना अर्थात् २३.३३ प्रतिशत रहेका छन् । त्यस्तै संस्थागत विद्यालय तर्फ ग्रामीण क्षेत्रमा उत्तम अवस्थामा ७ जना अर्थात् ३५ प्रतिशत, मध्यम अवस्थामा ८ जना अर्थात् ४० प्रतिशत र निम्न अवस्थामा ५ जना अर्थात् २५ प्रतिशत र सहरी क्षेत्रमा उत्तम अवस्थामा ११ जना अर्थात् ३६.६७ प्रतिशत, मध्यममा १३ जना अर्थात् ४३.३३ प्रतिशत र निम्नमा ७ जना अर्थात् २० प्रतिशत रहेका छन् ।

### ५.१.३ प्रकृतिका आधारमा हाउभाउसम्बन्धी अध्ययन

प्रस्तुत अध्ययनमा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सामुदायिक र संस्थागत विद्यालयका आधारमा हाउभाउ तथा अभिनय सम्बन्धी अवस्थाको

अध्ययन गरी विद्यार्थीको सस्वरपठनलाई उत्तम, मध्यम र निम्न गरी तिन स्तरमा विभाजन गरी तालिकामा स्पष्ट पारिएको छ ।


**तालिका नं. ९**

**हाउभाउसम्बन्धी स्थिति**

| क.सं | स्तर | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | ६ | ३० | १३ | ४३.३३ | ९ | ४५ | १३ | ४३.३३ |
| २. | मध्यम | ९ | ४५ | १४ | ४६.६७ | ७ | ३५ | १२ | ४० |
| ३. | निम्न | ५ | २५ | ३ | १० | ४ | २० | ५ | १६.६७ |
| | जम्मा | २० | १०० | ३० | १०० | २० | १० | ३० | १०० |

**चित्र नं. ९**

**हाउभाउसम्बन्धी स्थिति**




माथिको तालिका र स्तम्भ चित्रमा प्रस्तुत तथ्याङ्कका अध्ययन गर्दा सामुदायिक विद्यालयबाट छनोट गरिएका ५० जना विद्यार्थी मध्ये ग्रामीण क्षेत्रका उत्तम अवस्थामा ६ जना अर्थात् ३० प्रतिशत, मध्यममा ९जना अर्थात् ४५ प्रतिशत र निम्नमा ५ जना अर्थात् २५ प्रतिशत र सहरी क्षेत्रमा उत्तममा १३ जना अर्थात् ४३.३३ प्रतिशत, मध्यममा १४ जना

अर्थात् ४६.६७ प्रतिशत र निम्नमा ३ जना अर्थात् १० प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयबाट छनोट गरिएका ५० जना विद्यार्थी मध्ये ग्रामीण क्षेत्रमा उत्तममा ९जना अर्थात् ४५ प्रतिशत, मध्यममा ७ जना अर्थात् ३५ प्रतिशत र निम्नमा ४ जना अर्थात् २० प्रतिशत र सहरी क्षेत्रमा उत्तम १३ जना अर्थात् ४३.३३ प्रतिशत, मध्यममा १२ जना अर्थात् ४० प्रतिशत र निम्नमा ५ जना अर्थात् १६.६७ प्रतिशत रहेको पाइन्छ ।

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू मध्ये उत्तम स्तरमा पर्ने विद्यार्थीहरूले लिखित सामग्री वाक्यांशलाई पढ्दा आवश्यक ठाउँमा उपयुक्त तरिका मुखमुद्रा, हात हल्लाउने, शरीर मर्काउने पाठ्यांशको प्रकृति अनुसार हाउभाउ मिलाएर पढेको पाइयो । मध्यम स्तरमा पर्ने विद्यार्थीले उत्तमभन्दा केही कमरूपमा हल्लाउने, शरीर मर्काउने र पाठयांशको प्रकृति अनुसार हाउभाउ मिलाएर पढे । निम्न स्तरमा पर्ने विद्यार्थीले पढ्दा हाउभाउको प्रयोगमा ख्यालै नगरी सरसर्ती रूपमा शरीर र हात नचाई पढेको पाइयो ।

### ५.१.४ प्रकृतिका आधारमा सुरस्वर प्रसारणको अवस्थासम्बन्धी अध्ययन

प्रस्तुत अध्ययनमा पाल्पाल जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सामुदायिक र संस्थागत विद्यालयको ग्रामीण र सहरी क्षेत्रको आधारमा स्वरप्रसारण सम्बन्धी अवस्थाको अध्ययन गरी विद्यार्थीको सस्वरपठनलाई उत्तम, मध्यम र निम्न गरी तिनस्तरमा विभाजन गरी तालिकामा स्पष्ट पारिएको छ ।


**तालिका नं. १०**

**स्वर प्रसारणसम्बन्धी स्थिति**

| क.सं | स्तर | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | ५ | २५ | ११ | ३६.६७ | ७ | ३५ | १३ | ४३.३४ |
| २. | मध्यम | १३ | ६५ | १३ | ४३.३३ | ९ | ४५ | १० | ३३.३३ |
| ३. | निम्न | २ | १० | ६ | २० | ४ | २० | ७ | २३.३३ |
| | जम्मा | २० | १०० | ३० | १०० | २० | १० | ३० | १०० |

चित्र नं. १०

स्वर प्रसारण सम्बन्धी स्थिति




माथिको तालिका र स्तम्भ चित्रमा प्रस्तुत तथ्याङ्कको अध्ययन गर्दा सामुदायिक विद्यालयबाट छनोट गरिएका ५० जना विद्यार्थी मध्ये ग्रामीण क्षेत्रका उत्तम अवस्थामा ५ जना अर्थात् २५ प्रतिशत, मध्यममा १३ जना अर्थात् ६५ प्रतिशत र निम्नमा २ जना अर्थात् १० प्रतिशत र सहरी क्षेत्रमा उत्तममा ११ जना अर्थात् ३६.६७ प्रतिशत, मध्यममा १३ जना अर्थात् ४३.३४ प्रतिशत र निम्नमा ७ जना अर्थात् २० प्रतिशत रहेका छन् । त्यस्तैगरी संस्थागत विद्यालयबाट छनोट गरिएका ५० जना विद्यार्थी मध्ये ग्रामीण क्षेत्रमा उत्तममा ७ जना अर्थात् ३५ प्रतिशत, मध्यममा ९ जना अर्थात् ४५ प्रतिशत र निम्नमा ४ जना अर्थात् २० प्रतिशत र त्यस्तै सहरी क्षेत्रमा उत्तम १३ जना अर्थात् ४३.३४ प्रतिशत, मध्यममा १० जना अर्थात् ३३.३३ प्रतिशत र निम्नमा ७ जना अर्थात् २३.३३ प्रतिशत रहेको पाइन्छ ।

सामुदायिक र संस्थागत विद्यालयबाट छनोट गरिएका विद्यार्थीहरू मध्ये उत्तम स्तरमा पर्ने विद्यार्थीले दिइएको पाठ्य सामग्रीको वाक्यांशलाई पाठको प्रकृति अनुसार आरोह, अवरोह, सुर, लय, अनुतान उपयुक्त तरिकाले उत्कृष्ट रूपमा प्रयोग गरी पढेका थिए । मध्यम स्तरमा पर्ने विद्यार्थीले आरोह, अवरोह, अनुतान आदि सम्बन्धी ठीक ठीकै रूपमा प्रयोग गरी पढे । निम्नस्तरमा पर्ने विद्यार्थीले पाठ्य सामग्रीको वाक्यांश पढ्दा आरोह, अवरोह, सुर, अनुतानको ज्यादै न्यूनरूपमा ख्याल नगरी एकनासले पढेका थिए ।

### ५.१.५ प्रकृतिका आधारमा भावाभिव्यक्तिको अवस्था सम्बन्धी अध्ययन

प्रस्तुत अध्ययन पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई प्रकृतिको आधारमा भावाभिव्यक्ति सम्बन्धी अवस्थाको अध्ययन गरी सस्वरपठनलाई उत्तम, मध्यम र निम्नगरी तीनस्तरमा विभाजन गरी तालिकामा स्पष्ट पारिएको छ ।


**तालिका नं. ११**

**भावाभिव्यक्तिसम्बन्धी स्थिति**

| क.सं | स्तर | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | ६ | ३० | १२ | ४० | ७ | ३५ | १४ | ४६.६७ |
| २. | मध्यम | १० | ५० | १५ | ५० | १० | ५० | १० | ३३.३३ |
| ३. | निम्न | ४ | २० | ३ | १० | ३ | १५ | ६ | २० |
| | जम्मा | २० | १०० | ३० | १०० | २० | १० | ३० | १०० |

**चित्र नं. ११**

**भावाभिव्यक्तिसम्बन्धी स्थिति**




माथिको तालिका र स्तम्भ चित्रमा प्रस्तुत तथ्याङ्कको अध्ययन गर्दा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थी छनो गरिएका ५० जना छात्रा मध्ये सामुदायिक

विद्यालयको ग्रामीण क्षेत्रबाट उत्तममा ६ जना अर्थात् ३० प्रतिशत, मध्यममा १० जना अर्थात् ५० प्रतिशत र निम्नमा ४ जना अर्थात् २० प्रतिशत र सहरी क्षेत्रमा उत्तममा १२ जना अर्थात् ४० प्रतिशत, मध्यममा १५ जना अर्थात् ५० प्रतिशत र निम्नमा ३ जना अर्थात् १५ प्रतिशत रहेको छ । त्यस्तैगरी संस्थागत विद्यालय तर्फ ग्रामीण क्षेत्रमा उत्तममा ७ जना अर्थात् ३५ प्रतिशत, मध्यममा १० जना अर्थात् ५० प्रतिशत र निम्नमा ३ जना अर्थात् १५ प्रतिशत र सहरी क्षेत्रमा उत्तम अवस्थामा १४ जना अर्थात् ४६.६७ प्रतिशत, मध्यममा १० जना अर्थात् ३३.३३ प्रतिशत र निम्नमा ६ जना अर्थात् २० प्रतिशत रहेको पाइन्छ ।

प्रस्तुत अध्ययनमाउत्तम स्तरमा पर्ने विद्यार्थीले दिइएको पाठ्य सामग्रीलाई सस्वरपठन गर्दा पाठको प्रकृति अनुसार भावलाई बुझी उत्कृष्ट रूपमा पढे । मध्यम स्तरका विद्यार्थीले पाठको भावलाई ठिक ठिकै तरिकाले सन्तुलित रूपमा भाव बुझेर पढे । निम्नस्तरमा पर्ने विद्यार्थीले भावको ज्यादै न्यून तरिकाले ख्याल गरी एकनासले पढेको पाइयो ।

### ५.१.६ प्रकृतिका आधारमा स्पष्ट उच्चारणसम्बन्धी अध्ययन

प्रस्तुत अध्ययनमा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सामुदायिक र संस्थागत विद्यालयका आधारमा उच्चारण सम्बन्धी अवस्थाको अध्ययन गरी विद्यार्थीहरूको सस्वरपठनलाई उत्तम, मध्यम र निम्न तीनस्तरमा विभाजन गरी तालिकाबाट स्पष्ट पारिएको छ ।


**तालिका नं. १२**

**उच्चारणसम्बन्धी स्थिति**

| क्र.सं | स्तर | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | | ग्रामीण क्षेत्र | | सहरी क्षेत्र | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | ६ | ३० | ११ | ३६.६९ | ७ | ३५ | १४ | ४६.६७ |
| २. | मध्यम | ९ | ४५ | १५ | ५० | १० | ५० | ११ | ३६.३३ |
| ३. | निम्न | ५ | २५ | ४ | १३.३३ | ३ | १५ | ५ | १६.६६ |
| | जम्मा | २० | १०० | ३० | १०० | २० | १० | ३० | १०० |

**चित्र नं. १२**

**उच्चारणसम्बन्धी स्थिति**




माथिको स्तम्भ चित्र र तालिकामा प्रस्तुत तथ्याङ्कको अध्ययन गर्दा सामुदायिक विद्यालयबाट छनोट गरिएका ५० जना विद्यार्थीमध्ये ग्रामीणक्षेत्रमा उत्तममा ६ जना अर्थात् ३० प्रतिशत, मध्यममा ९ जना अर्थात् ४५ प्रतिशत र निम्नमा ५ जना अर्थात् २५ प्रतिशत र सहरी क्षेत्रमा उत्तममा ११ जना अर्थात् ३६.६७ प्रतिशत, मध्यममा १५ जना अर्थात् ५० प्रतिशत र निम्नमा ३ जना अर्थात् १३.३३ प्रतिशत र संस्थागत विद्यालय तर्फ ग्रामीण क्षेत्रमा उत्तममा ७ जना अर्थात् ३५ प्रतिशत, मध्यममा १० जना अर्थात् ५० प्रतिशत र निम्नमा ३ जना अर्थात् १५ प्रतिशत र सहरी क्षेत्रमा उत्तममा १४ जना अर्थात् ४६.६७ प्रतिशत, मध्यममा ११ जना अर्थात् ३६.६७ प्रतिशत र निम्नमा ५ जना अर्थात् १६.६६ प्रतिशत रहेका छन् ।

## ५.२ लैङ्गिकताका आधारमा सस्वरपठन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन पाल्पा जिल्लाका १० वटा विद्यालयबाट छनोट गरिएका १०० जना विद्यार्थी मध्ये ५० जना छात्रा र ५० जना छात्रलाई सस्वरपठनमा सहभागी गराइएको छ । यस अध्ययनमा छात्र र छात्राको सस्वरपठन अवस्था कस्तो छ भनेर अध्ययन गरिएको छ । यसलाई गति, यतिको अवस्था, हाउभाउको अवस्था चिह्न प्रयोग, स्वर प्रसारणको अवस्था

भावाभिव्यक्तिको अवस्था र स्पष्ट उच्चारणको अवस्था गरी ६ वटा आधारमा तीनस्तरमा विभाजन गरेर व्याख्या तथा विश्लेषण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ५.२.१ गति, यतिको अवस्था

प्रस्तुत अध्ययन पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत छनोट गरिएका विद्यार्थीहरू मध्ये छात्रा र छात्रको आधारमा गति, यति सम्बन्धी अवस्थाको अध्ययन गरी विद्यार्थीको सस्वरपठनलाई उत्तम, मध्यम र निम्न गरी तीनस्तरमा विभाजन गरी तालिकाद्वारा स्पष्ट पारिएको छ ।


**तालिका नं. १३**

**छात्रा र छात्रको गति, यति अवस्थाको अध्ययन**

| क.सं. | स्तर | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | १४ | २८ | २५ | ५० |
| २. | मध्यम | २७ | ५४ | १७ | ३४ |
| ३. | निम्न | ९ | १८ | ८ | १६ |
| | जम्मा | ५० | १०० | ५० | १०० |

**चित्र नं. १३**

**छात्रा र छात्रको गति, यति अवस्थाको अध्ययन**



माथिको स्तम्भचित्र र तालिकामा प्रस्तुत तथ्याङ्कको अध्ययनगर्दा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीबाट छनोट गरिएका ५० जना छात्रामध्ये उत्तममा १४ जना अर्थात् २८ प्रतिशत, मध्यममा २७ जना अर्थात् ५४ प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेको छ भने कक्षा सातमा अध्ययनरत विद्यार्थीबाट छनोट गरिएका ५० जना छात्र मध्ये उत्तममा २५ जना अर्थात् ५० प्रतिशत, मध्यममा १७ जना अर्थात् ३४ प्रतिशत र निम्नमा ८ जना अर्थात् १६ प्रतिशत विद्यार्थीहरू रहेको पाइयो ।

प्रस्तुत अध्ययन पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत छनोट गरिएका विद्यार्थीहरूबाट छात्र र छात्रा मध्ये उत्तममा पर्ने विद्यार्थीले दिइएको पाठ्य सामग्रीको वाक्यांशमा मुखमुद्रा, गति, यति मिलाएर छिटो छिटो र आवश्यक ठाउँमा विश्राम सहित स्पष्ट रूपमा सरसर्ती पढे । मध्यम स्तरमा पर्ने विद्यार्थीले केही अक्मकाए पनि सन्तुलित रूपमा गति यति मिलाएर पढेका थिए । निम्न स्तरमा पर्ने विद्यार्थीले पाठ्य सामग्रीको सस्वरपठनमा शब्दहरू छोडी ज्यादै न्यून रूपमा गति, यतिको ख्याल नगरी पढेको पाइयो ।

छात्रा र छात्रको गुणात्मक रूपमा अध्ययन गर्दा उत्तममा छात्रा १४ जना अर्थात् २८ प्रतिशत र छात्र २५ जना अर्थात् ५० प्रतिशत यस अवस्थामा छात्राभन्दा छात्रको अवस्था राम्रो छ । त्यस्तैगरी मध्यम अवस्थामा छात्रा २७ जना अर्थात् ५४ प्रतिशत र छात्र १७ जना अर्थात् ३४ प्रतिशत रहेका छन् । यस अवस्थामा छात्राको अवस्था राम्रो छ । निम्नस्तरमा छात्रा ९जना अर्थात् १८ प्रतिशत र छात्र ८ जना अर्थात् १६ प्रतिशत रहेका छन् ।

### ५.२.२ हाउभाउको अवस्था

प्रस्तुत अध्ययन पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूमध्ये छनोट गरिएका छात्रा र छात्रको आधारमा हाउभाउसम्बन्धी अवस्थाको अध्ययन गरी विद्यार्थीहरूको सस्वरपठनलाई तीन स्तरमा विभाजन गरी त्यसलाई तालिकाबाट प्रष्ट पारिएको छ ।


**तालिका नं. १४**

**हाउभाउको अध्ययन**

| क.सं. | स्तर | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | १९ | ३८ | २२ | ४४ |
| २. | मध्यम | २३ | ४६ | १९ | ३८ |
| ३. | निम्न | ८ | १६ | ९ | १८ |
| | जम्मा | ५० | १०० | ५० | १०० |

**चित्र नं. १४**

**हाउभाउको स्थिति**




माथिको स्तम्भ चित्र र तालिकामा प्रस्तुत तथ्याङ्कको अध्ययन गर्दा कक्षा सातमा अध्ययनरत विद्यार्थीबाट छनोट गरिएका ५० जना छात्रामध्ये उत्तममा १९ जना अर्थात् ३८ प्रतिशत, मध्यममा २३ जना अर्थात् ४६ प्रतिशत र निम्नमा ८ जना अर्थात् १६ प्रतिशत रहेको छ भने कक्षा सातमा अध्ययनरत विद्यार्थीबाट छनोट गरिएका ५० जना छात्र मध्ये उत्तममा २२ जना अर्थात् ४४ प्रतिशत, मध्यममा १९ जना अर्थात् ३८ प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत विद्यार्थीहरू रहेको पाइयो ।

प्रस्तुत अध्ययनमा छात्रा र छात्रको स्थितिलाई अध्ययन गर्दा उत्तम स्तरमा पर्ने विद्यार्थीहरूले दिएको लिखित सामग्रीको वाक्यांशलाई पढ्दा आवश्यक उपयुक्त तरिकाले मुखमुद्रा, हात हल्लाउने, शरीर मर्काउने, पाठ्यांशको प्रकृति अनुसार हाउभाउ मिलाएर पढेको पाइन्छ । मध्यम स्तरमा पर्ने उत्तम अवस्थाका विद्यार्थीले भने केही कमरूपमा हात हल्लाउने शरीर मर्काउने र पाठ्यांशको प्रकृति अनुसार हाउभाउ मिलाएर पढेर । निम्न स्तरमा पर्ने विद्यार्थीले पढ्दा हाउभाउको प्रयोग नगरी सरसर्ती रूपमा शरीर र हात नचलाई पढेको पाइन्छ । छात्रा र छात्रको गुणात्मक रूपमा अध्ययन गर्दा उत्तममा छात्रा १९ जना अर्थात् ३८ प्रतिशत छन् भने छात्र २२ जना अर्थात् ४४ प्रतिशत रहेका छन् । यस स्तरमा छात्रको अवस्था राम्रो रहेको छ । मध्यम स्तरमा छात्रा २३ जना अर्थात् ४६ प्रतिशत र छात्र १९ जना अर्थात् ३८ प्रतिशत रहेको छ । यस स्तरमा छात्राको अवस्था राम्रो रहेको छ भने निम्नमा छात्रा ८ जना अर्थात् १६ प्रतिशत र छात्र ९ जना अर्थात् १८ प्रतिशत यसमा पनि छात्रको अवस्था केही मात्र स्तरमा राम्रो रहेको छ ।

### ५.२.३ चिह्न प्रयोगको अवस्था

प्रस्तुत अध्ययन पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरू मध्ये छनोट गरिएका छात्रा र छात्रहरूको आधारमा चिह्न प्रयोगसम्बन्धी अवस्थाको अध्ययन गरी विद्यार्थीहरूको सस्वरपठनलाई उत्तम, मध्यम र निम्न गरी तीन भागमा विभाजन गरी त्यसलाई तालिका र स्तम्भबाट स्पष्ट पारिएको छ ।


**तालिका नं. १५**

**चिह्न प्रयोगको अवस्था**

| क.सं. | स्तर | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | १३ | २६ | २० | ४० |
| २. | मध्यम | २६ | ५२ | १९ | ३८ |
| ३. | निम्न | ११ | २२ | ११ | २२ |
| | जम्मा | ५० | १०० | ५० | १०० |

**चित्र नं. १५**

**चिह्न प्रयोगको स्थिति**




माथिको तालिका र स्तम्भ चित्रमा प्रस्तुत तथ्याङ्कको अध्ययन गर्दा कक्षा सातमा अध्ययनरत विद्यार्थीबाट छनोट गरिएको ५० जना छात्रामध्ये उत्तममा १३ जना अर्थात् २६ प्रतिशत, मध्यममा २६ जना अर्थात् ५२ प्रतिशत र निम्नमा ११ जना अर्थात् २२ प्रतिशत रहेको छ भने कक्षा सातमा अध्ययनरत विद्यार्थीबाट छनोट गरिएका ५० जना छात्र मध्ये उत्तममा २० जना अर्थात् ४० प्रतिशत, मध्यममा १९ जना अर्थात् ३८ प्रतिशत र निम्नमा ११ जना अर्थात् २२ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।

प्रस्तुत अध्ययनमा छात्रा र छात्र विद्यार्थीको स्थितिलाई हेर्दा उत्तमस्तरमा पर्ने विद्यार्थीले दिइएको पाठ्य सामग्रीको वाक्यांशमा भएका चिह्नहरू पूर्णविराम (।), अल्पविराम (,), विस्मयसूचक (!), उद्धरण चिह्न (“ ”) आदि चिह्नहरूको प्रयोगमा पढ्ने क्रममा आवश्यक ठाउँमा उपयुक्त तरिकाले उत्कृष्ट रूपमा ख्याल गरी पढे । मध्यम स्तरमा पढ्ने विद्यार्थीहरूले पढ्दा आवश्यक ठाउँमा सन्तुलित तरिकाले चिह्न प्रयोग पढे र निम्नस्तरमा पर्ने विद्यार्थीले सस्वरपठनमा चिह्नहरूको ख्याल नगरी एकनासले पढेको पाइयो । चिह्न प्रयोगमा छात्रा र छात्रको गुणात्मक रूपमा अध्ययन गर्दा उत्तममा छात्रा १३ जना अर्थात् २६ प्रतिशत र छात्र २० जना अर्थात् ४० प्रतिशत रहेको छ । यस स्तरमा छात्राभन्दा छात्रको अवस्था राम्रो रहेको छ । मध्यममा छात्रा २६ जना अर्थात् ५२ प्रतिशत र छात्र १९

जना अर्थात् ३८ प्रतिशत रहेको छ । यसमा छात्राको स्तर राम्रो छ । निम्नस्तरमा छात्रा ११ जना र छात्र ११ जना रहेका छन्, यसको स्तर बराबर रहेको छ ।

### ५.२.४ सुरस्वर प्रसारणको अवस्था सम्बन्धी अध्ययन

प्रस्तुत अध्ययन पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरू मध्ये छनोट गरिएका छात्रा र छात्रहरूको आधारमा स्वर प्रसारणको अवस्था अध्ययन गरी विद्यार्थीको सस्वरपठनलाई उत्तम, मध्यम र निम्न गरी तीन स्तरमा विभाजन गरी त्यसलाई स्तम्भ र तालिकाबाट स्पष्ट पारिएको छ ।


**तालिका नं. १६**

**सुरस्वर प्रसारणको स्थिति**

| क.सं. | स्तर | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | १५ | ३० | २१ | ४२ |
| २. | मध्यम | २६ | ५२ | १९ | ३८ |
| ३. | निम्न | ९ | १८ | १० | २० |
| | जम्मा | ५० | १०० | ५० | १०० |

**चित्र नं. १६**

**सुरस्वर प्रसारणको स्थिति**



माथिको स्तम्भ चित्र र तालिकामा प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीबाट छनोट गरिएको ५० जना छात्रामध्ये उत्तममा १५ जना अर्थात् ३० प्रतिशत, मध्यममा २६ जना अर्थात् ५२ प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् भने कक्षा सातमा अध्ययनरत विद्यार्थीबाट छनोट गरिएका ५० जना छात्रमध्ये उत्तम अवस्थामा २१ जना अर्थात् ४२ प्रतिशत, मध्यममा १९ जना अर्थात् ३८ प्रतिशत र निम्नमा १० जना अर्थात् २० प्रतिशत विद्यार्थीहरू रहेको पाइयो ।

प्रस्तुत अध्ययनमा छात्रा र छात्र विद्यार्थीको स्थितिलाई हेर्दा उत्तममा पर्ने विद्यार्थीले दिइएको पाठ्य सामग्रीको वाक्यांशमा भएका चिह्नहरू पूर्णविराम (।), अल्पविराम (,), विस्मय (!), उद्धरण चिन (" ") आदि चिह्नको प्रयोगमा पढ्ने क्रममा आवश्यक ठाउँमा उपयुक्त तरिकाले उत्कृष्ट रूपमा ख्याल गरी पढे । मध्यम स्तरमा पढ्ने विद्यार्थीले पढ्दा आवश्यक ठाउँमा सन्तुलित तरिकाले चिह्न प्रयोग गरी पढे र निम्न स्तरमा पर्ने विद्यार्थीले कता कता मात्र केही मात्रामा चिह्नहरूको प्रयोग गरी पढेको पाइयो । चिह्न प्रयोगमा छात्रा र छात्रको स्थितिलाई हेर्दा उत्तममा छात्रा १५ जना अर्थात् ३० प्रतिशत, छात्र २१ जना अर्थात् ४२ प्रतिशत रहेका छन् । यसमा छात्राभन्दा छात्रको स्तर राम्रो रहेको छ । मध्यममा छात्रा २६ जना अर्थात् ५२ प्रतिशत, छात्रा १९ जना अर्थात् ३८ प्रतिशत रहेका छन् । यसमा छात्रको भन्दा छात्राको अवस्था राम्रो छ । निम्न अवस्थामा छात्रा ९ जना अर्थात् १८ प्रतिशत, छात्र १० जना अर्थात् २० जना रहेको छ, यस अवस्थामा केही मात्रले छात्राको भन्दा छात्रको स्तर बढी रहेको छ ।

### ५.२.५ भाव भिव्यक्तिको अवस्था

प्रस्तुत अध्ययन पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरू मध्ये छनोट गरिएका छात्रा र छात्रहरूको आधारमा भावाभिव्यक्ति सम्बन्धी अवस्थाको अध्ययन गरी सस्वरपठनलाई उत्तम, मध्यम र निम्न गरी तीनस्तरमा विभाजन गरी त्यसलाई तालिका र स्तम्भ चित्रबाट स्पष्ट पारिएको छ ।


**तालिका नं. १७**

**भावाभिव्यक्तिको स्थिति**

| क.सं. | स्तर | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | १६ | ३२ | २३ | ४६ |
| २. | मध्यम | २७ | ५४ | १८ | ३६ |
| ३. | निम्न | ७ | १४ | ९ | १८ |
| | जम्मा | ५० | १०० | ५० | १०० |

**चित्र नं. १७**

**भावाभिव्यक्तिको स्थिति**




माथिको तालिका र स्तम्भचित्रमा प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीबाट छनोट गरिएको ५० जना छात्रामध्ये उत्तममा १६ जना अर्थात् ३२ प्रतिशत, मध्यममा २७ जना अर्थात् ५४ प्रतिशत र निम्नमा ७ जना अर्थात् १४ प्रतिशत रहेकाछन् भने कक्षा सातमा अध्ययनरत विद्यार्थीबाट छनोट गरिएका ५० जना छात्रमध्ये उत्तममा २३ जना अर्थात् ४६ प्रतिशत, मध्यममा १८ जना अर्थात् ३६ प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेको पाइयो ।

प्रस्तुत अध्ययनमा छात्रा र छात्रको स्थितिलाई अध्ययन हेर्दा उत्तम स्तरमा पर्ने विद्यार्थीले दिइएको पाठ्य सामग्रीको सस्वरपठन गर्दा पाठको प्रकृतिअनुसार भावलाई बुझि उत्कृष्ट रूपमा पढे । मध्यम स्तरमा पर्ने विद्यार्थीले पाठको भावलाई ठीक ठीकै तरिकाले सन्तुलित रूपमा भाव बुझेर पढे र निम्नस्तरमा पर्ने विद्यार्थीले भावको ज्यादै न्यून तरिकाले ख्याल गरी एकनासले पढेको पाइयो । छात्रा र छात्रको स्थितिलाई तुलनात्मक रूपमा अध्ययन गर्दा उत्तम स्तरमा छात्रा १६ जना अर्थात् ३२ प्रतिशत, छात्र २३ जना अर्थात् ४६ प्रतिशत छात्र भन्दा छात्र १४ प्रतिशतले अगाडि देखिन्छ । मध्यममा छात्रा २७ जना अर्थात् ५४ प्रतिशत, छात्र १८ जना अर्थात् ३६ प्रतिशत रहेका छन् । यसमा छात्राको अवस्था राम्रो देखिन्छ । निम्नस्तरमा छात्रा ७ जना अर्थात् १४ प्रतिशत छात्र ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् । त्यस अवस्थामा केही मात्रामा छात्रको अवस्था राम्रो रहेको पाइयो ।

### ५.२.६ स्पष्ट उच्चारणको अवस्था

प्रस्तुत अध्ययन पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरू मध्ये छनोट गरिएका छात्रा र छात्रहरूको आधारमा स्पष्ट उच्चारणको अवस्थाको अध्ययन गरी सस्वरपठनलाई विभिन्न स्तरमा विभाजन गरी त्यसलाई तालिका र स्तम्भ चित्रबाट स्पष्ट पारिएको छ ।


**तालिका नं. १८**

**स्पष्ट उच्चारणको अवस्था**

| क.सं. | स्तर | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | उत्तम | १२ | २४ | २६ | ५२ |
| २. | मध्यम | २९ | ५८ | १६ | ३२ |
| ३. | निम्न | ९ | १८ | ८ | १६ |
| | जम्मा | ५० | १०० | ५० | १०० |

चित्र नं. १८

स्पष्ट उच्चारणको अवस्था




माथिको तालिका र स्तम्भचित्रमा प्रस्तुत तथ्याङ्कको अध्ययन गर्दा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीबाट छनोट गरिएको ५० जना छात्रामध्ये उत्तममा १२ जना अर्थात् २४ प्रतिशत, मध्यममा २९ जना अर्थात् ५८ प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेकाछन् भने छनोट गरिएका ५० जना छात्रमध्ये उत्तममा २६ जना अर्थात् ५२ प्रतिशत, मध्यममा १६ जना अर्थात् ३२ प्रतिशत र निम्नमा ८ जना अर्थात् १६ प्रतिशत रहेको पाइयो ।

स्पष्ट उच्चारणको अवस्थामा छात्रा र छात्रको स्थितिलाई अध्ययन गर्दा उत्तम स्तरमा पर्ने विद्यार्थीले लिखित सामग्रीलाई सस्वरपठन गर्दा शुद्ध र स्पष्ट रूपमा उत्कृष्ट तरिकाले पढे । मध्यमस्तरमा पर्ने विद्यार्थीहरूले पाठलाई सन्तुलित रूपमा शुद्धसँग स्पष्ट उत्तम अवस्थाका विद्यार्थीहरूले भन्दा केही कम रूपमा पढे । निम्नस्तरमा पर्ने विद्यार्थीले शब्द छोडी बीच बीचमा अल्मलाई वाचन गरेको पाइयो । प्रस्तुत अध्ययनमा छात्रा र छात्रको स्थितिलाई गुणात्मक रूपमा हेर्दा उत्तममा १२ जना छात्र २६ जना मध्यममा छात्रा, २९ जना छात्र १६ जना र निम्नमा छात्रा ९ जना र छात्र ८ जना रहेको पाइयो । उत्तममा छात्रको अवस्था राम्रो, मध्यममा छात्राको अवस्था राम्रो र निम्नमा बराबर जस्तै स्थिति रहेको पाइयो ।

# अध्याय छ

# सस्वरपठनसम्बन्धी समस्या तथा सुझावहरू

## ६.१ सस्वरपठन क्षमताको अध्ययनमा देखिएका समस्याहरू

सस्वरपठन प्रभावकारी, शुद्ध र स्पष्ट हुनका लागि विभिन्न समस्याहरू देखा परेका छन् । हुन त कुनै पनि काम गर्दा बखतमा विभिन्न समस्याहरू भए जस्तै सस्वरपठनमा पनि विभिन्न समस्याहरू रहेका छन् । उच्चारण, गति यति, चिह्न प्रयोग, हाउभाउ जस्ता समस्याहरू सस्वरपठन गर्दा देखिन्छन् । त्यही समस्यालाई यहाँ खोजतलास गर्दै अध्ययन गरिएको छ । सस्वरपठन गर्दा कहाँ वा कुन ठाउँमा कस्तो उच्चारण गर्ने, चिह्नको ख्याल गर्ने कि नगर्ने विधा अनुसार कसरी पठनपाठन गर्ने, शब्द र वाक्यलाई पुनरावृत्ति हुनबाट कसरी बचाउने आदि जस्ता कुरामा ख्याल नपुऱ्याउनाले विभिन्न किसिमका समस्याहरू देखिने गर्छन् । कक्षा सातमा सस्वरपठनको अध्ययन गराउँदा देखिएका विविध समस्याहरू यस प्रकार छन् ।

### ६.१.१ गति-यतिसम्बन्धी समस्या

सस्वरपठनका क्रममा देखिएका विविध समस्याहरू मध्ये गति, यति सम्बन्धी समस्याहरू एक हो । यसमा अध्ययनका क्रममा दिइएको पाठ्य सामग्रीलाई सस्वरपठन अध्ययन गराइएको छ । अध्ययन गर्दा सामुदायिक विद्यालय र संस्थागत विद्यालय छात्रा छात्रको बीचमा प्रकृतिको आधारमा लैङ्गिकताको आधारमा अध्ययन गरिएको छ । सस्वरपठनमा गति यतिलाई हेर्दा १०० जना विद्यार्थीहरूमा ४४ जना मध्यममा र १७ जना निम्नमा रहेका छन् । यो कमजोरीको सङ्केत स्पष्टरूपमा देखिएको छ । पठन सिपमा विद्यार्थीहरूले गति यति मिलाई सस्वरपठन गर्नु पर्दछ । तर अधिकांश विद्यार्थीहरूले गति यति मिलाई सस्वरपठन गरेको पाइएन । यसो हुनुमा विद्यार्थीहरूमा गति यतिको धारणा नहुनु, शिक्षणका क्रममा गति यतिका सम्बन्धमा विशेष ध्यान नपुऱ्याउनु, सस्वरपठनका आधारमा जोड नदिनु, उचित अभ्यासको कमी, विद्यार्थीले अभ्यास नगरेको कारणले यदि गरे पनि निरन्तरता नभएको कारणले, सामाजिक, साँस्कृतिक र वातावरणीय कारणले गर्दा पनि विद्यार्थीहरूको सस्वरपठनमा यस्ता विविधरूपका समस्याहरू देखा परेका छन् । माथिको

अध्ययनमा देखाइएका विविध समस्याहरू सस्वरपठन गराउँदा देखिएका गति-यतिसम्बन्धी समस्याहरू हुन् ।

### ६.१.२ चिह्नसम्बन्धी समस्या

सस्वरपठन गराउँदा देखिएका समस्याहरूमध्ये अर्को समस्या चिह्न सम्बन्धी समस्या हो । विद्यार्थीलाई सस्वरपठनमा चिह्न अनुसार पठनपाठन गर्दा कतै विराउने कतै शब्द छोड्ने, कतै उचित चिह्नको प्रयोग गरी पढ्न नसकेर अर्कोतिर लर्वराउने, चाहे प्रश्नवाचक चिह्न होस् चाहे कमा होउन त्यसलाई ख्याल नगरी कुन चिह्नलाई कसरी वाचन गर्ने र हाउभाउ मिलाउने भन्ने ख्याल गरी पढ्न नसक्नु समस्या हो । यस्ता समस्या उत्पादन हुन्छ । यस्ता विविध समस्या आउनुको कारण विद्यार्थीले हेलचेक्राईको भावनाले हेर्नु, पढ्दा सचेतता नअपनाउनु, अभ्यास नहुनु केही हुँदैन भन्ने क्रम रहनु, शिक्षकले सचेतता नभई पढ्ने पढाउने बानीले पनि यस्तो किसिमको समस्या देखिएको छ । त्यस्तैगरी परीक्षण सामग्रीमा दिइएका चिह्नहरूको राम्रो ख्यालगरी अध्ययन नगर्नु पनि एउटा समस्याको रूपमा लिन सकिन्छ । भाषामा प्रयोग हुने विराम, प्रश्न, अल्पविराम आदि चिह्नहरू प्रमुख रूपमा रहेका हुन्छन् । शिक्षकहरूले यी चिह्नहरूको ख्याल गरी पढ्ने कुरा निर्विवाद छ तर विद्यार्थीहरूले राम्रो ख्यालनगरी पढेबाट यस्ता समस्या देखिन्छ । शिक्षकहरूमा चिह्न प्रयोगसम्बन्धी उचित तालिका उपलब्ध नहुनु पनि एक कमजोरीका रूपमा देखिएको छ ।

### ६.१.३ हाउभाउसम्बन्धी समस्या

प्रस्तुत अध्ययनका क्रममा अधिकांश विद्यार्थीहरूले हाउभाउको ख्याल गरेको पाइँदैन । यसमा पनि मध्यमस्तरमा नै बढी विद्यार्थीहरू रहेका छन् । जसको कारण शिक्षकले हाउभाउको सन्तुलन नमिलाई शिक्षण गर्नु, विद्यार्थीहरूमा हाउभाउको पर्याप्त धारणा नहुनु, हाउभाउसम्बन्धी अभ्यासको कमी हुनु आदिले गर्दा हाउभाउ सन्तुलनमा समस्या हुन गएको पाइन्छ । दिइएका पाठ्यांश अनुसार हाउभाउ पनि मिलाउन सकेका छैनन् । पाठ्यसामग्रीको प्रकृति अनुसार पढ्न नसक्नु, अभिनयको सन्तुलन कायम हुन नसक्न, हाउभाउपूर्ण तरिकाले मुखाकृति, अङ्ग प्रदर्शन आदिको सन्तुलनमा समस्या हुन गएको पाइन्छ ।

### ६.१.४ स्वर प्रसारणसम्बन्धी समस्या

सस्वरपठनका क्रममा विद्यार्थीहको स्वरप्रसारण सम्बन्धी (आरोह, अवरोह, आघात, सुर, अनुतान) आदिको शुद्ध र स्पष्टसँग उच्चारण गर्नु पर्नेमा र लिपिवद्ध सामग्रीलाई वाचन गर्दा कहाँ लय हाल्ने, कहाँ बढी जोडदिने र कहाँ कम जोडदिने भन्ने कुरामा धेरै विद्यार्थीहरूले ख्यालनगरी पठन गरेको पाइयो । यसो हुनुमा उनीहरूको भाषिकप्रभाव, शिक्षण क्रियाकलाप र अभ्यासको कमी आदि रहेको कारणले समस्या भएको पाइन्छ ।

### ६.१.५ विधाअनुसारको भावभिव्यक्तिको समस्या

प्रत्येक पठनमा विधाअनुसार भाव व्यक्त गर्ने तरिका फरक फरक हुन्छ । भाव व्यक्त गर्ने क्रममा गरिएको परीक्षणमा धेरै विद्यार्थीको कमजोरी पक्ष रहेको पाइयो । दिइएका पाठ्यसामग्रीलाई भाव व्यक्त गर्ने क्रममा विद्यार्थीले अलि बढी कमी कमजोरी रहेको पाइयो । यसमा विधाअनुसार भावाभिव्यक्ति गर्न नसक्दा विद्यार्थीको ज्ञान र पठन सिपमा कमी भएको पाइयो । विद्यार्थीहरूमा रूचि र अभ्यासको कमी तथा तालिम प्राप्त शिक्षकको कमी यसका समस्याका रूपमा रहेका छन् ।

### ६.१.६ स्पष्ट उच्चारणसम्बन्धी समस्या

नेपाली भाषा शिक्षणमा सस्वरपठन गर्दा गराउँदा अर्को एउटा समस्या उच्चारण सम्बन्धी समस्या हो । जहाँ उचित सही उच्चारण भएन भने गलत अर्थ लाग्न सक्छ र पठनपाठन गर्दा अर्थको अनर्थ लाग्न सक्छ । उच्चारण सम्बन्धी समस्याले भाषिक सिप आर्जनमा समेत प्रभाव पार्न सक्छ । सस्वरपठन गर्दा शुद्ध र स्पष्ट उच्चारणका साथै पढेका कुराहरू बुझ्न सक्ने हुनु पर्दछ । पठन गर्दा गति यति, हाउभाउ र चिह्नको ख्याल गरी पढ्नु स्वर प्रसारण, भाव उच्चारण आदिको सन्तुलन कायम नभएमा पनि समस्या उत्पादन हुन्छ । सस्वरपठनका माध्यमबाट लिपिबद्ध सामग्रीमा व्यक्त विचार, भाव वा अर्थलाई आवश्यकता अनुकूल उच्चारण गर्न नसके पनि समस्या उत्पन्न हुन्छ । आरोह अवरोह सम्बन्धी यस्तो समस्या देखिनुका कारण अभ्यासको कमी, तालिम प्राप्त शिक्षकको अभाव, प्रभावकारी शिक्षण विधिको अभाव, शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको कमीले गर्दा आरोह र अवरोह सम्बन्धी समस्या देखा परेको छ ।

यसरी यी माथिका समस्याहरूलाई ख्याल गरेर सस्वरपठन गर्ने गरेमा विद्यार्थीहरूको सस्वरपठनको समस्यालाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

क) सस्वरपठनमा कतिपय विद्यार्थीहरूलाई सामग्रीको पठन कार्य गर्दा कहाँ कति विश्राम लिने, कहाँ छिटो वा ढिलो कस्तो अवस्थामा पढ्ने हो सो कुराको ज्ञान नभएको पाइयो । यसकारण विद्यार्थीहरूमा गति, यतिको धारणा नेपाली भाषा शिक्षण गराउने शिक्षकले बसाल्न नसक्नु विभिन्न विधा अनुसार गति, यतिको विविधतामा फरक हुने कुराको जानकारी नगराइएको देखिएको छ ।

ख) सस्वरपठन मौन पठनजस्तो निरस पठन होइन । यो त बोलीको व्यवहार झै आवश्यक ढङ्ग ढाँचामा हाउभाउको परिचालन गरी पढाइमा सजीवता प्रदान गर्ने पढाइ सिपका प्रारम्भिक उत्कृष्ट खुड्किलो हो । यसर्थमा धेरै विद्यार्थीहरूले पढ्दा हाउभाउ, अङ्ग परिचालन आदिको सन्तुलन मिलाउन सकेका छैनन् । यसको कारण शिक्षकले आदर्श पठनको अभ्यास गराउनु विद्यार्थीको उमेर, रूचि, क्षमता अनुसार शिक्षण अभ्यासमा लापरवाही देखाउनु पनि रहेको छ ।

ग) लिखित सामग्रीमा प्रयोग भएका चिह्नहरूको महत्त्व पनि उत्तिकै रहेको हुन्छ । विद्यार्थीले त्यस सामग्री पढ्दा चिह्नको ख्यालगरी पढ्न सक्नुपर्ने हुन्छ । कुन वाक्यमा वा विधामा के कस्तो चिह्नको प्रयोग भएको छ भन्ने कुरालाई ध्यानमा राखी उत्तममा आउने गरी पढ्ने विद्यार्थीको संख्या यस अध्ययनमा छनोट गरिएका विद्यार्थीहरूको न्यून छ । धेरै चिह्नहरूमध्ये उद्गार, अल्पविराम, प्रश्नवाचक उद्धरण चिह्नको प्रयोगसम्बन्धी अभ्यासमा लापरवाही गरेका छन् ।

घ) विद्यार्थीहरूले स्वरप्रसारणअन्तर्गत आरोह, अवरोह, सुर, लय, आदिको केही विद्यार्थीहरूले सन्तुलन नमिलाई अस्पष्ट र अशुद्ध उच्चारण गर्दै पढेको भेटियो । यी कुराहरूमा विद्यार्थीहरूको ध्यान नगई आफ्नै ढङ्ग ढाँचामा विद्यार्थीहरू पढेका देखिन्थे । यसमा कतिपय विद्यार्थीमा अक्षर छोड्ने बानी जिम्मेवारी पूर्ण ढङ्गले पढ्न पढाउन नलगाउने शिक्षकको कारणले पनि भएको के भन्न सकिन्छ ।

ङ) हरेक विधाको पढ्ने ढङ्ग ढाँचा फरक फरक हुन्छ । विधा अनुसार भावाभिव्यक्तिलाई ध्यान दिएको पाइँदैन । धेरै जसो विद्यार्थीले विधामा ध्यान

नदिएको पाइन्छ । जसको कारण शिक्षकले समेत विधागत विविधता सम्बन्धी भावाभिव्यक्ति ख्याल नगर्नु हो ।

## ६.२ सुझावहरू

सस्वरपठनको औचित्य पठन कार्य र बोलाई सिपको प्रभावकारिताको लागि महत्त्वपूर्ण रहने कारणले गर्दा सस्वरपठनको उचित विकास गराउने तथ्यलाई मध्यनजर गर्दै त्यस सम्बन्धी समस्या पहिचान गरी निराकरणका लागि आवश्यक सुझाव सम्बन्धित निकायलाई दिन यो शीर्षक रोजिएको हो । प्रस्तुत अध्ययनलाई विभिन्न शीर्षक उपशीर्षक राखेर व्याख्या विश्लेषण तुलनात्मक अध्ययन गरी त्यसको निष्कर्ष निकाल्दै देखा परेका समस्याहरूको पहिचान र त्यसका कारण पत्ता लगाई उपयुक्त सुझाव समेत दिइएको छ । जसलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

क) प्रत्येक विद्यालयमा तल्लो तहदेखि नै पठन सिपको राम्रो विकास गराउन नेपाली भाषाका दक्ष शिक्षक राख्नु पर्ने देखिन्छ ।

ख) विद्यार्थीहरूलाई सस्वरपठनमा दक्ष बनाउन नेपाली भाषा शिक्षण गर्न अपनाइने क्रियाकलाप बारेमा शिक्षक जानकार रही स्तर सुहाउँदो सस्वरपठन गराउनु उत्तम हुन्छ ।

ग) सस्वरपठनको शिक्षणमा शिक्षकले प्रभावकारी भूमिका निर्वाह गरी अभ्यास गराउनु पर्ने ।

घ) कुन तरिका, प्रविधि, विधि, तौरतरिका आदि अवलम्बन गरी पढाउँदा उनीहरूको स्तर उकास्न सकिन्छ सो बारे शिक्षक सचेत रहेर उपयुक्त तौरतरिका अपनाउनु पर्दछ ।

ङ) तल्लातहका लागि भाषिक सिपको मूल्याङ्कन गर्ने परिपाटीमा परिवर्तन ल्याउनु पर्ने देखिन्छ ।

च) नेपालीभाषा शिक्षण गर्दा आदर्श पठनलाई टेप रेकर्ड गरी विद्यार्थीलाई सुनाउने र त्यसकै आधारमा बोल्न लगाउने परिपाटीलाई अभ्यास गराउँदा सस्वरपठन पनि स्तरीय हुने देखिन्छ ।

छ) विद्यार्थीहरूलाई सही धारणाको विकास गराउन र शिक्षकलाई पनि आदर्श सस्वरपठन गराउनका लागि यसको अनुगमन र सम्बन्धित विषय शिक्षकबाट नै पठनपाठन हुनुपर्ने व्यवस्था कडाइका साथ लागु हुनुपर्दछ ।

ज) विद्यालय प्रशासन र सम्बन्धित विषय शिक्षक तथा सामुदायिक पहल र अभिभावकले विद्यार्थीको स्तर उकास्न पर्नुपर्ने देखिन्छ ।

झ) संस्थागत विद्यालयमा नेपाली बाहेक अन्य सबै विषय अङ्ग्रेजी माध्यमबाट पढाइने र नेपाली पढाउँदा समेत कतिपय अवस्थामा अङ्ग्रेजी प्रयोग गर्ने देखिएको छ । यसलाई कम गर्नका लागि अतिरिक्त नेपाली भाषाको महत्त्व झल्कने कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

ञ) पाठ्यपुस्तकका अतिरिक्त नेपाली माध्यमबाट प्रसारण हुने विभिन्न अन्य साधनहरू पत्रपत्रिका, रेडियो, टेलिभिजन, टेप रेकर्डर आदि सामग्री उपलब्ध गराई विभिन्न कार्यक्रममा विद्यार्थीको सहभागिता बढाउनु पर्ने देखिन्छ ।

ट) सस्वरपठनलाई छुट्टै पूर्ण विधाको रूपमा शिक्षण गरिनु पर्ने आवश्यक देखिन्छ ।

ठ) सस्वरपठनका क्रममा समस्या भएका विद्यार्थीहरूलाई प्राथमिकताका साथ राखी शिक्षण गरिनु पर्ने देखिन्छ ।

ड) गति, यति मिलाएर अङ्ग परिचालन गरेर जोस र जाँगरका साथ सस्वरपठन गर्न विद्यार्थीलाई शिक्षकले प्रेरित गर्ने र त्यसरी सस्वरपठन गर्ने विद्यार्थीलाई स्याबासी दिंदै जानु पर्ने हुन्छ ।

ढ) शुद्ध र स्पष्ट उच्चारणका लागि बारम्बार यसको अभ्यासमा ध्यान दिनु पर्दछ । जसले गर्दा सस्वरपठनमा अझ प्रभावकारिता बढ्ने देखिन्छ ।

अन्त्यमा सस्वरपठनका सन्दर्भमा आवश्यक शर्तहरू पुरा गरी यसका प्रमुख आधारहरूको छुट्टाछुट्टै गर्न र यसमा रहेका नकारात्मक तत्त्वलाइ पन्छाउँदै सकारात्मक तत्त्वहरूको विकास गराउन आवश्यक छ । सस्वरपठन सम्बन्धी विभिन्न तालिम, सेमिनार, गोष्ठी आदि संचालन गरेर उक्त कार्यक्रममा शिक्षण र विद्यार्थी दुवैलाई सहभागी गराउँदा पठन अझ सफल हुने देखिन्छ । संस्थागत विद्यालयमा अङ्ग्रेजी भाषाको बढ्दो प्रभाव र

सामुदायिक विद्यालयप्रतिको नकारात्मक दृष्टिकोण तथा राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा अङ्ग्रेजी भाषाले जमाएको प्रभुत्वको परिवेशमा राष्ट्रभाषाको जगेर्नागर्न नेपालीभाषा शिक्षणको वृद्धि तथा विकास कार्यका लागि सम्बन्धित सबै क्षेत्रको गम्भीर ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

# अध्याय सात
# सारांश र निष्कर्ष

## ७.१ सारांश

नेपाली सस्वरपठनलाई वेवास्ता गरी जस्तोसुकै तरिकाले सस्वरपठन गराइएको वर्तमान परिस्थिति रहेको छ । यस कारण उपयुक्त प्रक्रियाद्वारा सस्वरपठन गर्नु आजको अति आवश्यक पक्ष हो । प्रस्तुत अध्ययन मूलतः सर्वेक्षण पद्धतिमा आधारित रहेको छ । अध्ययनका क्रममा आवश्यक सामग्रीको रूपमा कक्षा सातको नेपाली पाठ्यपुस्तकबाट सामग्री छनोट गरिएको छ । सस्वरपठन गर्न गति, यति, हाउभाउ, चिह्न प्रयोग, स्वर प्रसारण, भावाभिव्यक्ति, स्पष्ट उच्चारणजस्ता विभिन्न उपशीर्षकहरू दिएर अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्य पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन शीर्षकीय शोधपत्रको पहिलो अध्यायमा शोध परिचय

प्रस्तुत गरी दोस्रो अध्यायमा सम्बन्धित विषयको अध्ययनको लागि पूर्वकार्यको समीक्षा र पूर्वकार्य समीक्षाको महत्त्व, सस्वरपठनको सैद्धान्तिक अवधारणा, सस्वरपठनको महत्त्व, सस्वरपठन क्षमता अध्ययनका मुख्य आधारहरू सस्वरपठनमा प्रभाव पार्ने प्रमुख तत्त्वहरू, सस्वरपठनका क्रियाकलाप, सस्वरपठनको आवश्यकता, सस्वरपठनको प्रयोजन समावेश गरिएको छ । प्रस्तुत शोधको तेस्रो अध्यायमा अनुसन्धान गर्दा अपनाइएका विधि र प्रक्रियाहरूका बारेमा जानकारी गराइएको छ । अध्ययन गर्ने क्रममा तथ्याङ्क सङ्कलन गर्नका लागि कक्षा सातको नेपाली पाठ्यपुस्तकबाट गीत, निबन्ध, जीवनी, टिप्पणीबाट एक-एक वटा अनुच्छेदहरू छनोट गरिएको छ । यसक्रममा अनुसन्धानकर्ताले सस्वरपठनका मुख्य आधारहरूमा सीमित रहेर अध्ययन फारम निर्माण गरी त्यसलाई विभिन्न स्तरमा विभाजन गरिएको छ । अध्याय चार, पाँच, छमा व्याख्या तथा विश्लेषण गरी सस्वरपठन क्षमताको अध्ययनमा देखिएका समस्या तथा सुझाव, छात्रा, छात्र बीचको विश्लेषणात्मक अध्ययन, सामुदायिक र संस्थागत विद्यालयको अध्ययन समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको विश्लेषण आदि प्रस्तुत गरिएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षलाई यसरी प्रस्तुत गर्न सकिन्छ । नेपाली भाषा शिक्षणमा सस्वरपठनको महत्वपूर्ण स्थान रहेको छ । अध्ययनका क्रममा पाल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत रामपुर न.पा.का जम्मा १० ओटा विद्यालयमा ५ सामुदायिक र ५ संस्थागत विद्यालयबाट १०० जना विद्यार्थीहरूलाई परीक्षणका रूपमा लिई उनीहरूबाट परिमाणको आधारमा व्याख्या विश्लेषण गरिएको छ । प्रकृतिका आधारमा सामुदायिक र संस्थागत, लिङ्गका आधारमा छात्र र छात्राको अध्ययन गर्ने क्रममा विद्यार्थीहरूले सस्वरपठनलाई आधार मानी उत्तम, मध्यम र निम्नस्तरमा राखी तथ्याङ्क सङ्कलन गरेर व्याख्या विश्लेषण गरिएको छ ।

सस्वरपठनका क्रममा ४०-५० अङ्कसम्म ल्याउनेलाई उत्तम अवस्था, ३०-४० सम्म ल्याउनेलाई मध्यम, ३० भन्दा मुनि ल्याउनेलाई निम्नस्तर गरी विभाजन गरिएको छ । सस्वरपठनका गति, यति, हाउभाउ, चिह्न प्रयोग, स्वर प्रसारण, भाव, स्पष्ट उच्चारण आदिमा आधारित रही विद्यार्थीको अध्ययन गरिएको छ ।

- गति-यति सम्बन्धी गरिएको विश्लेषणका लागि १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालय तर्फ उत्तम १८ जना अर्थात ३६ प्रतिशत, मध्यमा २४ जना अर्थात ४८ प्रतिशत, निम्नमा ८ जना अर्थात १६ प्रतिशत र संस्थागत विद्यालयतर्फ उत्तममा २१ जना अर्थात ४२ प्रतिशत, मध्यममा २० जना अर्थात ४० प्रतिशत र निम्नमा ९ जना अर्थात १८ प्रतिशत रहेका छन् । उक्त अध्ययनमा सबैभन्दा बढी मध्यम स्तरमा ८८ प्रतिशत र सबैभन्दा कम निम्न स्तरमा ३४ प्रतिशत रहेको छ । लिङ्गका आधरमा गरिएको अध्ययनमा मध्यममा छात्र ५४ प्रतिशत र छात्रा ३४ प्रतिशत रहेका छन् । यस अवस्थामा बढी रहेको छ । प्रकृतिको आधारमा पनि मध्यम अवस्थामा सामुदायिक विद्यालय तर्फ ग्रामीण क्षेत्रमा ५० प्रतिशत सहरी क्षेत्रमा ४६.६६ प्रतिशत र संस्थागत तर्फ ग्रामीणमा ४५ प्रतिशत र सहरीमा ३६.६६ प्रतिशत रहेको छ ।

- सस्वरपठनका क्रममा पढ्दा विद्यार्थीहरूको हाउभाउसम्बन्धी अवस्था सामान्य अवस्थामा नै रहेको छ । हाउभाउका संचालनमा सामुदायिक विद्यालयका ५० जना र संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरू मध्ये सामुदायिक विद्यालयतर्फ

उत्तममा १९ जना, मध्यममा २३ जना र निम्नमा ४ जना र संस्थागत तर्फ उत्तममा २२ जना, मध्यममा १९ र निम्नमा ९ जना रहेका छन् । उक्त अध्ययनमा लिङ्गका आधारमा छात्रा तर्फ उत्तममा ३८ प्रतिशत, मध्यममा ४६ प्रतिशत र निम्नमा १६ प्रतिशत र छात्र तर्फ उत्तममा ४४ प्रतिशत, मध्यममा ३८ प्रतिशत र निम्नमा १८ प्रतिशत रहेको छ । त्यस्तैगरी प्रकृतिको आधारमा पनि सामुदायिक विद्यालयको ग्रामीणक्षेत्रमा उत्तममा ३० प्रतिशत, मध्यममा ४५ प्रतिशत, निम्नमा २५ प्रतिशत र सहरी क्षेत्र तर्फ उत्तममा ४३.३३ प्रतिशत, मध्यममा ४६.६६७ प्रतिशत र निम्नमा १० प्रतिशत रहेका छन् । संस्थागततर्फ ग्रामीणक्षेत्र उत्तममा ४५ प्रतिशत, मध्यममा ३५ प्रतिशत, निम्नमा २० प्रतिशत र सहरीक्षेत्रमा उत्तममा ४३.३३ प्रतिशत, मध्यमा ४० प्रतिशत र निम्नमा १६.६६ प्रतिशत रहेका छन् । उक्त अध्ययनमा पाल्पा जिल्लाका कक्षा सातमा अधयनरत विद्यार्थीहरूको सस्वरपठन क्षमता सन्तोषजनक नै रहेको पाइयो ।

) चिह्न प्रयोगको ख्यालगरी पढ्ने विद्यार्थीहरूलाई पनि तीन स्तरमा विभाजन गरिएको छ । सामुदायिक विद्यालयतर्फ उत्तम अवस्थामा ३० प्रतिशत, मध्यममा ४८ प्रतिशत र निम्नमा २२ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयतर्फ उत्तममा ३६ प्रतिशत, मध्यममा ४२ प्रतिशत र निम्नमा २२ प्रतिशत रहेका छन् । त्यस्तैगरी छात्रा र छात्रको अवस्थालाई हेर्दा छात्रा तर्फ उत्तम अवस्थामा २६ प्रतिशत, मध्यममा ५२ प्रतिशत र निम्नमा २२ प्रतिशत रहेका छन् भने छात्र तर्फ उत्तम अवस्थामा ४० प्रतिशत, मध्यममा ३८ प्रतिशत र निम्नमा २२ प्रतिशत रहेका छन् । प्रकृतिका आधारमा पनि सामुदायिक विद्यालयको ग्रामीणक्षेत्रमा उत्तम अवस्थामा ३० प्रतिशत, मध्यममा ५० प्रतिशत र निम्नमा २० प्रतिशत, सहरीक्षेत्र तर्फ उत्तममा ३० प्रतिशत, मध्यममा ४६.६६ प्रतिशत र निम्नमा २३.३३ प्रतिशत र संस्थागततर्फ ग्रामीणक्षेत्रमा उत्तममा ३५ प्रतिशत, मध्यममा ४० प्रतिशत र निम्नमा २५ प्रतिशत, सहरीक्षेत्रमा उत्तममा ३६.६६ प्रतिशत, मध्यममा ४३.३३ प्रतिशत र निम्नमा २० प्रतिशत रहेका छन् । यसमा पनि विद्यार्थीहरूको अवस्था सन्तोषजनक नै रहेको पाइयो ।

) सस्वरपठनमा स्वरप्रसारण सम्बन्धीको अवस्थालाई अध्ययन गर्दा सामुदायिक विद्यालयमा उत्तमअवस्थामा ३२ प्रतिशत, मध्यममा ५२ प्रतिशत र निम्नमा १६

प्रतिशत रहेका छन् भने संस्थागततर्फ उत्तम अवस्थामा ४० प्रतिशत, मध्यममा ३८ प्रतिशत र निम्नमा २२ प्रतिशत रहेका छन् । त्यस्तैगरी छात्रा र छात्रको अवस्थालाई हेर्दा छात्रातर्फ उत्तमअवस्थामा ३० प्रतिशत, मध्यममा ५२ प्रतिशत र निम्नमा १८ प्रतिशत रहेका छन् भने छात्र तर्फ उत्तममा ४२ प्रतिशत, मध्यममा ३८ प्रतिशत र निम्नमा २० प्रतिशत रहेका छचन् । विद्यालयहरूको सस्वरपठन क्षमता सन्तोषजनक रहेको पाइयो ।

) सस्वरपठनमा भाव सम्बन्धीको अवस्थालाई अध्ययन गर्दा सामुदायिक विदालयतर्फ उत्तम अवस्थामा ३६ प्रतिशत, मध्यममा ५० प्रतिशत, निम्नमा १४ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयर्त्क उत्तममा ४२ प्रतिशत, मध्यममा ४० प्रतिशत र निम्नमा १८ प्रतिशत रहेको पाइयो । त्यस्तैगरी प्रकृतिको आधारमा पनि सामुदायिक विद्यालयको ग्रामीण क्षेत्रमा उत्तम अवस्थामा ३० प्रतिशत, मध्यममा ५० प्रतिशत र निम्नमा २० प्रतिशत, सहरी क्षेत्रमा उत्तममा ४० प्रतिशत, मध्यममा ५० प्रतिशत र निम्नमा १० प्रतिशत रहेका छन् । संस्थागत विद्यालयतर्फ ग्रामीण क्षेत्रका उत्तम अवस्थामा ३५ प्रतिशत र सहरी क्षेत्रम उत्तममा ४६.६६ प्रतिशत, मध्यममा ३३.३३ प्रतिशत र निम्नमा २० प्रतिशत रहेको पाइयो । यस तथ्याङ्कको आधारमा पनि सस्वरपठन सन्तोषजनक नै रहेको पाइयो ।

) सस्वरपठनका क्रममा स्पष्ट उच्चारण सम्बन्धी अवस्थाको अध्ययन गर्दा सामुदायिक विद्यालयतर्फ उत्तम अवस्थामा ३४ प्रतिशत, मध्यम ४८ प्रतिशत, निम्नमा १८ प्रतिशत र संस्थागत तर्फ उत्तममा ४२ प्रतिशत, मध्यममा ४२ प्रतिशत र निम्नमा १६ प्रतिशत रहेको पाइयो । त्यस्तैगरी लिङ्गका आधारमा छात्रा तर्फ उत्तममा २४ प्रतिशत, मध्यममा ५८ प्रतिशत, निम्नमा १८ प्रतिशत र छात्रतर्फ उत्तममा ५२ प्रतिशत, मध्यममा ३२ प्रतिशत र निम्नमा १६ प्रतिशत रहेको पाइयो । उक्त अध्ययनमा प्रकृतिको आधारमा पनि विभाजन गर्दा सामुदायिक विद्यालय तर्फको ग्रामीणक्षेत्रमा उत्तममा ३० प्रतिशत, मध्यममा ४५ प्रतिशत, निम्नमा २५ प्रतिशत र सहरीक्षेत्रमा उत्तममा ३६.६६ प्रतिशत, मध्यम ५० प्रतिशत, निम्नमा १३.३३ प्रतिशत रहेका छन् । त्यस्तै संस्थागत तर्फ ग्रामीणक्षेत्रमा उत्तममा ३५ प्रतिशत, मध्यममा ५० प्रतिशत, निम्नमा १५ प्रतिशत र सहरीक्षेत्रमा पनि उत्तममा ४६.६६ प्रतिशत,

मध्यम ३६.६६ प्रतिशत र निम्नमा १६.६६ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा सस्वरपठन सन्तोषजनक नै रहेको पाइयो ।

समग्र रूपमा प्रस्तुत अध्ययनको सस्वरपठन सम्बन्धी देखिएका समस्याहरू तथा सुझावहरूलाई समेट्दै अध्ययनको तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्दै प्रकृति र लैङ्गिकताका आधारमा गरिएका सस्वरपठन क्षमताको अध्ययनको व्याख्या विश्लेषण गरियो ।

## ७.३ उपयोगिता

भाषा शिक्षणमा भाषा सिकाइलाई भन्दा सिपलाई बढी जोड दिइन्छ । भाषिक सिप सिकाइको थालनी सुनाइबाट हुने भएता पनि मूलतः पढाइ सम्बन्धी सिप विकासको केन्द्रीयतामा नै अन्य सिपहरू विकास भएको पाइन्छ । पठन स्पष्ट शुद्ध भएमा नै सुनाइ, बोलाइ अझ लेख्य सिपमा समेत थप मद्दत पुग्न जान्छ । अझ पढाइको कुरा गर्ने हो भने सस्वरपठनबाट नै पढाइ शुद्ध भएर मौन पढ्न, द्रुत पठन र पठन बोध सम्बन्धी सिपको विकास हुन्छ । सस्वरपठनमा यति, गति, हाउभाउ, स्पष्ट, भाव अनुसारको अभिव्यक्ति, स्वर प्रसारण पढाइमा हुने शुद्ध, निख्खता र स्पष्टता देखिएमा उच्चारण वर्ण विन्यासमा पनि प्रशस्त मद्दत पुग्ने देखिन्छ । यी समस्त कुरालाई दृष्टिगत गर्दै सस्वरपठन सम्बन्धी अध्ययनबाट निम्न माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको क्षमता, रुचि र आवश्यकता अनुसार पाठ्यक्रम निर्माण तथा परिमार्जनमा सहयोग पुऱ्याउने भएकाले यो अध्ययन धेरै उपयोगी हुने देखिन्छ । भाषिक सिप विकासका दृष्टिल यस अनुसन्धानले भाषा शिक्षणका क्षेत्रमा धेरै थोरै मात्रामा सहयोग मिल्ने, आगामी दिनहरूमा पाठ्यक्रम र पाठ्यसामग्री निर्माणमा र यस सम्बन्धी हुने अनुसन्धानमा पनि यसले प्रशस्त सहयोग गर्ने देखिएकाले यो अध्ययन निकै उपयोगी हुने अपेक्षा गरिएको छ ।

प्रस्तुत शोधपत्र निम्न लिखित क्षेत्रहरूमा उपयोग गर्न सकिन्छ ।

### ७.३.१ नीतिगत तह

नीतिगततह अन्तर्गत निम्नलिखित उपयोगिताहरूलाई बुँदागत रूपमा प्रष्ट गर्न सकिन्छ :

- सस्वरपठनको अनिवार्य अभ्यास गराउनको लागि पाठ्यपुस्तक तथा पाठ्यक्रम निर्माणकर्तालाई यस शोध अध्ययनले सहयोग पुग्ने आशा राखिएको छ ।
- विद्यार्थीहरूलाई सस्वरपठन सहज तरिकाले गराउन सकिने विधिहरू पत्ता लगाउन पनि पाठ्यक्रम विद्हरूलाई केही न केही सहयोग पुग्न सक्ने देखिन्छ ।
- यस अध्ययनले विद्यार्थीको सस्वरपठन क्षमता विकाससम्बन्धी नीतिनिर्माण तयार पार्नमा सहयोग पुऱ्याउँछ । विद्यार्थीमा सस्वरपठन क्षमता विकास गर्दा कस्ता पाठ्यपुस्तक समावेश गर्ने, शिक्षकहरूलाई के कस्ता तालिमहरू उपलब्ध गराउने, विद्यार्थीलाई सस्वरपठन क्षमताविकास गर्न कस्ता कस्ता क्रियाकलापहरू संचालन गर्ने आदिपक्षमा यस सस्वरपठनलाई प्रभावकारी बनाउन सहयोगी यन्त्र र उपकरणको उपलब्धतामा प्रत्येक विद्यालयमा गराउने खालको नीति निर्माणका लागि पनि यो अध्ययन केही न केही रूपमा उपयोगी बन्न सक्ने देखिन्छ ।
- यस पठनमा लेख्यचिह्नहरूको उपयोग गरी पढ्ने नीति अवलम्न गर्न पनि यो अध्ययन केही न केही उपयोगी हुन सक्छ भन्ने पक्षमा यस अध्ययन केन्द्रित रहेकाले प्रस्तुत अध्ययन नीतिगत तहमा पनि उपयोगी  देखिन्छ ।

### ७.३.२ प्रयोगगत तह

भाषा शिक्षणका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइअन्तर्गत पढाइसिप महत्त्वपूर्ण सिप हो । पढाइ सिपअन्तर्गत सस्वरपठन अत्यन्तै आवश्यक पक्ष हो र यो विद्यार्थीहरूलाई भाषिक व्यवहार संचालन गर्न, आफ्ना अभिव्यक्तिलाई कुशल ढङ्गले प्रस्तुत गर्न र आफूलाई वक्ताको रूपमा परिचित तुल्याउन सस्वरपठन अत्यन्तै उपयोगी देखिन्छ । प्रस्तुत अध्ययनमा विद्यार्थीलाई प्रत्यक्ष रूपमा सस्वरपठन गर्न लगाई उनीहरूले प्रयोग गर्ने गरेको गल्ती कमजोरीका क्षेत्र पहिचान गरी विद्यार्थीलाई सस्वरपठनमा देखिएका समस्याहरूलाई समाधान गर्नका निम्ति आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ । विद्यार्थीले दैनिक प्रयोग हुने विषयवस्तु भएको हुँदा प्रस्तुत अध्ययन प्रयोगगत तहमा पनि अत्यन्तै उपयोगी र सान्दर्भिक रहेको छ । प्रस्तुत अध्ययनको प्रयोगत तहलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ :

- यस अध्ययनले विद्यार्थीहरूको पढाइ क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षणमा सहयोग पुऱ्याउने छ ।
- भाषा  पाठ्यक्रममा समावेश गरिने चारैभाषिक उद्देश्य पुरा हुनेगरी विधागत छनोट तथा विधागत क्षेत्रनिर्धारण गर्न प्रस्तुत अध्ययन सहयोग हुने देखिन्छ ।
- सस्वरपठन सम्बन्धी अध्ययन गर्ने जो कोहीलाई पनि प्रस्तुत शोधपत्रले सहयोग गर्ने अपेक्षा गरिएको छ ।
- सम्बन्धित विषय शिक्षकलाई शिक्षणविधि तथा सामग्रीको निर्माणगर्न समेत यस शोधपत्रले सहयोग गर्नेछ ।
- विभिन्न किसिमका यन्त्र, उपकरण तथा प्रविधिहरूको प्रयोगगरी शिक्षणगर्न शिक्षकहरूलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# सन्दर्भ सामग्रीहरू


अधिकारी, लक्ष्मीप्रसाद (२०७१), ***पूर्वी पाँचथरका कक्षा पाँचमा अध्ययनरत लिम्बू मातृभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०५०), ***नेपाली भाषा शिक्षण,*** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०५४), ***प्रारम्भिक नेपाली शिक्षण,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, माधवप्रसाद र रामप्रसाद गौतम (२०६५), ***नेपाली भाषा र साहित्य शिक्षण,*** काठमाडौं : दीक्षान्त प्रकाशन, कीर्तिपुर ।

ओझा, रामनाथ (२०६५), ***सामान्य भाषाविज्ञान,*** काठमाडौं : वाङ्मय प्रकाशन ।

ओझा, रामनाथ (२०७३), ***माध्यमिक शिक्षक दिग्दर्शन नेपाली,*** काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

ओझा, रामनाथ र मधुसुदन गिरी (२०५८), ***शोध, सिर्जना र संस्कृत काव्यशास्त्र,*** काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

कँडेल, संगिता (२०६९), ***बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर ।

के.सी., विनोद विक्रम (२०६०), ***प्युठान जिल्लाका कक्षा सातमा अध्ययनर मगरभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,*** शिक्षाशास्त्र सङ्काय अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपालीभाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गैरे, शंकरप्रसाद (२०६९), ***सामान्य भाषाविज्ञान,*** काठमाडौं : बृहस्पति पुस्तक प्रकाशन ।

ढकाल, कमलप्रसाद (२०७०), ***बाग्लुङ जिल्लाका कक्षा छ मा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,*** शिक्षाशास्त्र सङ्काय अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपालीभाषा शिक्षाविभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

ढकाल, कमलप्रसाद (२०७३), ***बाग्लुङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,*** शिक्षाशास्त्र सङ्काय अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६७), ***नेपालीभाषा शिक्षण : परिचय र प्रयोग,*** काठमाडौं : शुभकामना प्रकाशन, चाहाचल ।

पौडेल, माधव प्रसाद (२०७०), ***नेपालीभाषा शिक्षण,*** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि. ।

फागो, अम्बरसिंह सुब्बा (२०६६), ***कक्षा तीनमा अध्ययनरत वान्तवा मातृभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,*** शिक्षाशास्त्र सङ्काय अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपालीभाषा शिक्षाविभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०६०), ***स्नातकोत्तर नेपाल शोध विवरण,*** काठमाडौं : न्यू हिरा बुक्स ।

भट्टराई, रामप्रसाद (२०६८), ***भाषिक अनुसन्धान विधि र प्रयोग,*** काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

भट्टराई, शोभाराम (२०६८), ***प्युठान जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,*** शिक्षाशास्त्र सङ्काय अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपालीभाषा शिक्षाविभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०६४), ***नेपाली भाषाशिक्षण परिचय,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, विनिता (२०६९), ***रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,*** शिक्षाशास्त्र सङ्काय अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपालीभाषा शिक्षाविभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

# परिशिष्ट 'क'

## पाल्पा जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमता सम्बन्धी परीक्षणका लागि तयार पारिएको प्रश्नावली

विद्यालयको नाम : मिति :

सामुदायिक/संस्थागत : पूर्णाङ्क : ५०

विद्यार्थीको नाम :

छात्रा/छात्र :

मातृभाषा :

**सस्वरपठनसम्बन्धी अध्ययनमा प्रयोग गरिने दृष्टांश सामग्री**

**एउटै मुटु एउटै मर्म** (गीत)

ढोकाको अघि धुलामा बसी म कति गाउँला ?
हे प्रभु ! तिम्रो मन्दिरभित्र कहिले आउँला ?

आँगनी छेउ गाइने गाउँछ दिलको सबाई
अछुत भाइ हृदय छुन्छ सारङ्गी बजाई ।

सबैको एकै हाड र मासु रङ्ग र रोगन
देहमा दिल, दिलमा ईश्वर अछुत नभन ।

ईश्वरको छोरो, मान्छेको भाइ मान्छेले छुदैन
योभन्दा ठूलो निर्घिनी पाप संसारमा हुँदैन ।

एउटै मुटु, एउटै मर्म, एउटै ईश्वर
भेद र भाव मेटेर पसौँ प्रेमको ईश्वर (कक्षा सातको नेपाली) ।

**साहित्यकार झमक** (जीवनी)

हामी हातमा कलम लिएर कापीमा लेख्न सक्छौं । पुस्तक पल्टाएर सस्वर वाचन गर्न सक्छौं । शिक्षकका प्रश्नको उत्तर तुरुन्तै भन्न सक्छौं । घरबाट हिडेर विद्यालय जान र आउन सक्छौं । हाम्रा शारीरिक अङ्गहरू सबल भएकाले हामीले यस्ता काम सजिलै गर्न

सकेका हौं । कतिपय मानिसका अङ्गहरू विविध कारणले विचलन आएका हुन्छन् । त्यसैले उनीहरू हात चलाउन, हिड्डुल गर्न सक्दैनन् । देख्न, बोल्न, सुन्न पनि सक्दैनन् । तर आफ्नो प्रबल इच्छाशक्ति र साधनाले उनीहरूले असाधारण काम गरेका थुप्रै उदाहरण छन् । आज हामी त्यस्तै एकजना साहित्यकारको बारेमा पढौं ल । उनको नाम झमक घिमिरे हो ।

झमकको जन्म वि.सं. २०३७ असार १ गते धनकुटा जिल्लाको कचिँडे गाउँमा भएको हो । पिता श्रीकृष्णबहादुर र माता आशादेवी घिमिरेको प्रथम सन्तानका रूपमा उनले जन्म लिएकी हुन् । जन्मदा उनी अन्य शिशु झै देखिन्थिन् तर उनलाई मस्तिष्कीय पक्षघात जस्तो गम्भीर रोग लागेको रहेछ । यसकै असरले हुर्कदै जाँदा अरू शिशु सरह उनका हातगोडा सक्रिय हुन सकेनन् । उनको बोली पनि आएन र उनी बहुअपाङ्गताका अवस्थामा रहन पुगिन् । यस्तो अवस्थाकी शिशु झमकलाई उनकी हजुरआमाले बडो स्नेह र ममताका साथ हुर्काउँदै थिइन् । तिनै हजुरआमा एकदिन घरमा झमकमात्र भएको अवस्थामा अचानक परलोक भइन् । आफै हिँड्डुल, दिसा पिसाब गर्न र खान समेत नसक्ने झमकलाई सबै कुरामा अरूको सहयोग चाहिन्थ्यो । यी सबै काम गरेर हुर्काउने स्नेहमयी हजुरआमाको निधनपछि झमकको जीवन झन् कष्टकर बन्यो (कक्षा सातको नेपाली) ।

## सस्वरपठन सम्बन्धी अध्ययनमा प्रयोग गरिने अदृष्टांश सामग्री

**खेलकुद (निबन्ध)**

खेलकुदले मान्छेलाई हुर्कन, बढ्न मात्र होइन, स्वस्थ र तन्दुरुस्त रहन पनि मद्दत गर्दछ । दौड मान्छेका लागि ठूलो औषधी नै हो । बिहानको हलुका दौडले असन्तुलित ढङ्गले मोटाएका मान्छेहरू छरिता भई जीवन सुखमय पार्न सफल भएका उदाहरण प्रशस्तै पाइन्छन् । खेलकुदले मान्छेलाई निकै ठूलो फाइदा गर्छ । खासगरी स्वास्थ्य ठीक पार्ने, अनुशासित जीवन बिताउने, अवसर छोप्न सक्ने व्यक्तित्वको विकास गर्ने जस्ता राम्ररी फाइदाहरू खेलकुदबाट हुन्छ । खेलकुदले शरीर दिमाग स्वच्छ राख्नुका साथै फुर्तिलो र जाँगरिलो बनाउँछ । त्यसकारण मानिसले अनेक प्रकारका खेलहरू खेल्नुपर्छ । खेलकुद र श्रममा पनि खास फरक छैन । त्यसैले कठोर श्रम गर्ने मजदुर र किसानहरू स्वस्थ हुन्छन् । यिनीहरूका लागि व्यायमको आवश्यकता पर्दैन तर केवल मानसिक श्रमका भरमा जीवनयापन गर्नेहरूका लागि भने यो अत्यन्तै आवश्यक छ । त्यसकारण विद्यालयहरूमा

केवल पढाउने काम मात्र नभई खेलकुद पनि अनिवार्य रूपमा रहनुपर्छ (शर्मा ऋषिराम, २०७२, पृ. ३११) ।

**आत्मविश्वास (टिप्पणी)**

आफ्नो विश्वास आफैले गर्न सक्नु नै आत्मविश्वास हो । आत्मविश्वासी व्यक्तिको जीवन सफल हुन्छ । सफलता र आत्मविश्वासका बीचमा नङ र मासुको जस्तै सम्बन्ध रहेको हुन्छ । जीवनमा आइपर्ने समस्या समाधान गरी आफूलाई सफल मानिस सावित गर्न आत्मविश्वासी बन्नुपर्दछ । आत्मविश्वासी बन्न प्रत्येक व्यक्तिमा साहस धैर्य र सकारात्मक सोच चाहिन्छ । मानिसको जीवनमा अनेक समस्याहरू आइपर्दछन् । त्यस्ता समस्याहरूको समाधान गर्न मानिस सक्षम हुनुपर्दछ । आत्मविश्वास लिन सकेमा हरेक प्रकारका समस्याबाट मुक्त हुन सकिनछ । मानिसले जीवनमा आइपर्ने कठिनाइलाई समाधान गर्न हिम्मतको साथ लिनुपर्दछ । आत्मविश्वास भएमा जस्तासुकै समस्या पनि सहजै समाधान हुन्छन् । आत्मविश्वासी व्यक्ति उत्साही हुन्छ र उसको मनोबल सदा उच्च रहनछ । यसैबाट उसको जीवन सार्थक हुन्छ तर आत्मविश्वास कमजोर भएको व्यक्ति जीवनमा आइपर्ने समस्या र अरूको दुर्व्यवहारबाट खिन्न र दुःखी हुन्छ । यसबाट उसका नकारात्मक सोच विकास हुन्छ । नकारात्मक सोचले खराब विचारहरूको सिर्जना हुन्छ । सफलताको सबैभन्दा ठूलो शत्रु भनेकै आत्मविश्वासको कमी हो । विवेकयुक्त लगनशील आत्मविश्वासबाट मात्र असफलतालाई जित्न सकिन्छ भन्ने कुरा हरेक व्यक्तिले बुझ्नु जरुरी छ (गोरखापत्र, २०६५, पृ. ९) ।

# परिशिष्ट 'ख'

## अध्ययनमा छनोट गरिएका विद्यालयहरूको नामावली

### सामुदायिक विद्यालय

१. श्री दरै ठाँटी उच्च माध्यमिक विद्यालय

२. श्री नवदुर्गा माध्यमिक विद्यालय

३. श्री जन विकास उच्च माध्यमिक विद्यालय

४. श्री रामतुलसी माध्यमिक विद्यालय

५. श्री आधारभूत माध्यमिक विद्यालय

### संस्थागत विद्यालयहरू

१. रजघरा अङ्ग्रेजी बोर्डिङ्ग स्कुल

२. रामपुर अङ्ग्रेजी आवासीय उच्च माध्यमिक विद्यालय

३. विजयपुर इङ्गलिस स्कुल

४. भू.पू. सैनिक राइजिङ्ग इङ्गलिस स्कुल

५. आन्नद निकेतन बोर्डिङ्ग स्कुल

# सस्वरपठन अनुसन्धानमा प्रयोग गरिने कक्षा अवलोकन फारम

विद्यालयको नाम : मिति :

प्रधानाध्यापकको नाम :

विषय शिक्षक :

| क्र.सं. | विद्यार्थीको नाम | गति, यति, | | | चिह्न प्रयोग | | | हाउभाउ प्रदर्शन | | | सुर, स्वर प्रसारण, लय र आघात | | | भाव | | | स्पष्ट उच्चारण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न |
| १ | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | |

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम थर | : | राधिका ढकाल |
| जन्ममिति | : | २०४२/४/१० |
| स्थायी ठेगाना | : | पाल्पा |
| नागरिकता | : | नेपाली |
| भाषा | : | नेपाली, हिन्दी, अङ्ग्रेजी |
| बुबा | : | रामभक्त ढकाल |
| आमा | : | भगवती ढकाल |
| पेसा | : | अध्ययन |
| धर्म | : | हिन्दू |
| फोन नं. | : | ९८६७०३५४७० |
| शैक्षिक योग्यता | : | एम.एड. नेपाली अध्ययनरत |
| रूचि | : | अध्यापन |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष |
|---|---|---|
| एस.एल.सी. | श्री दरै ठाँटी माध्यमिमक विद्यालय | २०६० |
| आइ.ए. | शहीद बहुमुखी क्याम्पस | २०६३ |
| बीं.एड. | शहीद बहुमुखी क्याम्पस | २०६७ |
| एम.एड. | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं | २०७३ |